# दार्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### फारुलाचौर, सल्यान, कर्णाली प्रदेश, नेपाल

# भू-उपयोग योजना




## अन्तिम प्रतिवेदन

# विषयसूची


**कार्यकारी सारांश** १

**खण्ड - १: परिचय** ६

**१.१ पृष्ठभूमि** ६

**१.२ भू-उपयोग नीति, कार्य र अभ्यासहरूको समीक्षा** ८

१.२.१ राष्ट्रिय/प्रादेशिक योजना, नीति कार्य र प्रयासहरू ८

१.२.२ पाँचौं पञ्चवर्षिय विकास योजना (२०३२-२०३७) ९

१.२.३ नवौं पञ्चवर्षिय विकास योजना (२०५४-२०५९) ९

१.२.४ दशौं पञ्चवर्षिय विकास योजना (२०५९-२०६४) ९

१.२.५ एघारौ योजनामा भू-उपयोग ९

१.२.६ बाह्रौं योजनामा भू-उपयोग १०

१.२.७ तेह्रौं योजनामा भु-उपयोग १०

१.२.८ चौधौं योजनामा भु-उपयोग ११

१.२.९ पन्ध्रौं योजनामा भु-उपयोग ११

१.२.१० भूमि राजस्व ऐन २०३४ १२

१.२.११ शहरी विकास ऐन २०४५ १२

१.२.१२ जग्गा अधिग्रहण ऐन - २०५३ १३

१.२.१३ वन ऐन २०४९ १३

१.२.१४ राष्ट्रिय शहरी नीति २०६४ १३

१.२.१५ नेपालको संविधान २०७२ १३

१.२.१६ राष्ट्रिय भू-उपयोग नीति २०६८ १३

१.२.१७ राष्ट्रिय भू-उपयोग नीति २०७२ १४

१.२.१८ भू-उपयोग ऐन, २०७६ १४

१.२.१९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ १५

१.२.२० राष्ट्रिय भूमी नीति, २०७५ १५

१.२.२१ भुमी सम्बन्धी नियमहरू, २०७७ १५

१.२.२२ भू उपयोग नियमावली, २०७९ १६

**१.३ अध्ययनको उद्देश्य तथा क्षेत्रहरू** १६

**१.४ अध्ययनको क्षेत्र** १६

**१.५ अध्ययनका सीमाहरू** १७

**१.६ अध्ययन विधि** १७

१.६.१ तथ्याङ्कका प्रकार र स्रोतहरू १९

१.६.२ स्थलगत अवलोकन, जाँचसूची, बैठक तथा छलफल १९

**खण्ड - २: दार्मा गाउँपालिकाको संक्षिप्त वस्तुगत विवरण** २१

**२.१ संक्षिप्त परिचय** २१

**२.२ गाउँपालिकाको प्रशासनिक विभाजन** २१

**२.३ हावापानी** २१

**२.४ जनसाङ्ख्यिक विवरण** २२

२.४.१ जनसङ्ख्याको वितरण तथा घनत्व २२

२.४.२ वडागत जनसङ्ख्याको विवरण २२

२.५ शैक्षिक संस्था सम्बन्धी विवरण २३

२.६ स्वास्थ्य संस्था सम्बन्धी विवरण २४

२.७ कृषि क्षेत्र सम्बन्धी विवरण २४

२.८ आवासीय क्षेत्र तथा मुख्य बजार केन्द्र सम्बन्धी विवरण २५

२.९ व्यवसायीक क्षेत्र सम्बन्धी विवरण २५

२.१० वित्तीय संस्थाहरू सम्बन्धी विवरण २५

२.११ पर्यटकीय, साँस्कृतिक तथा सम्पदा क्षेत्र सम्बन्धी विवरण २६

२.१२ वन क्षेत्र सम्बन्धी विवरण २७

२.१३ नदी, खोला, ताल, सीमसार क्षेत्र सम्बन्धी विवरण २९

२.१४ सार्वजनिक उपयोगको क्षेत्र सम्बन्धी विवरण २९

खण्ड - ३: भू-उपयोगको वर्तमान अवस्था ३१

३.१ भू-आवरण तथा भू-बनोट (Geomorphology) ३१

३.२ भू-प्रणाली, माटो र भू-सामर्थ्यता (Land system, soil and land capability) ३२

३.२.१ माटोको अवस्था ३६

३.३ वर्तमान भू-उपयोग ३६

३.४ भिरालोपन, मोहडा, उचाइ र स्वरूप ३८

३.४.१ भिरालोपन ३८

३.४.२ मोहडा ४०

३.४.३ उचाई ४१

३.५ प्राकृतिक जलनिकास प्रणाली ४२

३.६ प्राकृतिक प्रकोप ४३

३.६.१ बाढी तथा पहिरो संवेदनशीलता नक्सा ४४

३.६.२ भूकम्पीय संवेदनशीलता ४५

खण्ड - ४: भू-उपयोग ढाँचा र परिवर्तन ४७

४.१ वि.सं. २०५९, २०७५ र २०७९ मा भू-उपयोगमा आएको परिवर्तन ४७

खण्ड - ५: भू-उपयोग क्षेत्र निर्धारण ४९

५.१ भू-उपयोगको अवधारणा ४९

५.२ भू-उपयोग क्षेत्र वर्गीकरणका सिद्धान्तहरू ५०

५.३ विधि तथा मापदण्डहरू ५१

५.४ भू-सामर्थ्यता वर्गीकरण तथा पदानुक्रम ५२

५.४.१ सामर्थ्यता वर्ग ५३

५.५ भू-उपयोग क्षेत्र निर्धारण सम्बन्धी ऐन तथा नियमावलीले तोकेको मापदण्ड ५४

५.६ मापदण्ड बमोजिम भू-उपयोग वर्गीकरणको लागि अपनाइएका आधारहरू ५९

५.६.१ कृषि क्षेत्र ५९

५.६.२ आवासीय क्षेत्र ६०

५.६.३ व्यवसायिक क्षेत्र ६०

५.६.४ औद्योगिक क्षेत्र ६१
५.६.५ खानी तथा खनीज क्षेत्र ६१
५.६.६ वन क्षेत्र ६१
५.६.७ नदी र ताल क्षेत्र ६२
५.६.८ सार्वजनिक उपयोग क्षेत्र ६२
५.६.९ सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र ६२
५.५ उपयोग क्षेत्र नक्सा र तथ्याङ्क अध्यावधिक ६२
५.६ हालको भू-उपयोगको आधारमा प्रस्तावित भू-उपयोग क्षेत्रको अवस्था ६२
५.७ वडागत भू-उपयोग वर्गीकरणको अवस्था ६४
५.७.१ भू-उपयोग क्षेत्रका मुद्दाहरू ८१
खण्ड - ६: सबल, कमजोरी, अवसर र चुनौती (SWOT) पक्षको विश्लेषण ८२
खण्ड - ७: भू-उपयोग योजना ८५
७.१ अवधारणा तथा दृष्टिकोण ८५
७.२ दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यहरू ८५
७.३ रणनीतिहरू ८७
७.४ कार्यक्रम - तार्किक ढाँचा विधी (Logical Framework Approach- LFA) ८८
खण्ड - ८: निष्कर्ष र सिफारिसहरू ९२
८.१ निष्कर्ष ९२
८.२ सुझाव ९३
८.३ सिफारिसहरू ९३
सन्दर्भ सामग्रीहरू ९५
अनुसूचीहरू ९६
अनुसूची १: वडास्तरीय बैठकको बैठक पुस्तिका ९६
अनुसुची २: वडा स्तर बैठकको केही झलक (तस्बिरहरू) १०३
अनुसुची ३: मस्यौदा प्रतिवेदन माथि छलफलका तस्वीरहरू १०५

# चित्रहरूको सूची


चित्र नं. १: अध्ययनको अवधारणागत रूपरेखा १८
**चित्र नं. २:** दार्मा गाउँपालिकाको भु-आकृति नक्सा ३१
चित्र नं. ३: दार्मा गाउँपालिकाको वर्तमान भू-उपयोग नक्सा ३७
चित्र नं. ४: दार्मा गाउँपालिकाको प्रस्तावित भू-उपयोग नक्सा ३८
चित्र नं. ५: दार्मा गाउँपालिकाको भिरालोपन नक्शा ३८
चित्र नं. ६: दार्मा गाउँपालिकाको मोहडा नक्शा ४१
चित्र नं. ७: दार्मा गाउँपालिकाको उचाइ नक्सा ४२
चित्र नं. ८: दार्मा गाउँपालिकाको नदी सञ्जालको नक्सा ४२
चित्र नं. ९: गाउँपालिकाको बाढी संवेदनशीलता नक्सा ४५
चित्र नं. १०: दार्मा गाउँपालिका भूमि आवरण नक्सा (२०७५) ४८
चित्र नं. ११: भू-उपयोग नक्साङ्कन ढाँचा ५१
चित्र नं. १२: गाउँपालिकाको प्रस्तावित भू-उपयोग वर्गीकरण ६३
चित्र नं. १३: वडा नं १ को भू(उपयोग वगीकरण नक्सा ६५
चित्र नं. १४: वडा नं २ को भू-उपयोग वगीकरण नक्सा ६८
चित्र नं. १५: वडा नं ३ को भू-उपयोग वगीकरण नक्सा ७१
चित्र नं. १६: वडा नं ४ को भू-उपयोग वगीकरण नक्सा ७४
चित्र नं. १७: वडा नं ५ को भू-उपयोग वगीकरण नक्सा ७७
चित्र नं. १८: वडा नं ६ को भू-उपयोग वगीकरण नक्सा ७९


# तालिकाको सूची


**तालिका नं. १:** गाउँपालिकाको प्रशासनिक एवं जनसाँख्यिक विवरण २१
**तालिका नं. २:** मौसम सम्बन्धी विवरण २२
**तालिका नं. ३:** जनसंख्यासम्बन्धि तुलनात्मक विवरण २२
**तालिका नं. ४:** गाउँपालिकाको वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २२
**तालिका नं. ५:** गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण २३
**तालिका नं. ६:** गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण २४
**तालिका नं. ७:** गाउँपालिकाको मुख्य वस्तीहरूको विवरण २५
**तालिका नं. ८:** गाउँपालिकामा रहेका पर्यटकीय, साँस्कृतिक तथा धार्मिक स्थलहरू २६
**तालिका नं. ९:** गाउँपालिकामा भएका बनहरूको विवरण २७
**तालिका नं. १०:** गाउँपालिकामा भएका नदी, खोला, ताल, सीमासारको विवरण २९
**तालिका नं. ११:** गाउँपालिकाको भू-आवरण तथा भू-बनोट ३२
**तालिका नं. १२:** दार्मा गाउँपालिकको भू-प्रणाली र माटोका प्रकारहरू ३४
**तालिका नं. १३:** माटोको अवस्थाको विवरण ३६
**तालिका नं. १४:** गाउँपालिकाको भू-उपयोग सम्बन्धी विवरण ३६

**तालिका नं. १५:** भिरालोपन (Slope) र क्षेत्रफल ३९
**तालिका नं. १६:** दार्मा गाउँपालिकाका मोहडाको विवरण ४१
**तालिका नं. १७:** नदी, खोला, ताल, सीमसारको विवरण ४३
**तालिका नं. १८:** गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ४३
**तालिका नं. १९:** बाढी संवेदनशील क्षेत्र ४५
**तालिका नं. २०:** वि.सं. २०५९, २०७५ र २०७९ बीचको भू-उपयोग क्षेत्रफलको तुलना ४७
**तालिका नं. २१:** अध्ययन क्षेत्रको भू-उपयोग ५७
**तालिका नं. २२:** विद्यमान भू-उपयोग र प्रस्तावित भू-उपयोग क्षेत्र ६३
**तालिका नं. २३:** वडा नं. १ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल ६४
**तालिका नं. २४:** प्रस्तावित भू-उपयोग क्षेत्रहरू वडा नं. १ का लागि तोकिएका स्थानहरू ६६
**तालिका नं. २५:** वडा नं. २ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल ६७
**तालिका नं. २६:** भू-उपयोग क्षेत्र वडा नं. २ का लागि तोकिएका प्रस्तावित स्थानहरू ६८
**तालिका नं. २७:** वडा नं. ३ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल ७०
**तालिका नं. २८:** भू-उपयोग क्षेत्र वडा नं. ३ का लागि तोकिएका प्रस्तावित स्थानहरू ७१
**तालिका नं. २९:** वडा नं. ४ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल ७३
**तालिका नं. ३०:** भू-उपयोग क्षेत्र वडा नं. ४ का लागि तोकिएका प्रस्तावित स्थानहरू ७४
**तालिका नं. ३१:** वडा नं. ५ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल ७६
**तालिका नं. ३२:** भू-उपयोग क्षेत्र वडा नं. ५ का लागि तोकिएका प्रस्तावित स्थानहरू ७७
**तालिका नं. ३३:** वडा नं. ६ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल ७८
**तालिका नं. ३४:** भू-उपयोग क्षेत्र वडा नं. ६ का लागि तोकिएका प्रस्तावित स्थानहरू ८०
**तालिका नं. ३५:** तार्किक ढाँचा विधी (Logical Framework Approach- LFA) ८८
**तालिका नं. ३६:** गतिविधिहरू र अनुमानित लागत ९०

# कार्यकारी सारांश

नेपालमा भू-उपयोग ऐन- २०७६ लागु भएपश्चात् संघीय, प्रादेशिक र स्थानीय सरकारका भू-उपयोग सम्बन्धी काम, कर्तव्य र अधिकारहरू स्पष्ट भएका छन् । नेपालले समग्र देश भरि नै भू-उपयोग योजना निर्माण गरी कार्यान्वयन गर्न बाँकी नै छ र दार्मा गाउँपालिका पनि यसमा अपवाद छैन । विगतमा विभिन्न राष्ट्रिय नीति तथा योजनाहरूको माध्यमबाट देशमा विद्यमान प्राकृतिक स्रोतहरूको सन्तुलित उपयोगका लागि केही प्रयासहरू हुँदै आएको भएता पनि ती प्रयासहरू पर्याप्त रहेको पाईदैन ।

कर्णाली प्रदेश अर्न्तगत पर्ने सल्यान जिल्लामा रहेको यस गाउँपालिका पूर्वाधार, मानव संशाधन विकास जस्ता हिसावले पछाडी परेको गाउँपालिका भएता पनि यहाँको प्राकृतिक श्रोत साधनको हिसावले अत्यन्तै विकासको सम्भावना बोकेका गाउँपालिका हो । तर विगतका दशकहरूमा जनसंख्या वृद्धि र आन्तरिक बसाई सराईका कारण भू-उपयोगमा निकै परिवर्तन देखिने गरेको छ । विशेषगरी बढ्दो शहरीकरणको कारणले यहाँको कृषियोग्य जमिन घट्दै जानुका साथै कृषिजन्य उत्पादनमा पनि बिस्तारै कमि हुन थालेको अवस्था समग्र सल्यान जिल्ला र दार्मा गाउँपालिकामा पनि विद्यमान रहेको छ ।

वर्तमान अवस्थाको बदलिँदो जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विकास परिदृश्य सँगसँगै दार्मा गाउँपालिका र यस वरपरका क्षेत्रहरूमा विभिन्न प्रयोजनार्थ भू-उपयोगका लागि द्वन्द्व बढेको पाइन्छ । बढ्दो र अव्यवस्थित शहरीकरणका कारणले कृषियोग्य भूमि गैरकृषि उपयोगको लागि हडप्ने प्रवृत्ति तीव्र रूपमा बढ्दै गएको देखिन्छ । यस गाउँपालिकामा अनाधिकृत भूमि प्रयोगको बढ्दो प्रवृत्ति र बढ्दो प्रकोप जोखिम तथा क्रमिक रूपमा जङ्गल र जमिन क्षयीकरण हुदै जानु भू-उपयोगका लागि प्रमुख समस्याको रूपमा विद्यमान रहेको छ । भूमिहीनता, गरीबी र विद्यमान बेरोजगारीका कारणले बसोबासको लागि सार्वजनिक जग्गा हडप्ने र जोखिमयुक्त क्षेत्रहरूमा अतिक्रमण गर्ने प्रचलन बढ्दै गएको छ । भू-उपयोगमा विद्यमान यी मुद्दाहरूले गाउँपालिकाको सन्तुलित र दिगो विकासलाई समेत चुनौती थपेका छन् । यस सन्दर्भमा, दार्मा गाउँपालिकाले सन्तुलित र दिगो विकासमा टेवा पुऱ्याउने हेतुले भू-उपयोग योजना तयार पार्ने पहलकदमी लिएको छ जसको उद्देश्य वातावरण, विकास, खाद्य सुरक्षा, माटो व्यवस्थापन, जलवायु र प्रकोप -उत्थानशिल विकास (Climate and Disaster Resilient Development), र मानव बस्तीहरू बीच सन्तुलन राख्नु हो । यस परियोजनाको उद्देश्य भू-उपयोग ऐन २०७६, लाई आधार मानी यस गाउँपालिका स्तरमा वृहत्तर भू-स्रोत तथा भू-प्रणाली नक्सा, भू-उपयोग क्षेत्र निर्धारण तथा रेखाङ्कन गरि व्यवस्थित, वैज्ञानिक र दिगो भू-उपयोग योजनाको खाका तयार गर्नु हो ।

भू-उपयोग क्षेत्र निर्धारण तथा योजना निर्माण एक बहु-क्षेत्रगत र बहुआयामिक कार्य हो । योजना निर्माणका लागि स्थलगत अवलोकन भ्रमणका साथै अन्य बिभिन्न श्रोतहरूबाट सङ्कलित विभिन्न सूचना तथा तथ्याङ्कहरू जस्तैः भू-उपयोग सम्बन्धि नक्साहरू, भू-उपग्रहीय नक्साहरू, र सामाजिक तथा आर्थिक तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । स्थलगत भ्रमणका क्रममा गाउँपालिका केन्द्र र वडा तहमा निर्वाचित पदाधिकारीहरू, कर्मचारी, स्थानीय समुदाय तथा बुद्धिजीवीहरू, सरोकार निकाय तथा व्यक्तिहरूसँग सामूहिक छलफल तथा परामर्श गरिएको थियो । छलफलका क्रममा भू-उपयोग र विकास गतिविधीका सम्बन्धमा स्थानीय समुदायहरूको बुझाई, वर्तमान अवस्था तथा गतिविधिहरू, स्थानीय सरकारले अवलम्बन गरेका नीति नियमहरू तथा भावी योजनाहरूका सम्बन्धमा सरोकारवालाहरूका सुझाव सङ्कलन गरिएको थियो ।

त्यसैगरि गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति, कार्यक्रम, बजेट तथा गाउँपालिकाले निर्माण गरेका ऐन, नियम, कार्यविधि लगायत भौतिक, सामाजिक, आर्थिक, जनसाङ्ख्यिक, वातावरण तथा पर्यावरण संरक्षण आदिसँग सम्बन्धित प्रकाशित दस्तावेजहरू सङ्कलन गरिएको थियो ।

योजना निर्माणका लागि प्राथमिक तथ्याङ्कका रूपमा भू-उपग्रहबाट लिइएका उच्च गुणस्तरका तस्विरहरू High–resolution satellite imageries, Vector र Raster तथ्याङ्कहरूका साथै अंकीय उच्चता मोडल (Digital Elevation Model –DEM) भौगोलिक नक्सा, भूमि प्रणाली नक्सा, जलवायु, भौगोलिक जोखिम नक्सा, भूमि सामर्थ्यता नक्सा र जलवायु नक्सा प्रयोग गरिएको छ । यसका साथै भू-उपयोग क्षेत्र निर्धारण र योजना निर्माणको लागि अत्यावश्यक भागका रूपमा हालको भू-उपयोगको अवस्था, भू-सामर्थ्यता र माटोको नक्सा समेत तयार गरिएको छ ।

भू-उपयोग क्षेत्र निर्धारणका लागि भू-उपयोग ऐन २०७६, अनुसार १० वटा भू-उपयोगका क्षेत्रहरूलाई आधार मनिएको छ, जसमा मुख्य गरि, भू-उपयोग क्षेत्र १ ले अन्न/खाद्य बाली उत्पादन क्षेत्र, नगदे बालीनाली, पशुपालन, माछा पालन, कृषि वन व्यवस्था लगायत कृषिका लागि उपयुक्त क्षेत्रलाई जनाउँदछ । क्षेत्र २ अन्तर्गत हाल विद्यमान तथा सम्भावित आवासीय उद्देश्यका लागि उपयुक्त हुने स्थानहरू पर्दछन् । क्षेत्र ३ अन्तर्गत व्यावसायिक क्षेत्रहरू पर्दछन् जसमा सेवा प्रदायक सरकारी तथा गैर सरकारी संस्थाहरू रहेका क्षेत्रहरूका साथै व्यापारिक क्षेत्रहरू समेत पर्दछन् । क्षेत्र ४ मा औद्योगिक प्रयोजनका लागि उपयुक्त क्षेत्रहरू पर्दछन् भने क्षेत्र ५ अन्तर्गत हालकायम तथा सम्भावित वन क्षेत्र तथा बाँझो जमिन र सिमसार क्षेत्रहरू रहेका छन्  त्यस्तै क्षेत्र ६ मा सार्वजनिक उपयोगिताका खुल्ला क्षेत्रहरू, क्षेत्र ७ मा खनिज तथा खानी क्षेत्रहरू, क्षेत्र ८ मा सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरू पर्दछन् भने पोखरी, तालतलैया तथा नदी क्षेत्रहरूलाई क्षेत्र ९ मा र बाँकि प्रयोजनमा रहेका भू-भागहरू क्षेत्र १० मा पर्दछन् ।

दार्मा गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लामा पर्दछ । साविकका ढाकाडाम, भल्चौर र दार्माकोट गाविस गरी ३ ओटा गा.वि.स.लाई समावेश गरी स्थापना भएको यस गाउँपालिकाको कुल क्षेत्रफल जम्मा ८१.४६ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको पूर्वमा पश्चिम रुकुमको त्रिवेणी गाउँपालिका र सल्यान जिल्लाको बागचौर नगरपालिका वडा नं. ४, पश्चिममा सल्यान जिल्लाको कुमाख गाउँपालिका, उत्तरमा पश्चिम रुकुम र दक्षिणमा सल्यान जिल्लाको बागचौर नगरपालिका पर्दछन । विश्व मानचित्रमा २८°३०' देखि २८°५०' उत्तरी अक्षांश र ८२°३३' देखि ८२°५५' पूर्वी देशान्तरमा रहेको छ भने समुद्री सतह देखि १०९७ देखि २४८७ मिटर सम्मको उचाइमा अवस्थित छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनसंख्या २०,१३९ रहेको छ । जस मध्यमा महिलाको संख्या ९,७५५ (४८.४ प्रतिशत) पुरुषको संख्या १०,३८४ (५१.६ प्रतिशत) रहेको छ भने ४,२६४ घरधुरी रहेका छन् ।

यस गाउँपालिकामा गरेको एक अध्ययन अनुसार गाउँपालिका भित्र पर्ने अधिकांश भूभाग उर्वर र खेतीपाती लगायतका कृषि गतिविधिहरूको लागि अत्याधिक उपयुक्त रहेको देखाएको छ । औषत आम्दानीको हिसावले सबैभन्दा बढी कृषि व्यवसाय देखिनु नै गाउँपालिकाको कुल क्षेत्रफलमध्ये बढी ४२.०६ भूभाग अर्थात् ५१.६८ प्रतिशत कृषि क्षेत्रले ओगटेको छ ।

वि.सं. २०६० देखि २०८० सालको बीचको २ वर्षको अवधिमा दार्मा गाउँपालिकामा भू-उपयोगका सबै प्रकारहरूमा उल्लेखनीय परिवर्तन भएको देखिन्छ । यो २० वर्षको अवधिमा कृषि क्षेत्रमा आएको कमी तथा आवासीय क्षेत्रमा भएको उल्लेखीय वृद्धिले ती भू-भागहरू क्रमशः बस्ति क्षेत्रमा रूपान्तरण भएको संकेत

गर्दछ । बि.सं.२०७० देखि २०८० को बिचमा पनि अघिल्लो दशकमा भन्दा खासै उल्लेखनीय परिवर्तन भएको देखिदैन ।

भूमी स्रोत व्यवस्थापन परियोजना (Land Resource Management Project –LRMP) को भू-प्रणाली इकाई नक्साङ्कन बमोजिम दार्मा गाउँपालिका भित्रको समग्र भू-भागले भू-प्रणाली इकाई १क, १ख ,१ग , १घ, २क, २ख, २घ, ३क, ३ख, ३ग, ३घ, ४क, ५क, ५ख, ७ र ८ लाई प्रतिनिधित्व गर्दछ । यो भूमि प्रणाली अन्तर्गत पाँगो माटो Active Alluvial Plain (Depositional), Recent alluvial plain 'lower piedmont' (depostional and erosional), Alluvial fan (Apron Comples Upper Piedmont (Erosional)) र बलौटे पत्थरिलो माटो Hilly and Mountainous terrain हरू पर्दछन् । यस भू-प्रणाली इकाई अन्तर्गत यहाँ पाइने माटोका प्रमुख समूहहरूमा Ustorthents Psamments, Ustorthents Fluvaquent, Ustorthents Haploquepts, Haploquepts (Aeric), Haploquepts ustochrepts, Haploquepts Haplustolls, Dystrochrepts Rhodusstalfs, Ustochrepts हुन् ।

दिगो उपयोग अवसरको आधारमा भू-प्रणाली एकाईहरू बालुवा, गिट्टी र गेगर निकाल्न अनि बगर खेतीका लागि प्रयोग गर्न सकिन्छ र विभिन्न भू-भागहरूमा हिउँद याममा भूमिगत जलश्रोत उपलब्ध हुने हुँदा ती भूभागहरू खेतीबालीका लागि उपयुक्त छन् । भू-प्रणाली एकाइ (१) घ ले माथिल्लो फाँट तथा पुरानो नदीतटलाई प्रतिनिधित्व गर्दछ । जहाँ प्रायः मानव बस्तीहरू अवस्थित छन् । यो क्षेत्र तुलनात्मक रूपमा बाढीबाट मुक्त छन् । यी भू-भागमा कृषि सहयोग र सिचाई सुबिधा उपलब्ध पुऱ्याउन सकेमा वर्षभरि नै विभिन्न खाद्यान्न, दलहन तथा तेलहन खेती गर्न सकिन्छ । यस अध्ययनमा माटोको उर्वराशक्ति, भौगोलिक अवस्थिति, भू-क्षय संवेदनशीलता र सतहको पानीको निकास मापदण्डका आधारमा भू-क्षमता मूल्याङ्कन गरिएको छ। माटोको उर्वरताशक्ति, स्थलाकृति (Topography), भू-संवेदनशीलता र जल निकासी मापदण्डमा आधारित रहेर भू-सामर्थ्यता मूल्याङ्कन गरिएको छ । भू-सामर्थ्यता वर्ग १ को भु-स्वरूप एकाई १(क), १(ख) र १ (ग) मा लगभग समथर जमिन (भिरालोपन करिब १ डिग्री) र गहिराई सम्म कृषि योग्य माटोको पहिचान गरिएको छ । यद्यपी यो वर्गको रहेका भू-भागहरूमा खेतीका लागि केही सीमाहरू छन् । तथापी यस्तो भू-भाग सिँचाइका लागि उत्तम हुन्छ र यहाँ विविध बालीनालीहरू, खाद्यबाली, नगदे बाली, र तरकारी बाली उत्पादन गर्न सकिन्छ । उर्वर माटोको अभाव र पानी निकासको सुबिधा उपलब्ध नरहेको अवस्थालाई वैज्ञानिक भूमि तथा माटो व्यवस्थापन अभ्यासमार्फ़त सुधार गर्न आवश्यक छ ।

भू-उपयोग वर्गीकरणमा अपेक्षित बाधा र अवसरका कारक तत्वहरूलाई ख्याल गर्दै बहु-मापदण्डिय (Multi–criteria) विश्लेषण गरिएको छ । भू-उपयोग क्षेत्र निर्धारणका लागि दुई-चरण दृष्टिकोण (Two–step approach) वा वित्रीको प्रयोग गरिएको छ । पहिलो चरणमा भू-उपयोग क्षेत्रका भौतिक तथा जैविक विशेषताहरू जस्तैः भू-सतहको भौगोलिक अवस्थिति, माटो, जलवायु, प्राकृतिक जोखिम, र जल निकासको अवस्था जस्ता भूमिको अर्न्तनिहित क्षमताहरूलाई मध्यनजर गर्दै भू-उपयोग क्षेत्र नक्साङ्कन गरिएको छ । दोस्रो चरणमा उपयुक्त आवासीय, व्यावसायिक, औद्योगिक, सांस्कृतिक, र पुरातात्विक क्षेत्रहरूको पहिचान गरिएको छ । यो विधि प्रकोप जोखिम मूल्याङ्कन, सडक सञ्जाल र सम्पर्क (road network and connectivity), बजार केन्द्र तथा वाणिज्य क्षेत्रहरूको वर्तमान अवस्थामा आधारित छ जसमा भविष्यमा हुनसक्ने सम्भावित विस्तारका साथै ऐतिहासिक, सांस्कृतिक पक्ष तथा मुल्य-मान्यताहरूलाई पनि मध्यनजर

गरिएको छ। भू-उपयोग क्षेत्र निर्धारण तथा नक्साङ्कन गर्दा संघीय/केन्द्र, प्रदेश र स्थानीय सरकारले परिकल्पना गरेको कृषि-पकेट क्षेत्रहरू पनि भू-उपयोग क्षेत्र निर्धारण गर्दा विचार गरिएको छ।

यस योजनामा बहु-मापदण्ड विश्लेषण (Multi–criteria analysis) विधिको अनुसरण गर्दै, दश प्रकारका भू-उपयोग क्षेत्रहरू प्रस्ताव गरिएको छ। यी क्षेत्रहरूमा (१) कृषि, (२) आवास क्षेत्र, (३) व्यवसायिक/वाणिज्य क्षेत्र, (४) औद्योगिक क्षेत्र, (५) खानी तथा खनिज क्षेत्र, (६) वन क्षेत्र (७) नदी, खोला, ताल सिमसार क्षेत्र (८) सार्वजनिक प्रयोगका क्षेत्र (९) सांस्कृतिक र पुरातात्विक क्षेत्र र (१०) नेपाल सरकारले तोकेका अन्य क्षेत्र पर्दछन्।

प्रस्तावित क्षेत्रहरूमा कृषि क्षेत्रले कुल क्षेत्रफलको २९.१४ वर्ग किमी भू-भाग ओगटेको छ, जुन हालको भू-उपयोग भन्दा १२.९२ वर्ग कि.मि. ले कम छ। यस अनुसार कृषियोग्य जमिनको धेरैजसो हिस्सा क्रमशः आवासीय, संस्थागत, व्यवसायिक तथा उद्योग क्षेत्रहरूमा रूपान्तरण हुने देखिन्छ। प्रस्तावित हरित तथा वन क्षेत्रले ३४.३९ वर्ग किलोमिटर ओगटेको छ।

यसैगरी, आवासीय क्षेत्रका लागि १४.३३ वर्ग कि मि प्रस्ताव गरिएको छ जुन हालको आवासीय क्षेत्रको तुलनामा ११.८१ वर्ग किमि बढी हो। वर्तमान जनसङ्ख्या वृद्धिदर ०.०९, केन्द्रीय तथ्याङ्क विभागः CBS २०२१) र द्रुत शहरीकरण दर ३.१% (सहरी विकास मन्त्रालयः MoUD २०१५) लाई ध्यानमा राख्दै यो प्रस्ताव गरिएको हो। यस गाउँपालिका प्राकृतिक श्रोत साधनको हिसाबले अत्यन्तै विकासको सम्भावना बोकेको गाउँपालिका भएको कारणले निकट भविष्यमा यस गाउँपालिकामा तीव्र सहरीकरण, व्यवसायिक तथा औद्योगिक क्षेत्र विस्तार हुन सक्ने आँकलन समेत गरिएको छ।

भू-स्रोतको वैज्ञानिक र बृहत्तर नक्साङ्कन, सामाजिक-आर्थिक र विकास पूर्वाधारहरूको वर्तमान अवस्थालाई मध्यनजर गर्दै भू-उपयोग क्षेत्रको वर्गीकरण गरिएको छ। यस किसिमको भू-उपयोग क्षेत्र वर्गीकरण नक्साले यस गाउँपालिकाको लागि भू-उपयोग योजना तयार गर्नका लागि महत्वपूर्ण आधार तयार पारेको छ। यस योजनामा दीर्घकालिन रूपमा भू-उपयोग योजनाको सफलतापूर्वक कार्यान्वयन गर्नका लागि अति आवश्यक यस गाउँपालिकाका सबल पक्ष, दुर्बल पक्ष, अवसर, र चुनौतिहरूको बस्तुगत विश्लेषण (SWOT analysis) समेत गरिएको छ। सहभागितामूलक छलफल विधीद्वारा तयार गरिएको दार्मा गाउँपालिकाको भू-उपयोग योजना सम्वन्धि दीर्घकालिन सोच यसप्रकार रहेको छ।

**दीर्घकालिन सोच (Vision):** "भूमिको वैज्ञानिक व्यवस्थापनः सामाजिक न्यायमा सुशासन" प्रस्तावित भू-उपयोग योजनाले यस गाउँपालिकामा उपलब्ध स्रोतहरूको अधिकतम दिगो विकास तथा प्रयोगद्वारा गाउँपालिकाको बहुआयामिक सामाजिक तथा आर्थिक विकासको लक्ष्य हासिल गर्ने सोच राखेको छ। यो दीर्घकालिन सोच हासिल गर्नका लागि निम्नानुसारका मुख्य लक्ष्यहरू रहेका छन्: १) भू-उपयोग योजनामा वैज्ञानिक र पारम्परिक ज्ञान दुवै लागु गर्ने, २) वातावरणलाई कुनै बाधा नपुऱ्याई गाउँपालिकाको विकासको लागि प्राकृतिक स्रोतहरूको उपयोग गर्ने, ३) आर्थिक वृद्धि दरलाई तीव्र बनाउनका लागि कृषिको व्यवसायीकरण गर्ने र युवा पिँढीलाई कृषि क्षेत्रमा आकर्षित गर्ने, ४) जमिन खण्डिकरण तथा बाँझो राख्ने र खाली जमिनको अनुचित प्रयोगलाई नियन्त्रण गर्ने, ५) प्रकोप-सम्भावित र अन्य संवेदनशील क्षेत्रहरूमा मानव गतिविधिहरूमा नियन्त्रण गर्ने, ६) आवश्यकताका आधारमा गाउँपालिकाको भू-उपयोग योजनाको नियमित अनुगमन र मूल्याङ्कन गर्ने, ७) फसल-केन्द्रित कृषि क्षेत्र वर्गीकरणको लागि माटो परीक्षण तथा भू-उपयोग नक्साङ्कन गर्ने, ८) सार्वजनिक र निजी क्षेत्रहरूलाई समेत समेट्न उनीहरूको भूमिका र जिम्मेवारी सहितको

शहरी विकास संयन्त्र स्थापना गर्ने, सार्वजनिक र निजी क्षेत्रहरूको भूमिका बढाउने, ९) प्रमुख पूर्वाधार विकासका लागि सम्बन्धित निकायहरूबीच समन्वय स्थापित गर्नु आवश्यक देखिन्छ। यसको कार्यान्वयनको लागि सर्वेक्षण तथा अध्ययन (सम्भाव्यता अध्ययन, विस्तृत रेखाङ्कन) आदि गर्ने। १०) प्रमुख पूर्वाधार विकासका लागि सम्बन्धित निकायहरूबीच समन्वय स्थापित गर्नु आवश्यक देखिन्छ। यसको कार्यान्वयनको लागि सर्वेक्षण तथा अध्ययन (सम्भाव्यता अध्ययन, विस्तृत रेखाङ्कन) आदि गर्ने, ११) जनसङ्ख्या, वातावरण र दिगो विकासका लागि सन्तुलित भू-उपयोग कायम राख्ने र कृषि, वन, आवास, औद्योगिक र व्यवसायिक क्षेत्र, जलाधार क्षेत्र, सार्वजनिक प्रयोग तथा खुल्ला क्षेत्र, सांस्कृतिक र पुरातात्विक र अन्य प्रयोजनको लागि जमिनको वर्गीकरण गर्ने, १२) भौगोलिक विशेषता, भू-सामर्थ्यता र माटोको गुणस्तरको आधारमा त्यस्ता क्षेत्रहरू जुन कृषि उत्पादनका साथै आय आर्जनका लागि समेत तुलनात्मक हिसाबले बढी लाभदायी छन् त्यस्ता क्षेत्रहरू जस्तैः फलफूल, उत्पादन, नगदे बाली, जडिबुटी उत्पादन आदिको पहिचान र वर्गीकरण गर्ने, १३) वातावरणीय सन्तुलनलाई मध्यनजर राख्दै व्यवस्थित आवास, सहरीकरण, औद्योगिकीकरण, र अन्य गैर-कृषि उद्देश्यका लागि जग्गा पहिचान र नक्साङ्कन तथा वर्गीकरण गर्ने।

यस योजनाले उल्लेखित उद्देश्यहरू १५ वर्षमा हासिल गर्ने अपेक्षा राखेको छ जसलाई अल्पकालिन (५-वर्षे), मध्यकालिन (१०-वर्षे), र दीर्घकालीन (१५-वर्षे) योजनाहरूमा विभाजन गरि प्राथमिकता र अनुमानित लागत सहित कार्यक्रमहरू प्रस्ताव गरिएको छ। भू-उपयोग योजनाको महत्वपूर्ण अङ्गको रूपमा योजना कार्यन्वयन, अनुगमन तथा मुल्यांकनमा सहयोगी हुने तार्किक ढाँचा विधी (Logical Framework Approach –LFA) पनि प्रस्तुत गरिएको छ जसमा योजनाले राखेको लक्ष्यहरू, प्रमाणिकरणका आधारहरू/सूचकहरू, स्रोतहरू, र योजनाले तय गरेका लक्ष्यहरू हासिल गर्न आवश्यक अनुमानित सामाजिक तथा प्राकृतिक बस्तुस्थिति समेटिएको छ। अनुमानित लागतका आधारमा विभिन्न समयावधीमा कार्यान्वयन गर्ने गरी विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

# खण्ड - १: परिचय

## १.१ पृष्ठभूमि

भू अर्थात् जमिन एक महत्वपूर्ण र बहुमूल्य प्राकृतिक संसाधन हो । बदलिँदो विश्व परिवेशमा समस्त मानव समुदायको आर्थिक सामाजिक विकास तथा गुणस्तरीय जीवन उपलब्ध समग्र भू-संसाधनहरूको बुद्धिमानी उपयोगमा निर्भर गर्दछ । यसका साथै सबै प्रकारका मानवीय गतिविधि तथा उत्पादन र विकासका आधारभुत आवश्यकता समेत भू-संसाधनको बुद्धिमानी उपयोगीतामा निर्भर गर्दछ । तसर्थ, भू-संसाधनको उचित प्रयोग र व्यवस्थापनले मात्र मानव आवश्यकताहरूको परिपूर्ति गर्दछ । मानविय आवश्यकताहरू परिपूर्तिका लागि उपलब्ध भू-सतहका संसाधनहरूको प्रयोग गर्नुलाई भु-उपयोग भनिन्छ । भु-उपयोगले भूमिमा आधारित पर्यावरण संसाधन जस्तैः माटो, भू-स्वरूप, जलस्रोत, वनस्पति, खनिजको व्यवस्थापनसँग सम्बन्धित मानवीय गतिविधिहरूलाई प्रतिबिम्बित गर्दछ । यसैले सीमित भू-संसाधनहरूको उत्तम उपयोग गर्नका लागि उपयुक्त भू-उपयोग नीति तथा अभ्यास अपरिहार्य छ ।

भू-उपयोगका उत्तम विकल्पहरू छनौटका लागि भूमि र पानीको सामर्थ्य, भु-उपयोगको विकल्प, आर्थिक र सामाजिक अवस्थाको व्यवस्थित मूल्यांकन नै भू-उपयोग योजना हो । आजीविकाका मागहरू पूरा गर्नका साथै, प्रकोप जोखिम व्यवस्थापनको लागि भू-उपयोग योजना एक आधारभूत विकल्प हो ।

भू-उपयोग योजनाको उद्देश्य जग्गा उपयोगकर्ताहरूलाई दिगो रूपमा फाइदा पुऱ्याउनुका साथै भू-स्रोत र वातावरणलाई संरक्षण गर्नु हो नकी ती संशाधनहरूको द्रुत विनास । विभिन्न भू-संसाधनहरू जस्तैः कृषि भुमि, वन, चरन क्षेत्र, शहरी बसोबास, पार्क, र संरक्षण क्षेत्रहरूको उत्पादकत्वमा ह्रास आउन नदिनका लागि ती संसाधनहरूको व्यवस्थित उपयोग हुनु जरुरी छ । व्यक्तिगत भू-उपयोगकर्ता र समाज दुबैलाई अधिकतम फाईदा पुऱ्याउनका लागि तिनीहरूको उचित उपयोग हुनुपर्दछ । भू-उपयोग योजनाले भू तथा वातावरणीय स्रोतहरूको दुरूपयोग, अत्याधिक उपयोग तथा न्यून उपयोगबाट जोगाउनुका साथै उचित भूमि व्यवस्थापन अभ्यासमार्फत सामाजिक तथा आर्थिक लाभ र वातावरणको बिचमा अधिकतम सन्तुलन कायम गर्न मद्दत गर्छ ।

योजनाले आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूमा फाइदाहरू पुऱ्याउनुका साथै परम्परागत प्रकोप न्युनीकरण र खासगरी बाढी र पहिरो जस्ता प्रकोप पछिको सहायतामाथिको निर्भरतालाई कम गर्दै बाढी र पहिरो प्रकोप व्यवस्थापनमा ठोस रूपमा सहयोग गर्दछ । भू-उपयोग योजना निर्माणका लागि महत्वपूर्ण मानिने जोखिम नक्साहरू बनाउन विशेष प्राविधिक सीपहरूको आवश्यकता पर्छ । जोखिमका क्षेत्रहरू पहिचान तथा परिभाषित गर्न, नियन्त्रण गर्न र सम्भावित भू-उपयोगका क्षेत्रहरू निर्धारण गर्न रिमोट सेन्सिङ् (remote sensing) र भौगोलिक सूचना प्रणाली (geographical information system) जस्ता प्रविधि तथा उपकरणहरू अत्यावश्यक हुन्छन् । यसका लागि राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका विभिन्न नियम तथा कानून अन्तर्गत निषेध र नियन्त्रण गर्न जरुरी देखिन्छ ।

यसका बावजुद भू-उपयोग योजनाका विभिन्न कमी कमजोरीहरू छन् । पहिलो, विकासमा नियन्त्रण गर्दा आर्थिक वृद्धिमा नकारात्मक असर पर्न सक्दछ र खासगरी आर्थिक मन्दीको समयमा स्थानीय अर्थतन्त्रलाई सङ्कुचित बनाइदिन सक्दछ । दोस्रो, यसको परिणामस्वरूप बाढीको निश्चित तहसम्म निर्मित वातावरणसँग अनुकूलन तथा विमा खरिदका अन्य विकल्पहरू समेत खुल्न सक्छन् । रोचक पक्ष त यदि भू-उपयोग योजनाले

सुरक्षा सवाललाई मात्र जोड दिनुको सट्टा बाढी र यसबाट निर्माण हुने समतल भू-भागका फाइदाका बारेमा वृहत्तर चासो दिन सकेमा यो अझ बढी प्रभावकारी र सामाजिक हिसाबले स्विकार्य हुन सक्दछ ।

'नेपालको संविधान २०७२', भाग ४ को 'निर्देशक सिद्धान्त, नीति र राज्यको दायित्व' अन्तर्गत धारा ५१ "राज्यका नीतिहरू" उपधारा (ङ) (३) मा विभिन्न प्रयोजनका लागि जग्गा व्यवस्थापन र भू-उपयोग अभ्यासको आवश्यकता उल्लेख गरेको छ । यसले कृषि उत्पादन सुधार र अन्य गतिविधिहरूका लागि नीतिहरूलाई अङ्गीकार गर्दछ । कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषकहरूका अधिकार तथा चासोहरूलाई संरक्षण र प्रबर्द्धन गर्दै भू-उपयोग निती अनुसरण गरेर मात्र भू-व्यवस्थापन, व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण, र कृषिको आधुनिकीकरण सम्भव हुने कुरा संविधानमा अभिव्यक्त भएको छ । उप-धारा (ङ) (४) मा अन्य कुराका अलावा भूमिमा आधारित उत्पादकत्व, भूमिको प्रकृति, र पर्यावरणीय सन्तुलनलाई नियमन र व्यवस्थापन गर्दै भूमिको उचित उपयोग गर्ने बारेमा उल्लेख गरिएको छ । संविधानमा उल्लेखित यी निर्देशन तथा व्यवस्थाहरूलाई पछ्याउदै, "स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले उचित भू-उपयोग योजना निर्माण र भू-वर्गीकरण मार्फत् स्थानीय स्रोतसाधनको व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेको छ ।

नेपालको संघीय लोकतान्त्रिक संविधानले स्थानीय सरकारलाई स्वायत्त सरकारको रूपमा परिभाषित गर्दै सार्वजनिक चासोका कार्यक्रमहरू जस्तैः भू-उपयोग, कृषि, सडक, वातावरण आदिका बारेमा योजना, नीति र कार्यक्रम विशेष अधिकार प्रदान गरेको छ । त्यसैले प्रत्येक स्थानीय निकायले स्थानीय आवश्यकता अनुसारका सुधारका कामहरू गर्नुपर्ने हुन्छ । देश नयाँ संघीय संरचनामा प्रवेश गरेसँगै धेरै स्थानीय पालिकाहरूको भौगोलिक सिमाङ्कनमा परिवर्तन आएको हुँदा धेरै चुनौतिहरूको सामना गर्नु परिरहेको छ । त्यस्ता धेरै स्थानीय निकायहरूमा आइपरेका चुनौतीहरू निम्नानुसारका छन्:

- पालिकाहरूको नयाँ सीमाङ्कन सँगै थप पूर्वाधार विकास आवश्यक देखिन्छ ।
- गाउँपालिकाभित्र भौतिक तथा सामाजिक पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने आर्थिक स्रोत व्यवस्थापनका लागि विभिन्न आम्दानीका क्षेत्रहरूको पहिचान गर्न आवश्यक छ । यसका लागि उनीहरूले शुन्यबाट शुरु गर्नुपर्नेछ ।
- ठूलो भौगोलिक क्षेत्रका कारण पालिकाहरूको आफ्नो क्षेत्रभित्र प्रकोप जोखिम र व्यवस्थापन लगायतका विभिन्न चुनौतीहरू छन् । त्यस्ता चुनौतीहरूबाट पार पाउन उनीहरूको भौगोलिक क्षेत्र भित्रको विस्तृत जानकारी आवश्यक पर्दछ ।
- गाउँपालिकाभित्र दिगो विकासका लागि भू-उपयोग र वातावरणीय व्यवस्थापनलाई जिम्मेवारीपुर्वक निर्वाह गर्न आवश्यक छ र यसका लागि उनीहरूले धेरै काम गर्नुपर्दछ ।
- गाउँपालिकाको वातावरणमैत्री दिगो विकासका साथसाथै स्थानीय बासिन्दाहरूको आजिविकाको व्यवस्था समेत गर्नुपर्दछ ।

यी चुनौतीहरूलाई सम्बोधन गर्नका लागि गाउँपालिकाले भू-उपयोग योजनाका विषयमा एउटा विस्तृत डाटाबेस तयार गर्नुपर्दछ । त्यसकारण केन्द्रीय र प्रादेशिक सरकारले उपलब्ध गराएको भू-उपयोग योजना निर्माण ढाँचामा आधारित रही यस "दार्मा गाउँपालिका, सल्यानको भू-उपयोग योजना निर्माण" गरिएको छ ।

## १.२ भू-उपयोग नीति, कार्य र अभ्यासहरूको समीक्षा

भू-उपयोगलाई विभिन्न तरीकाले परिभाषित गरिएको छ। भू-आवरण र भू-उपयोगलाई विभिन्न प्राकृतिक घटनाहरू जस्तैः जलवायु परिवर्तन, खाद्य सुरक्षा, मानव स्वास्थ्य, शहरीकरण, जैविक विविधता, बाह्य बसाइसराइ, र वातावरणीय शरणार्थी, जलश्रोतको उपलब्धता र गुणस्तर, पारिस्थितिक प्रणाली र अरु धेरै विषयहरूसँगको अन्तर्सम्बन्धका रूपमा हेरिएको छ जुन, स्थानीय साथै विश्व परिवर्तनको महत्वपूर्ण कारणहरू हुन् (Turner et al 1995 1995 VerÙ Verburg / Veldkamp 2005Ù Lambin and Geist 2006)।

भू-उपयोगले सामाजिक, आर्थिक र वातावरणीय प्रणालीका साथै बन्द व्यापारको स्थिरता, खाद्य सुरक्षा, जैविक विविधता र भूमण्डलीकृत परिवर्तनले व्यक्ति र जैविक प्रणालीमा पार्ने जोखिममा महत्वपूर्ण प्रभाव पार्दछ। समयक्रमसँगै भू -आवरण परिवर्तन एक सामान्य घटना हो जुन कहिलेकाहीँ एक भू-आवरणले अर्को भू-आवरणलाई पूर्णरूपमा विस्थापित गर्दछ। उदाहरणका लागि वनजङ्गल फँडानी वा बढ्दो खाली जमिन। भू-उपयोगको परिवर्तनले भू-आवरण प्रकारको परिमार्जनलाई समेत जनाउँछ। उदाहरणका लागि कृषि व्यवस्थापनमा वृद्धि तथा कृषि प्रणालीमा आएका परिवर्तनहरू आदि (Lesschen et al. 2005). भू-उपयोगले खाद्य सुरक्षाको व्यवस्थापन, सामाजिक तथा आर्थिक जोखिम, भूमि व्यवस्थापन र मानव तथा प्राकृतिक स्वास्थ्यमा आउने विकासमा महत्वपूर्ण भूमिका खेल्दछ।

तसर्थ भू-व्यवस्थापनका समस्या र चुनौतीहरूलाई सामना गर्न व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना आवश्यक छ। विद्यमान खाद्य सुरक्षा समस्याहरूलाई सामना गर्न, जोखिम र प्रकोपहरूलाई कम गर्न, जलवायु परिवर्तन अनुकूलन गर्न, र वातावरणीय व्यवस्थापन, वातावरण मैत्री, र दिगो विकासलाई प्रवर्द्धन गर्नका लागि त्यसैसँग तादाम्यता मिल्ने गरी निश्चित भू-भागको भू-उपयोग योजना बनाउनु पर्दछ। त्यसकारण कुनै पनि प्रशासनिक तथा भौगोलिक इकाईको भू-उपयोग योजना निर्माणले भविश्यमा भूमिको गुणस्तरमा सुधार र भूमिको मैत्रीपूर्ण प्रयोगका लागि सिफारिश गर्दछ। वातावरण मैत्री दिगो विकासको फराकिलो लक्ष्यको साथ भविष्यमा वातावरणमैत्री दिगो विकासको लक्ष्यको साथ यसको अर्थपूर्ण प्रयोगको लागि सिफारिश गर्दछ। भू-उपयोग योजना रूपरेखाभित्र भू-उपयोग योजनालाई आवश्यक पर्ने अनेक तथ्याङ्कहरू पर्दछन्। ती मध्ये केही तथ्याङ्कहरू उपलब्ध पछिल्ला प्रकाशित प्रतिबेदनहरू, नक्साहरू, satelite imageries तथा फोटोबाट चित्रण गर्न सकिन्छ भने बाँकी प्रत्यक्ष अवलोकन भ्रमण, सामाजिक सर्वेक्षण र स्थलगत अनुसन्धानबाट सङ्कलन गर्न सकिन्छ। यसरी सङ्कलन गरिएका जानकारी तथा तथ्याङ्कहरूलाई एकल मञ्च विधीभित्र समावेश गराउने कुरा प्रायः अलि बोझिलो नै हुन्छ। यसका बाबजुद विश्लेषणका लागि समष्टिगत विधीलाई अपनाउने कुरा सधै सुरक्षित हुन्छ।

### १.२.१ राष्ट्रिय/प्रादेशिक योजना, नीति कार्य र प्रयासहरू

भू-उपयोग क्षेत्र र योजनालाई संकेत गर्ने विभिन्न सान्दर्भिक योजनाहरू, नीति/रणनीति, ऐन र प्रयासहरूको छोटो समिक्षा निम्न रूपमा प्रस्तुत गरिएको छः

वि.सं. २००७ साल अघि शाही आदेशहरू नेपालमा भू-उपयोगको लागि मार्गनिर्देशनको रूपमा प्रयोग गरिन्थ्यो। वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि परम्परागत भूमि प्रणाली परिवर्तन गरि नयाँ सुरू गरियो। वि.सं. २००७ सालमा जागीर प्रथा, वि.सं. २०१६ सालमा बिर्ता प्रणाली, वि.सं. २०२१ सालमा रकम र सन् वि.सं. २०२५ सालमा किपट प्रणाली खारेज भयो। नेपालको प्रथम व्यवस्थित कानून मुलुकी ऐन (वि.सं. १९१०) लाई वि.सं. २००८ सालमा संशोधन गरिएको थियो। यस ऐनले कर छुटमार्फत् जग्गाको

दावी गर्ने र यदि जग्गा मालिकले जमिनको सही प्रयोग नगरेको खण्डमा भूमि स्वामित्व अधिकारको हस्तान्तरणलाई जोड दियो ।

### १.२.२ पाँचौं पञ्चवर्षिय विकास योजना (२०३२-२०३७)

पाँचौं पञ्चवर्षिय विकास योजनाले मुलूकमा पहिलो पटक भू-उपयोग नीति ल्यायो । यसले चरन क्षेत्रको विकास र वन्यजन्तुहरूको संरक्षण गरी उच्च पहाडी क्षेत्रहरूमा पशुपालन उत्पादन र पर्यटनको बृद्धिलाई प्रोत्साहित गऱ्यो ।

### १.२.३ नवौं पञ्चवर्षिय विकास योजना (२०५४-२०५९)

नवौं पञ्चवर्षिय विकास योजनामा भू-नक्साङ्कन मार्फत् भू-उपयोग योजनाको अवधारणामा जोड दिइयो । यसको उद्देश्य : (क) जमिनको वर्गीकरण मार्फत् भू-उपयोग योजना कार्यान्वयन गरेर दिगो भू-उपयोग गर्ने (ख) कृषि उत्पादन, वातावरणीय संरक्षण, र अन्य विकासहरूमा भू-उपयोग योजनाको भूमिका र महत्वका बारेमा मानिसहरूलाई सचेत गराउने; (ग) प्राविधिक र संस्थागत क्षमताको सुदृढीकरण, र (घ) जमिन बाँझो राख्ने अभ्यासलाई निरुत्साहित गर्ने परिकल्पना गरिएको दिगो भू-उपयोगको लक्ष्य हासिल गर्नु हो ।

### १.२.४ दशौं पञ्चवर्षिय विकास योजना (२०५९-२०६४)

दशौं पञ्चवर्षिय योजनाले ग्रामीण जनसङ्ख्याको आर्थिक उत्थानका लागि ग्रामीण पूर्वाधार विकासको आवश्यकताको कल्पना गरेको छ । यसमा कृषि अभ्यासको निरन्तर आधुनिकीकरण; र बढेको कृषि उत्पादनको लागि युक्तिसंगत मूल्य निर्धारण नीति पर्दछन् । यसले गरिबी निवारण गर्नका लागि ग्रामीण उर्जा विकास कार्यक्रममार्फत् ग्रामीण अर्थव्यवस्थाको विकासमा जोड दिन्छ । नवौं (२०५४- २०५९) र दशौँ पञ्चवर्षीय योजना (२०५९-२०६४) द्वारा निर्देशित भई नेपाल सरकार भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयले स्थानीय प्रशासनिक स्तर (गाउँ विकास समिति)मा भू-स्रोत नक्सा तयार गर्न वि.सं. २०५७/०५८ मा राष्ट्रिय भू-उपयोग परियोजना स्थापना गऱ्यो जुन भू-उपयोग क्षेत्रको नक्साङ्कनको आधारको रूपमा प्रयोग गरिएको थियो ।

### १.२.५ एघारौ योजनामा भू-उपयोग

वैज्ञानिक भूमि सुधारको कार्यान्वयन मार्फत न्यायोचित भूस्वामित्व तथा बैज्ञानिक भूमि व्यवस्था प्रणालीको स्थापना गरी कृषकहरूको जीवनस्तरलाई संमृद्ध बनाउदै अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउने दीर्घकालीन सोच सहित एघारौ योजनाको शुरुआत गरिएको थियो । उक्त उद्देश्य पुरा गर्नका लागि बैज्ञानिक भूमिसुधारको आधार तयार गर्दै भूमिको न्यायोचित वितरण मार्फत गरिबी निवारण, खाद्य सुरक्षा तथा भूमि व्यवस्थापनलाई न्यायोचित, उत्पादनमूलक र स्रोत संरक्षणशील बनाउन भूमिहीन अव्यवस्थित बसोबासी; मुक्त कमैया तथा मोहीहरूको भूमि माथिको अधिकार सुनिश्चित गर्नु, भूमिको उत्पादकत्व बृद्धि गर्न दीर्घकालीन भूमि नीति र भू-उपयोग नीतिको निर्माण गर्नु, सरकारी तथा सार्वजनिक जग्गा र प्राचीन सम्पदा एवं गुठीको संरक्षण र सम्बर्द्धन गर्नु र भूमिप्रशासन सेवा प्रवाहलाई प्रभावकारी बनाउनु तथा भूमिसम्बन्धी विवाद निरुपण गर्नु जस्ता उद्देश्यहरू राखिएको थियो ।

यि उद्देश्यहरु पुरा गर्न सुकुम्वासी, भूमिहीन अव्यवस्थित वसोवासी लगायत भूमिसम्बन्धी विभिन्न समस्याहरू समाधान गर्न उच्चस्तरीय भूमि आयोगको गठन गर्ने, कृषि मजदूर, दलित, आदिवासी, जनजाती, मधेशी, महिला लगायतका भूमिहीन, अव्यवस्थित वसोवासी तथा सुकुम्वासीहरूको भूमिमा पहूँच पुऱ्याउन

प्राथमिकताकासाथ जग्गा वितरण तथा व्यवस्थापन गर्ने, महिलाहरूको भूमिमाथिको अधिकार सुनिश्चित गर्न मुक्त कमैया एवं भूमिहीन/सुकुम्वासी/अव्यवस्थीत वसोवासीहरूलाई जग्गामा भोगाधिकार उपलव्ध गराइदा पति/पत्नीको नाममा संयुक्त रुपमा जग्गाधनी प्रमाणपूर्जा उपलव्ध गराइनेछ र महिलाको नाममा जग्गा खरिद गर्दा लाग्ने रजिस्ट्रेशन दस्तुरमा ५०% छुट दिने, वैज्ञानिक भूमिसुधारको आधारहरू तयार गर्ने, भूमिसम्बन्धी सम्पूर्ण क्रियाकलापलाई निर्देशित गर्ने गरी राष्ट्रिय भूमि नीतिको तर्जुमा गरी लागू गर्ने आदि जस्ता कार्यक्रमहरू अघि सारिएको थियो ।

### १.२.६ बाह्रौं योजनामा भू-उपयोग

११ औ योजनाकै दीर्घकालीन सोच राखी तयार गरिएको यो योजनाले राष्ट्रिय भूमिनीतिको माध्यमबाट सामाजिक द्वन्द न्यूनीकरण गरी शासकीय व्यवस्थालाई प्रभावकारी बनाई भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने, भुमिको अधिकतम सदुपयोग तथा उत्पादकत्व वृद्धि गर्नका लागि जनसंख्या, वातावरण र दिगो विकासको दृष्टिकोणबाट सन्तुलित रुपमा भूमिको उपयोग गर्ने, भूमि प्रशासन कार्यलाई सरल, स्वच्छ, पारदर्शी एवं वैज्ञानिक बनाई सेवा प्रवाह कार्यमा प्रभावकारिता ल्याउने उद्देश्य अघि सारेको थियो । ती उद्देश्य पुरा गर्न भू-सूचना तथा अभिलेख कार्यक्रम अन्तर्गत जग्गा प्रशासनसँग सम्बन्धित मोठ स्रेस्ता र नक्सा सम्बन्धी तथ्यांङ्कहरूलाई कम्प्युटर प्रणालीमा आबद्ध गर्ने, कम्प्युटरमा आधारित भू-सूचना प्रणालीको स्थापना गर्ने, सर्वसाधारण जनतालाई एकद्वार प्रणालीवाट छिटो, छरितो, सरल र प्रभावकारी जग्गा प्रशासन सम्बन्धी सेवा/सूचना उपलब्ध गराउन कित्ता नापी फिल्डबुक स्क्यानिङ गरी सुरक्षित राख्ने, कार्यलाई निरन्तर दिने, नापी कार्यालयहरूमा रहेको नक्साको विवरणहरूको Geo-database तयार गर्ने जस्ता कार्यक्रमहरू अघि सारिएको थियो ।

त्यस्तै, राष्ट्रिय भू-उपयोग कार्यक्रम अन्तर्गत भौगालिक विशेषता, जमीनको गुण, उर्वराशक्ति, क्षमता अनुरुप भूमिलाई वर्गीकरण गरी कृषि उत्पादन वृद्धि, विशिष्टीकरण र विविधीकरण गर्ने, जैविक विविधता संरक्षण, सम्वर्द्धन र विकास गर्ने, वातावरण र बसोबास, भौतिक पूर्वाधारबीच दिगो सन्तुलन कायम गर्ने चितवन लगायत तराईका तीन जिल्लाको विस्तृत भू-उपयोग नक्सा/डाटा (१:१०,००० मान नाप) मा तयार गर्ने, भूमिसुधार कार्यक्रम, मुक्त कमैया तथा मुक्त हलिया पुनर्स्थापन कार्यक्रम अन्तर्गत कमैयाहरूलाई पुनःस्थापना गर्न र सीपमूलक एवं व्यावसायिक तालिम प्रदान गरी स्वरोजगार र आत्मनिर्भर बनाउने मुक्त घोषणा गरिएका हलिया परिवारहरूको पुनःस्थापना गर्न, प्राप्त तथ्यांकको प्रमाणीकरण, परिचय पत्र वितरण र पुनःस्थापना गर्ने पुनःस्थापना गर्न बाँकी रहेका मुक्त कमैयाको पुनःस्थापना सम्पन्न गर्ने र हलियासम्बन्धी कानून निर्माण, वर्गीकरण, परिचयपत्र वितरण र पुनर्स्थापन कार्य शुरु गर्ने कार्यक्रमहरू अघि सारिएको थियो । त्यस्तै, सगरमाथाको उचाई मापन/अध्ययन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने, उपयोगको आधारमा भूमिको वर्गीकरण गरी स्वामित्व प्रमाणपत्र जारी गर्ने कार्यक्रम भूमि वर्गीकरण पद्धतिलाई परिमार्जन, भू-उपयोग नीति तर्जुमा, भूमि सम्बन्धी नियममा परिमार्जन, भू-उपयोग कार्यान्वयन निर्देशिका तयार गर्ने लगायतका क्रियाकलापहरू सञ्चालन गर्ने कार्यक्रम अघि सारिएको थियो ।

### १.२.७ तेह्रौं योजनामा भु-उपयोग

दीर्घकालीन सोच भूमिको न्यायपूर्ण, महत्तम उपयोग र आधुनिक व्यवस्थापनबाट उत्पादकत्व र सामाजिक न्यायका लागि योगदान पुऱ्याउने दीर्घकालीन सोच सहित अघि सारिएको यो योजनाको मुख्य उद्देश्यहरूमा भूमि तथा भूमि स्रोतको अधिकतम उपयोगको वातावरण सृजना गर्ने, सामाजिक तथा आर्थिक रूपले पछाडि

परेका वर्गको भूमिमा पहुँच बढाउने, भूमि प्रशासनसम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी तथा प्रभावकारी तुल्याउने र विकास तथा पूर्वाधार निर्माणका लागि आवश्यक नापनक्सा, सेवा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउने रहेका थिए ।

राष्ट्रिय भूमि नीति तर्जुमा गर्ने तथा राष्ट्रिय भू-उपयोग नीति, २०६९ कार्यान्वयन गर्ने, सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा सम्वर्द्धन गर्ने, वैज्ञानिक भूमिसुधार सम्बन्धी कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरबाट सञ्चालन गरी आर्थिक सामाजिक रूपले पछाडि परेका गरिब भूमिहीनलगायत वर्गको भूमिमा पहुँच बढाउने, भूमि प्रशासनको विद्यमान प्रविधिलाई कम्प्युटरमा आधारित भू-सूचना प्रणालीमा रूपान्तरण गर्ने, गाउँ-ब्लक क्षेत्र तथा द्वन्द्वबाट क्षति भएका नापनक्सा एवं श्रेस्ता पुन:निर्माण गर्ने, भौगोलिक सूचनाको सहज उपलब्धताका लागि पूर्वाधार एवं जनशक्तिको विकास गर्ने यसका रणनितिहरू रहेका थिए । त्यस्तै भू-सूचना तथा अभिलेख कार्यक्रम, मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम, राष्ट्रिय भू-उपयोग आयोजना, भूमिसुधार कार्यक्रम, मुक्त कमैया तथा मुक्त हलिया पुनर्स्थापन कार्यक्रम, कित्तानापी कार्यक्रम, स्थलरूप नापी कार्यक्रम, खगोल तथा भू-मापन कार्यक्रम, भूमि व्यवस्थापन प्रशिक्षण कार्यक्रम र गुठी जग्गालाई रैकरमा परिणत गर्ने र भू-उपयोगलाई व्यवस्थित गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्ने यो योजनाका मुख्य कार्यक्रमहरू थिए ।

### १.२.८ चौधौँ योजनामा भु-उपयोग

भूमिको वैज्ञानिक व्यवस्थापन र सामाजिक न्यायमा आधारित भूस्वामित्वको सोच राखि शरु गरिएको योजनाले भूमि र भू-उपयोग प्रणालीलाई मुलुकको दीर्घकालीन हित अनुरूप समृद्धिको आधारका रूपमा विकास गर्ने लक्ष्य निर्धारित गरेको थियो । त्यस्तै, भूमि तथा भूमिस्रोतको न्यायोचित वितरण र विवेकशील प्रयोगको वातावरण सृजना गर्नु, विकास निर्माणका लागि आवश्यक नापनक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु, भूमि व्यवस्थापन सेवालाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु उद्देश्यहरू थिए । रणनीतिको रुपमा वैज्ञानिक भूमिसुधार कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरबाट सञ्चालन गरी आर्थिक-सामाजिक रूपले पछाडि परेका गरिब भूमिहीन वर्गको भूमिमा पहुँच बढाउने, राष्ट्रिय भूमि नीति, भू-उपयोग नीति तथा योजनाको आधारमा उपलब्ध भूमिको समुचित उपयोग गरी खाद्य सुरक्षा, सुरक्षित आवास तथा सहरीकरण, दिगो पूर्वाधार विकास र वातावरण संरक्षण तथा विपद् जोखिम संवेदनशीलता निश्चित गर्ने, आधुनिक प्रविधिमा आधारित भू-अभिलेखको आधारमा पारदर्शी भूमि व्यवस्थापन प्रणाली स्थापना गरी सरल र सहज सेवा प्रवाह सुनिश्चित गर्ने रहेको थियो । त्यस्तै, भू-सूचना तथा मालपोत अभिलेख सुदृढीकरण कार्यक्रम, राष्ट्रिय भू-उपयोग नीतिको कार्यान्वयन, भूमिसुधार कार्यक्रम, मुक्त कमैया, मुक्त हलिया तथा हरूवा, चरुवा पुनर्स्थापना कार्यक्रम, स्थलरूप नापी कार्यक्रम, खगोल तथा भू-मापन कार्यक्रम, भूमि व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि आदि यसका प्रमुख कार्यक्रमहरू थिए ।

### १.२.९ पन्ध्रौँ योजनामा भु-उपयोग

पन्ध्रौ पञ्च वर्षिय योजनाले भुमि व्यवस्था तथा भु-उपयोगको सम्बन्धमा समन्यायिक, उत्पादनमुखी र दिगो भूमि व्यवस्थाको सोच अघि सारेको छ । दिगो विकासको अवधारणा अनुरूप भूमि व्यवस्थालाई राष्ट्रको समृद्धिको आधार बनाउने लक्ष्य सहित भूमिको समुचित उपयोग मार्फत उत्पादन वृद्धि र यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्ने, योजना तर्जुमा र विकास निर्माणको लागि आवश्यक शुद्ध एवम् विश्वसनीय नापनक्सा र भौगोलिक सूचना सर्वसुलभ बनाउने र भूमि व्यवस्थालाई आधुनिक प्रविधियुक्त,

सरल र पारदर्शी बनाउने उद्देश्य तय गरेको छ। त्यस्तै यो योजनाले भू-उपयोग नीति बमोजिम क्षमता, उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन वृद्धि गर्ने, भूमिहीन दलित, कृषक, सुकुम्बासी, मोही तथा गुठी किसान, अव्यवस्थित बसोबासी लगायत सीमान्तकृत वर्गको भूमि माथिको अधिकार र पहुँच सुनिश्चित गर्ने, आधुनिक प्रविधिमा आधारित नापनक्साका आधारभूत पूर्वाधार तयार गर्ने र शुद्ध तथा विश्वसनीय भू- सूचना सङ्कलन गर्ने, भौगोलिक सूचना पूर्वाधारको अवधारणा बमोजिम आधारभूत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना तयार गरी उपलब्ध गराउने, कित्तानापी हुन बाँकी रहेका भू-भागमा नापनक्सा गरी सम्पूर्ण जमिनलाई जग्गा प्रशासन प्रणालीमा आबद्ध गर्ने र सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने, वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तिको वस्तुपरक मूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्ने र सबै सरोकारवालाहरूले सोही मूल्याङ्कन प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने र आधुनिक प्रविधिमा आधारित भूमि सम्बन्धी अभिलेखहरूको व्यवस्थित भण्डारण गर्ने र जग्गा प्रशासन सेवा सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने जस्ता रणनीतिहरू तय गरेको छ।

यी रणनीति पुरा गर्न भू-उपयोग नीति अनुसार भूमिको वर्गीकरण गरी आवश्यकता अनुसार नक्सा डाटा तयार गर्ने, भू-उपयोग नक्सा तथा डाटा समेतको आधारमा भू-उपयोग योजना तर्जुमा गरी आवश्यकता अनुसार कार्यान्वयनमा ल्याउने, कृषियोग्य जग्गाको खण्डीकरण नियन्त्रण गर्ने, जग्गा बाँझो नराख्न उत्प्रेरित गर्ने, भू-उपयोग परिवर्तन गर्न नपाइने, कृषि प्रयोजनको लागि कम उपयोगी र जोखिमरहित जग्गालाई मात्र आवासीय र व्यावसायिक क्षेत्रको रूपमा विकास गर्न पाइने व्यवस्था गर्ने, भू-उपयोग ऐन संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयनमा ल्याउने जस्ता कार्यनीतिहरू अघि सारेको छ। त्यस्तै योजना अवधिमा १३१ वटै नापी र मालपोत तथा भूमिसुधार कार्यालयमा रहेका नक्सा तथा स्रेस्ता डिजिटलाइज भई केन्द्रीय डाटाबेस तयार हुने र अनलाइन प्रणालीबाट सरल तथा प्रभावकारी जग्गा प्रशासन सम्बन्धी सेवा उपलब्ध गराइएको हुनेछ। त्यस्तै, भू-उपयोग ऐन तर्जुमा भई ७५३ वटै स्थानीय तहहरूको भू-उपयोग नापनक्सा तयार भएको हुने तथा भू-उपयोग योजना तर्जुमा भई कार्यान्वयनको सुरुआत भएको हुनेछ। यहि अपेक्षा बमोजिम नै भु उपयोग नियमावली २०७९ लाइ कार्यान्वयनमा ल्याइएको छ र सोहि अनुरुप स्थानिय तहमा भु-उपयोग योजना बनाउनु पर्ने वा जमिनको वर्गिकरण अनिवार्य गर्नुपर्ने निर्देशन समेत जारी गरिएको छ।

### १.२.१० भूमि राजस्व ऐन २०३४

भूमि राजस्व ऐनले जग्गाजमिनको राजस्व सङ्कलनको प्रक्रिया तोक्छ। यस ऐनमा भूमि राजस्व सङ्कलन तथा छुट सम्बन्धी पुराना व्यवस्थाहरूमा संशोधन तथा परिमार्जन र कृषियोग्य जमिनको व्यवस्थापनसँग सम्बन्धित थप व्यवस्थाहरू संलग्न गरिएको छ। उदाहरणका लागि नदी कटान वा पहिरोको मामिलामा साथै खडेरी वा अन्य प्राकृतिक आपत्को बेला कृषि उपजमा ह्रास आएको अवस्थामा भू-राजस्वमा छुटको व्यवस्था समेत गरेको छ।

### १.२.११ शहरी विकास ऐन २०४५

शहरी विकास ऐनले शहरी विकास योजना कार्यान्वयनको लागि विस्तृत कानुनी रूपरेखा प्रदान गर्दछ। यस ऐनमा शहरका बासिन्दाहरूलाई पुनःनिर्माण, विस्तार र विद्यमान शहरहरूको विकास गरी तथा नयाँ शहरहरूको निर्माण गरेर र सर्वसाधारणका स्वास्थ्य, सुविधा र आर्थिक सम्बन्धी चासोहरू सम्बोन्धन गर्नका लागि चाहिने सेवा र सुविधा उपलब्ध गराउन आवश्यक प्रावधानहरू छन्।

### १.२.१२ जग्गा अधिग्रहण ऐन - २०५३

जग्गा अधिग्रहण ऐन (२०३४) (संशोधित २०५०) सालमा भएको संशोधनले जग्गा अधिग्रहण र क्षतिपूर्तिको लागि अनुसरण गर्नुपर्ने प्रक्रियाहरू निर्दिश्ट गर्दछ । यस ऐनले नेपाल सरकारलाई सार्वजनिक उद्देश्यका लागि वा सरकारी संस्थाले आरम्भ गरेका कुनै पनि विकास परियोजनाको सञ्चालनका लागि कुनै पनि जग्गा प्राप्त गर्न र क्षतिपूर्तिको भुक्तानी गर्ने अधिकार प्रदान गर्दछ । यस ऐनले छलफल र सहमतीको माध्यमबाट जग्गा अधिग्रहणको प्रावधान पनि समावेश गर्दछ र यसैले स्वेच्छिक चन्दाको लागि समेत मार्ग प्रशस्त गर्दछ । तथापी, यो ऐन विविध पूर्वाधार क्षेत्रका धेरै पुनर्वास र त्यससँग सम्बन्धित प्राविधिक विषयहरूको समाधान गर्नका लागि पर्याप्त छैन । तसर्थ, यस ऐनपछि निर्माण भएका विभिन्न ऐन, नियम, नीति तथा दिशा निर्देशहरूले समेत यसलाई परिपूरण गर्ने काम गरेका छन् ।

### १.२.१३ वन ऐन २०४९

वन ऐन २०४९ ले वनलाई व्यवस्थापनका हिसाबले सात प्रकारमा वर्गीकृत गरेको छः राष्ट्रिय, सरकार-प्रबन्धित, संरक्षित, समुदायिक, कबुलियती, धार्मिक र निजी । विशेष गरी तराई क्षेत्रमा कबुलियती वन र सहकारी लगायतका सामुदायिक वन कार्यक्रमलाई सुदृढ गर्न वन क्षेत्र नीति २०५६ मा ल्याइएको थियो । त्यसैगरि राष्ट्रिय कृषि नीति २०६१ को मुख्य उद्देश्य कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, व्यवसायिक र अधिक प्रतिस्पर्धी कृषिको विकास गर्नुका साथै जैविक विविधता र प्राकृतिक स्रोतहरूको प्रवर्द्धन, उपयोग र संरक्षण गर्ने रहेको थियो ।

### १.२.१४ राष्ट्रिय शहरी नीति २०६४

राष्ट्रिय शहरी नीति २०६४ले प्राकृतिक स्रोतहरूको संरक्षण गर्न, पूर्वाधार र आधारभूत सेवाहरू उपलब्ध गराउन तथा लगानी लागत घटाउने उद्देश्यले छरिएर रहेका बस्तीहरूलाई निरुत्साहित गरी घना बस्तीहरूको विकासलाई प्रोत्साहित गर्ने रणनीति लिएको छ । यसले छरिएर रहेकाका बस्तीका कारण हुने वातावरणीय असरलाई निरुत्साहित गर्न आवश्यक योजना मापदण्डहरू कार्यान्वयन गर्न पनि जोड दिएको छ ।

### १.२.१५ नेपालको संविधान २०७२

नेपालको संविधानले प्रचलित कानुन बमोजिम सम्पतिको अधिकार अनुरूप प्रत्येक नागरिकलाई सम्पत्ति हासिल गर्न, कमाउन, प्रयोग गर्न, बेच्न पाउने अधिकार स्थापित गर्दछ । यद्यपि सामाजिक कामको लागि आवश्यक भएमा राज्यलाई क्षतिपूर्ति सहित निजी सम्पत्ति प्राप्त गर्ने अधिकार दिइएको छ (अनुच्छेद २५ - १, २ र ३ हेर्नुहोस्) ।

### १.२.१६ राष्ट्रिय भू-उपयोग नीति २०६८

भूमि र यसका स्रोतहरूको अधिकतम उपयोगको माध्यमबाट दिगो सामाजिक-आर्थिक र वातावरणीय विकासको उद्देश्यले सरकारले शुरुमा वि.सं. २०६८ मा राष्ट्रिय भू-उपयोग नीति तर्जुमा गरेको थियो । यस नीतिले जग्गालाई विभिन्न ७ क्षेत्रहरूमा वर्गीकरण गर्ने व्यवस्था गरेको छ,: कृषि, आवासीय, व्यापारिक, औद्योगिक, वन, सार्वजनिक उपयोगिता, र अन्य जहाँ आवश्यक छ । यस नीति अन्तर्गत भूमि र भूमि संसाधन (Lands and Land Resources, LLRs) को लागि कानुनी र संस्थागत व्यवस्थापन, र त्यसको सुरक्षा, प्रयोग र व्यवस्थापनको प्रबन्ध गरिएको छ । राष्ट्रिय भू-उपयोग नीति २०६८ ले खाद्य सुरक्षा सुनिश्चितताको लागि कृषि योग्य जमिनको संरक्षणलाई प्राथमिकतामा राखेको छ ।

### १.२.१७ राष्ट्रिय भू-उपयोग नीति २०७२

२०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिको पराकम्पनले हामीलाई देशमा सुरक्षित मानव बस्ती विकासमा ध्यान दिन बाध्य पाऱ्यो । यी सबै समसामयिक सबालहरूको दीर्घकालीन सम्बोधन गर्नका लागि भू-उपयोग नीति, २०६८ को समीक्षा गरेर राष्ट्रिय भू-उपयोग नीति २०७२ लागु गरिएको छ ।

उपलब्ध भूमि र भूमिश्रोतको समुचित (Optimum) उपयोग गरी दीगो रूपमा सामाजिक, आर्थिक तथा वातावरणीय विकास र समृद्धि हासिल गर्ने दीर्घकालीन दृष्टिकोण सहित अघि सारिएको यो नीतिले भू-उपयोग योजनाबाट निर्देशित भू-उपयोग पद्धतिको विकास गर्दै भूमिको दिगो व्यवस्थापन गर्ने लक्ष्य राखेको थियो । त्यस्तै यो नीतिले निम्न उद्देश्यहरु राखेको थियो:

१. राष्ट्रको समग्र भूमिलाई विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गर्ने,

२. तहगत (संघीय, प्रादेशिक र स्थानीय) भू-उपयोग योजना (Land Use Plan) तर्जुमा गर्ने,

३. कृषि भूमिको संरक्षण, स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, वस्ती विकास र दिगो योजनाबद्ध शहरीकरण, वन क्षेत्र, प्राकृतिक सम्पदा, जैविक विविधता एवम् ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक तथा सामरिक महत्वका क्षेत्रको संरक्षणका लागि भू-उपयोग योजनाको आधारमा भूमि तथा भूमिश्रोतको उपयोग सुनिश्चित गर्ने,

४. प्राकृतिक र मानव सिर्जित प्रकोपजन्य जोखिमहरुको न्यूनीकरण गर्ने,

५. कित्तामा आधारित भूमी लगत तयार गरी निर्दिष्ट उपयोगको आधारमा भूमिको न्यूनतम मूल्यांकन एवम् प्रगतिशील कर प्रणाली निर्धारण गरी कार्यान्वयन गर्ने ।

### १.२.१८ भू-उपयोग ऐन, २०७६

भू-उपयोग ऐन, २०७६ ले संघीय, प्रादेशिक र स्थानीय सरकारलाई विभिन्न अधिकार, जिम्मेवारी र कर्तव्यहरू प्रदान गरेको छ। यस ऐनले यसको कार्यान्वयनको जिम्मेवारी संघीय सरकारको मात्र नभई प्रादेशिक र स्थानीय सरकारलाई पनि सुम्पिएको छ। यस ऐन बमोजिमका प्रावधानलाई कार्यान्वयन गर्न सरकारका तीनै तहले परिषद्हरूको गठन गर्नुपर्ने, संघीय सरकारले सबै स्थानीय तहको नक्सा मस्यौदा तयार पार्नु पर्ने र स्थानीय सरकारले उक्त ऐनको प्रावधानको पालना गरिरहेको सुनिश्चिता गर्नु पर्ने, स्थानीय सरकारहरूले जनताले उक्त ऐनका प्रावधानहरूको पालना गरिरहेका छन् भन्ने कुरा सुनिश्चिता गर्नुपर्ने उल्लेख गरिएको थियो। यस ऐन अन्तर्गत स्थानीय सरकारहरूको लागि केही प्रमुख व्यवस्थाहरू निम्नानुसार छन् : पालिकाको भू-उपयोग निकायको गठन, संघीय सरकारबाट भू-उपयोग नक्साको अधिग्रहण, भू-उपयोग योजनाहरूको विकास, र भू-उपयोग क्षेत्र नक्साङ्कनको काम, भू-उपयोग परिवर्तन, भूमि शीर्षकको अद्यावधिक, जग्गा मूल्याङ्कन र कर सङ्कलन रहेका छन्। स्थानीय भू-उपयोग परिषद् र स्थानीय भू-उपयोग कार्यान्वयन समिति ऐनमा व्यवस्था भएका दुई निकायहरू हुन्। यस ऐनमा स्थानीय सरकारहरूलाई आवश्यक पर्दा भू-उपयोग योजनाको समीक्षा र परिमार्जन गर्ने अधिकार दिइएको छ। यस्तो समीक्षा जनसाङ्ख्यिक स्वरूपमा आएको परिवर्तन, शहरीकरण, आर्थिक र पूर्वाधार विकासका लागि भू-उपयोगको विशिष्ट आवश्यकताहरू लगायतका आधारमा परिमार्जन गर्न सकिन्छ।

### १.२.१९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उल्लेख गरिएको छ । गाउपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम हुने भए पनि भुमि सम्वन्धि केहि अधिकारहरूलाइ यस्मा पनि उल्लेख गरिएको छ जस्मा जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण, स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज, भूमिको वर्गीकरण अनुसारको लगत, सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण, नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण, र जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य गर्ने अधिकार स्थानिय सरकारलाइ प्रदान गरिएको छ । भूमि व्यवस्थापन सम्वन्धि निम्न तिन कार्य गर्ने अधिकार स्थानिय सरकारलाइ प्रदान गरिएको छ ।

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन गर्ने

(३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने ।

### १.२.२० राष्ट्रिय भूमी नीति, २०७५

दिगो भूमि व्यवस्थापन : विकास र समृद्ध जीवनको दूरदृष्टि सहित भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले वि. सं. २०७५मा राष्ट्रिय भूमी नीति अनुमादन गरि कार्यान्वयनमा ल्याएको थियो । भूमिको न्यायिक वितरण, महत्तम उपयोग र सुशासन मार्फत मूलुकको आर्थिक समृद्धि र जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने दीर्घकालीन लक्ष्य सहित अघि सारिएको यो नीतिले भू-सम्बन्ध ( Land Tenure) र भू-स्वामित्व (Land Ownership) को सूरक्षा तथा भू-अधिकार (Land Right) को संरक्षणको सुनिश्चितता प्रत्याभूत गर्ने, भूमिमा नागरिकको पहुँचको हक प्रत्याभूत गर्ने, वातावरणीय सन्तुलन, खाद्य सुरक्षा, व्यवस्थित पूर्वाधार विकास तथा सुरक्षित बसोबासका लागि भूमिको महत्तम उपयोग र व्यवस्थापन सुनिश्चित गर्ने, घर जग्गा मूल्याङ्कन र भूमिकर निर्धारण प्रणालीमा सुधार गर्ने तथा भूमि बजारलाई व्यवस्थित तुल्याउने, विकास निर्माणका लागि भूमि प्राप्तिलाई सहज वातावरण सिर्जना गर्ने र विकास आयोजनाको लागत जग्गा प्राप्तिका कारण बढ्न नदिने व्यवस्था सुनिश्चित गर्ने र आधुनिक भूसूचना प्रणाली कार्यान्वयनमा ल्याई भूमिप्रशासन तथा व्यवस्थापनको क्षेत्रमा सुशासन कायम गर्ने जस्ता उद्देश्यहरु अगाडी सारेको थियो ।

### १.२.२१ भुमी सम्बन्धी नियमहरू, २०७७

भूमी सम्वन्धि ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि बनाएका नियमहरू जसले केहि नियमहरू थपेको छ । यस्का केहि मुख्य प्रावधानहरूमा जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्ने, भुमिहिन दलित र सुकुम्वासीलाइ जग्गा उपलब्ध गराउने, अब्यवस्थीत बसोबासीलाइ जग्गा उपलब्ध गराउने, तिनीहरूको रेकर्ड व्यवस्थीत गर्ने जस्ता कुराहरू उल्लेख गरिएको छ ।

### १.२.२२ भू उपयोग नियमावली, २०७९

भू उपयोग ऐन, २०७६ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले यो नियमावलीको निर्माण गरेको छ । यस्मा भू उपयोग क्षेत्र नक्शा तथा विवरण मन्त्रालयले तयार गरि हस्तान्तरण गर्ने, स्थानिय तहमा भू उपयोग क्षेत्र स्थानिय आवश्यकता, मन्त्रालयले तयार पारेको नक्शा आदिको आधारमा वर्गिकरण गर्ने, वर्गिकरणका मापदण्ड, आधार र क्षेत्रफल किटान गर्ने, स्थानिय भू उपयोग परिषद्को निर्माण र यस्को भुमिकाको उल्लेख गरिएको छ । त्यस्तै जग्गा धनी दर्ता स्रेता र जग्गा धनी दर्ता प्रमाणपुर्जा अद्यावधिक गर्ने, जग्गाको खण्डीकरण तथा चक्लाबन्दी सम्बन्धि व्यवस्था र भु उपयोग क्षेत्र वर्गिकरणका आधार, मापदण्ड तथा आधारको वारेमा विस्तृत ढंगले उल्लेख गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य तथा क्षेत्रहरू

यस भू-उपयोग योजनाले दार्मा गाउँपालिकाको दिगो विकासका लागि भूमि व्यवस्थापन सम्बन्धी सवालहरूको सम्बोधन गर्नका लागि निम्न विशिष्ट उद्देश्यहरू लिएको छः

१. उपलब्ध हालसालका विस्तृत नक्सा र भू-उपग्रहबाट लिइएका नक्साहरूका आधारमा विद्यमान भू-आवरण तथा भू-उपयोगको अवस्थाको पहिचान गर्ने,

२. भौगोलिक सूचना प्रणाली (GIS) को सहयोगमा उपलब्ध नक्साहरू र भू-उपग्रहबाट लिएका नक्साहरूबाट पहिचान भएका वर्तमान भू-उपयोग तथा भू-आवरणको अवस्था सहितको विस्तृत नक्साहरू तयार पार्ने,

३. पहिचान भएका भूमिका इकाइहरूलाई गाउँपालिकाको आवश्यकता अनुसार स्थलगत अध्ययन तथा अन्य सूचना तथा जानकारीका आधारमा वैज्ञानिक विश्लेषण तथा संष्लेषण गर्ने,

४. भूमिको गुणस्तर र क्षमता तथा प्राकृतिक जोखिमका आधारमा गाउँपालिकामा भू-उपयोग क्षेत्र नक्साङ्कन गरी वैज्ञानिक प्रयोगको लागि सिफारिस गर्ने । यस अन्तर्गत वर्तमान र भविश्यमा विभिन्न प्रयोजनहरू जस्तै; बस्ती (शहरी वा ग्रामीण) र आय उत्पादन गतिविधिहरू जस्तैः कृषि, व्यवसायिक वा औद्योगिक र वातावरणीय वा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि उपलब्ध हुनसक्ने जमिनहरू समेत पर्दछन् ।

५. गाउँपालिकाको दिगो विकासको लागि भू-उपयोग को सन्दर्भमा दीर्घकालीन सोच, लक्ष्य, रणनीति र भू-उपयोगका कार्यक्रमहरू तय गर्ने ।

६. ५, १० र १५ वर्षका लागि विस्तृत र बैज्ञानिक भू-उपयोग योजनाहरू तय गर्ने ।

## १.४ अध्ययनको क्षेत्र

यस अध्ययनले दार्मा गाउँपालिकाको क्षेत्र भित्र केन्द्रित रही निम्न कुराहरूलाई समेट्दछः

- सबै किसिमको भू-उपयोगका प्रकारहरूको वर्णन
- गाउँपालिकाको विद्यमान सान्दर्भिक नक्सा, कागजात र तथ्याङ्कको समीक्षा
- भौगोलिक, भू-उपयोग तथा भू-आवरण, बस्ती, पूर्वाधार र वातावरण, र जोखिम स्तर (hazard parameters) को विस्तृत नक्साङ्कन ।

- भू-बनोट तहहरू तयार गर्ने (भिरालोपन, मोहोडा, relief, पानी निकास, स्थलाकृतिक अवस्था, स्थलाकृतिक आर्द्रता सूचकांक)
- भू-उपयोग क्षेत्र नक्सा तयार गरि अवसरहरू र चुनौतीहरूको पहिचान गर्ने,
- भू-उपग्रह चित्रहरू, स्थलगत अवलोकन, र स्थलाकृतिक तहहरू प्रयोग गरी पहिरो, भूक्षय र बाढी सम्भावित/जाखिमयुक्त क्षेत्रहरू पत्ता लगाउने,
- अध्ययन क्षेत्रको अवलोकन भ्रमण र उपलब्ध तत्थ्याङकबाट जलस्रोत नक्सा, वन र जैविक विविधता, खनिज क्षेत्र आदिको नक्साङ्कन गर्ने,
- समाधानका उपायहरू सिफारिस गर्ने
- सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र अपेक्षित परिणामहरू तयार पार्ने,
- भू-उपयोगको वर्तमान र बिगतमा आएका परिवर्तनहरूको अध्ययन गर्ने
- भविष्यका परिदृश्यहरू अध्ययन गर्ने,
- कार्य योजना सिफारिश गर्ने
- अल्पकालिन (५ वर्ष), मध्यकालिन (१० वर्ष) र दीर्घकालिन (१५ वर्ष) भू-उपयोग योजना तयार गर्ने


## १.५ अध्ययनका सीमाहरू

दार्मा गाउँपालिकाको यो भू-उपयोग योजना निर्माणका केहि सीमाहरु रहेका छन ति मध्यका केही सीमाहरुलाइ निम्न बुदाँहरुमा उल्लेख गरिएको छ

- विस्तृत माटो परीक्षण नगरिएको
- हालसालका उच्च गुणस्तरका तस्विरहरू उपलब्ध नभएका

## १.६ अध्ययन विधि

यस अध्ययन प्रतिवेदनले दार्मा गाउँपालिकाको भू-उपयोग योजना निर्माण गर्न अपनाउनु पर्ने विधिहरूको बारेमा विस्तृत जानकारी प्रदान गर्दछ। परामर्शदाताद्वारा कार्य शर्तहरू र अन्य सम्बन्धित तथ्याङ्कहरू, नीति, नियम, कानुन, प्रतिवेदनहरूको सावधानीपूर्वक समीक्षा गरी भू-उपयोग योजना तयार गर्न आवश्यक कार्यविधि तथा अध्ययन विधी विकास गरिएको छ। तल उल्लेखित खण्डले तथ्याङ्क सङ्कलन प्रक्रिया, विश्लेषण र तोकिएका अङ्गहरूको डिजाइन र अन्तमा प्रतिवेदन बनाउँदा सम्मको विस्तृत प्रक्रियाहरू चित्रण गर्दछ। तोकिएको कार्यको समग्र अवधारणागत रूपरेखा चित्र १ मा देखाइएको छ।




चित्र नं. १: अध्ययनको अवधारणागत रूपरेखा

### १.६.१ तथ्याङ्कका प्रकार र स्रोतहरू

गाउँपालिकाको भौगोलिक तथ्याङ्क नक्सा र भू-उपग्रह चित्रहरूबाट सङ्कलन गरिएको थियो । ती भौगोलिक तथ्याङ्कहरू निम्नाअनुसार छन् ।

१. गाउँपालिका सीमाना

२. वडा सीमाना

३. भौगोलिक संरचना

४. भौतिक स्वरूपका विशेषताहरू अर्थात् उचाइ, भिरालोपन, मोहडा

५. नदीहरू/खोलानालाहरू

६. माटोका प्रकारहरू

७. वर्तमान भू-उपयोग - खेती गरिएको जमिन, वनजङ्गल, बसोबासका क्षेत्रहरू, झाडी तथा बुट्यान, घाँसे मैदान, ताल तलैया तथा जल निकास, बालुवा, बाँझो जमिन

८. पूर्वाधार - सडक, नहर, पुल, स्वास्थ्य चौकी, विद्यालय

९. जनसङ्ख्या - बस्ती, भवन, जनघनत्व

१०. पर्यावरणीय हिसाबले संवेदनशील र जोखिमयुक्त क्षेत्र, फोहोर फाल्ने स्थानहरू, पहिरो, बाढी प्रभावित क्षेत्रहरू आदि

११. पार्क र खुला स्थानहरू

**यी तथ्याङ्कका स्रोतहरू निम्नानुसार थिए:**

१. नेपाल सरकार नापी विभाग द्वारा प्रकाशित स्थलाकृतिक नक्सा १:२५,००० स्केल

२. भू-उपग्रहबाट लिइएका तस्विरहरू (खुला स्रोत ESRI base map, Google Earth, ASTER)

३. नेपालको भौगर्भिक नक्सा १:२५०,००० स्केल, नेपाल सरकार, भूगर्भ तथा खानी विभाग

४. नेपालको माटो नक्सा १:२५०,००० स्केल नेपाल सरकार

५. केन्द्रीय तथ्याङ्क विभाग २०६८ तथा २०७८

६. भू उपयोग ऐन, नीति, नियमावलीहरु

७. आवधिक योजनाहरु

### १.६.२ स्थलगत अवलोकन, जाँचसूची, बैठक तथा छलफल

भू-उपयोग योजना निर्माणको दौरान दार्मा गाउँपालिकामा तथ्याङ्क सङ्कनका लागि विस्तृत स्थलगत अवलोकन तथा अध्ययन गरिएको थियो । स्थलगत अवलोकन तथा अध्ययनमा निम्नलिखित कार्यहरू गरिएको थियो:

- गाउँपालिकाका जन प्रतिनिधिहरू, स्थानीय सरोकारवालाहरू तथा गाउँपालिकाका कर्मचारीहरूसँग अन्तरक्रिया
- स्थानीय मानिसहरूसँग अन्तरक्रिया
- भूमि सिर्जित प्रकोपबाट पिडीत व्यक्तिहरूसँग अन्तरक्रिया
- स्थलगत अवलोकन / भू-स्वरूप तथा प्रकारको अवलोकन
- स्थलक्षेत्रका विभिन्न तस्विरहरू

उपलब्ध प्राविधिक प्रतिवेदन, पुस्तिका र नीतिसँग सम्बन्धित कागजातहरूबाट तथ्याङ्क र जानकारी संकलन गरिसकेपछि परामर्शदाता टोलीद्वारा स्थलगत अध्ययन भ्रमणका लागि जाँचसूची, प्रश्नावली र ढाँचाहरू तयार गरियो। स्थलगत अवलोकन भ्रमणमा मूल रूपमा स्थानीय जनप्रतिनिधिहरू अधिकारीहरू र स्थानीय बुद्धिजीवीहरूसँग वडास्तरको भेला आयोजना गरि आधारभूत जानकारी सङ्कलन गरीएको थियो। जाँचसूची, ढाँचा र प्रश्नावलीहरू यसै प्रतिवेदनको अनुसूची १ मा समावेश गरिएको छ।

# खण्ड - २: दार्मा गाउँपालिकाको संक्षिप्त वस्तुगत विवरण

## २.१ संक्षिप्त परिचय

दार्मा गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको १० स्थानीय तहहरू मध्ये एक पर्दछ। साविकका ढाकाडाम, भल्चौर र दार्माकोट गाविस गरी ३ वटा गा.वि.स.लाई समायोजन गरी यो गाउँपालिका गठन गरिएको हो। यस गाउँपालिकाको उत्तरमा पश्चिम रुकुम, पूर्वमा पश्चिम रुकुमको त्रिवेणी गाउँपालिका र सल्यान जिल्लाको वागचौर नगरपालिका वडा नं. ४, पश्चिममा सल्यान जिल्लाको कुमाख गाउँपालिका तथा दक्षिणमा सल्यान जिल्लाको वागचौर नगरपालिका रहेका छन्। यहाँको कुल ८१.४६ वर्ग कि.मि. क्षेत्रफल रहेको छ भने विकास, प्रशासन र सेवा प्रवाहमा सहजता ल्याउने दृष्टिकोणले गाउँपालिकालाई ६ ओटा वडाहरूमा विभाजन गरिएको छ। भौगोलिक अवस्थीतिका आधारमा २८ डिग्री ३० मिनेट देखि २८ डिग्री ५ मिनेट सम्म उत्तरी अक्षांश, ८२ डिग्री ३३ मिनेट देखि ८२ डिग्री ५५ मिनेट सम्म पूर्वी देशान्तरमा फैलिएको यो पालिका समुद्री सतहबाट न्युनतम १०९७ मिटर देखि अधिकतम २४८७ मिटर उचाईसम्म फैलिएको छ।

## २.२ गाउँपालिकाको प्रशासनिक विभाजन

वि.सं. २०६८ को जनगणना अनुसार गाउँपालिका घोषणा हुँदाको अवस्थामा यस गाउँपालिकाको कूल जनसंख्या १९९६६ रहेको पाईन्छ भने राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार यहाँ कुल जनसंख्या २०१३९ रहेको छ। गाउँपालिकाको नयाँ संरचना अनुसारको वडा विभाजन तथा क्षेत्रफल र तत्कालिन जनगणना २०६८ र राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार जनसंख्याको विवरण तालिकामा समावेश गरिएको छ।

तालिका नं. १: गाउँपालिकाको प्रशासनिक एवं जनसाँख्यिक विवरण

| हाल कायम गरिएका वडा नं. | समावेश भएका सविकका गा.वि.स.हरू | जनसंख्या (२०६८) | जनसंख्या (२०७८) | क्षेत्रफल (वर्ग कि.मि) |
|---|---|---|---|---|
| १ | दार्माकोट (१, ३, ७, ८) | २५०४ | २४७५ | ७.२७ |
| २ | दार्माकोट (२, ४-६, ९) | २९२६ | २९४४ | ११.१ |
| ३ | भल्चौर (१, ३, ४) | २९३३ | ३०७४ | १०.३९ |
| ४ | भल्चौर (२, ५-९) | ४१४३ | ४०७८ | २०.३३ |
| ५ | ढाकाडाम (१-४) | ४११४ | ३९८० | १८.३४ |
| ६ | ढाकाडाम (५-९) | ३३४६ | ३५८८ | १३.७२ |
| | **जम्मा** | १९९६६ | २०१३९ | ८१.१५ |

## २.३ हावापानी

यस गाउँपालिकाको भू-धरातलिय वनावटको परिणाम स्वरुप हावापानीमा समेत निकै विविधता पाउन सकिन्छ। जलवायुको हिसाबले यस यहाँ समशितोष्ण प्रकारको हावापानी रहेको छ। यहाँको औषत वार्षिक

तापक्रम २३.६१ डिग्री सेलि्सयस रहको छ भने औषत वार्षिक वर्षा १८२.७४ मि.लि. रहेको छ। मौषम सम्बन्धी विवरण तलको तालिकामा समावेश गरिएको छ।

तालिका नं. २: मौसम सम्बन्धी विवरण

| | |
|---|---|
| **औषत अधिकतम तापक्रम** | ३० डिग्री सेल्सीयस |
| **औषत तापक्रम** | २३.६१ डिग्री सेल्सीयस |
| **औषत वार्षिक वर्षा** | १८२.७४ मि.लि. |
| **हावापानी** | समशितोष्ण |

## २.४ जनसाङ्खिक विवरण

### २.४.१ जनसङ्ख्याको वितरण तथा घनत्व

राष्ट्रिय जनगणना २०७८, को तथ्यांक अनुसार गाउँपालिकाको कुल जनसंख्या २०१३९ रहेको छ, जस मध्ये पुरुष ९७५५ (४८.४ प्रतिशत) र महिला १०३८४ (५१.६ प्रतिशत) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात ९३.९४ रहेको छ। जनघनत्व २४७ प्रति व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ। यहाँको जनसंख्या सम्बन्धी तुलनात्मक विवरण तलको तालिकामा समावेश गरिएको छ।

तालिका नं. ३: जनसंख्यासम्बन्धि तुलनात्मक विवरण

| विवरण | वि.सं. २०६८ | वि.सं. २०७८ |
|---|---|---|
| जम्मा जनसंख्या | १९९६६ | २०१३९ |
| पुरुष | ९७४६ | ९७५५ |
| महिला | १०२२० | १०३८४ |
| लैङ्गिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ९५.३६ | ९३.९४ |
| जम्मा घरधुरी संख्या | ३४६० | ४२६४ |
| जनघनत्व (प्रतिवर्ग कि.मि.) | २४५ | २४७ |

*स्रोत: जनगणना २०६८ र राष्ट्रिय जनगणना, २०७८*

### २.४.२ वडागत जनसङ्ख्याको विवरण

दार्मा गाउँपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा वडा नं ४ रहेको छ जसमा जम्मा जनसंख्या ४०७८ (पुरुष २००४ जना र महिला १०३८४ जना) रहेका छन्। यस वडाको घरधुरी संख्या ८६४ रहेको छ। यसैगरी सबैभन्दा कम जनसंख्या भएको वडा मा वडा नं. १ रहेको छ जसको जनसंख्या २४७५ (पुरुष ११६३ जना र महिला १३१२ जना) रहेका छन् भने घरधुरी संख्या ५३१ रहेको छ। वडागत जनसंख्याको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४: गाउँपालिकाको वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा | घरधुरी | अक्सर बसोबास गर्ने जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | |
| १ | ५३१ | ११६३ | १३१२ | २४७५ | ७.२७ | ८८.६४ |

| वडा | घरधुरी | अक्सर बसोबास गर्ने जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | |
| २ | ६२४ | १४२५ | १५१९ | २९४४ | ११.१ | ९३.८१ |
| ३ | ७१४ | १५२३ | १५५१ | ३०७४ | १०.६९ | ९८.१९ |
| ४ | ८६४ | २००४ | २०७४ | ४०७८ | २०.३३ | ९६.६२ |
| ५ | ८२४ | १९२७ | २०५३ | ३९८० | १८.३४ | ९३.८६ |
| ६ | ७०७ | १७१३ | १८७५ | ३५८८ | १३.७२ | ९१.३६ |
| **जम्मा** | ४२६४ | ९७५५ | १०३८४ | २०१३९ | ८१.४६ | ९३.९४ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

## २.५ शैक्षिक संस्था सम्बन्धी विवरण

सभ्य र सुसंस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ। विज्ञान तथा प्रविधीमैत्री शिक्षा प्रदान गर्न सकेमात्र सक्षम मानव संशाधन तयार हुन्छ। आधुनिक समाज निर्माण गर्न शिक्षामा बृहतर लगानी गर्नुपर्ने हुन्छ। विश्वभर विकसित मुलुकहरूको समग्र विकासको कारण भनेकै ती मुलुकहरूको शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो। नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। विशेषगरी आधारभूत तह सम्मको शिक्षा नि:शुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क गरेको छ। उक्त परिप्रेक्ष्यमा राज्य: विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन गएको छ।

ग्रामीण परिवेशको क्षेत्र भएकोले शिक्षाका आधारभूत पूर्वाधारहरूको पर्याप्त विकास हुन नसकेता पनि यस गाउँपालिकामा सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा गाउँपालिकामा पठनपाठनका लागि आधारभूत विद्यालयको संख्या २१, माध्यमिक विद्यालय ८, उच्च माध्यामिक विद्यालय १, निजी क्षेत्रबाट सञ्चालित ८ वटा विद्यालय, समुदायमा आधारित बाल विकास केन्द्र २ वटा र ४ वटा सामुदायिक सिकाई केन्द्र गरी जम्मा ४४ वटा शिक्षण संस्थाहरू रहेका छन। वर्तमान समयमा निजी क्षेत्रको संलग्नता बढ्दै गइरहेको अवस्थामा ग्रामीण क्षेत्रमा भने निजी क्षेत्रको न्युन संलग्नता देखिन्छ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यहाँ महिला साक्षरता ७१.२ प्रतिशत र पुरूष साक्षरता ८३.७ प्रतिशत रहेको छ भने यहाँको कुल साक्षरता दर ७७.२ प्रतिशत रहेको छ। हाल गाउँपालिकामा संचालनमा रहेका शैक्षिक संस्थाहरुको विवरण तलको तालिकामा समावेश गरिएको छ।

तालिका नं. ५: गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण

| क्र.सं. | विद्यालयको प्रकार | संख्या |
|---|---|---|
| १ | आधारभूत विद्यालय | २१ |
| २ | माध्यमिक विद्यालय | ८ |
| ३ | उच्च माध्यामिक विद्यालय | १ |
| ४ | निजी तथा आवासिय विद्यालय | ८ |

| क्र.सं. | विद्यालयको प्रकार | संख्या |
|---|---|---|
| ५ | बाल विकास केन्द्र | २ |
| ६ | सामुदायिक सिकाई केन्द्र | ४ |
| | **जम्मा** | ४४ |

## २.६ स्वास्थ्य संस्था सम्बन्धी विवरण

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ। यसै हकको कार्यान्वयन गराउने स्थानीय सरकारहरू भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ। हाल गाउँपालिकामा ९ वटा स्वास्थ्य चौकी, एक आयूर्वेद केन्द्र, एक सामुदायिक स्वास्थ्य इकाइ, ३ वटा बर्थिङ सेन्टर संचालनमा रहेका छन् भने महिला स्वास्थ्य स्वयम्सेविका मार्फत पनि स्वास्थ्य सेवा विस्तारका लागि निरन्तर लागि रहेका छन् । गाउँपालिकमा संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको थप विवरण तलको तालिकामा समावेश गरिएको छ।

तालिका नं. ६: गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | ९ |
| २ | सामुदायिक स्वास्थ्य इकाइ | १ |
| ३ | आयुर्वेद केन्द्र | १ |
| ४ | बर्थिङ सेन्टर | ३ |
| ५ | गाउँघर क्लिनीक | २९ |
| ६ | खोप केन्द्र | २७ |

*वडा छलफल २०८१*

## २.७ कृषि क्षेत्र सम्बन्धी विवरण

पहाडी भूभाग रहेको यो गाउँपालिकामा भिरालो जमिनको प्रधानता रहेता पनि यहाँको समृद्धिको प्रमुख संवाहक नै वन र कृषि क्षेत्र हुन्। गाउँपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेका छन्। गाउँपालिकाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार यहाँ १४ वटा भन्दा बढी पोल्ट्री फर्म, १० भन्दा बढी बाख्रा पालन फर्म, १३ भन्दा बढी फलफुल तथा तरकारी उत्पादन कृषि फर्म र ३२ वटा भन्दा बढी दुग्ध उत्पादनसँग सम्बन्धित व्यावसायिक फर्महरु सञ्चालनमा रहेका छन्।

यहाँका अधिकाशं जनसंख्या कृषि पेशामा संलग्न रहेकोले गाउँपालिकाको दीर्घकालिन विकास र सम्वृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकिकरण गर्न सकिने प्रबल संभावना रहेको छ। यहाँ उत्पादन

हुने प्रमुख खाद्यान्न बालीहरूमा, मकै, धान, गहु, कोदो हुन । यसैगरी नगदेबालीमा तोरी, आलु, अदुवा, वेसार, तथा तरकारी बालीमा सिमी, बोडी, हरियो साग र फलफुल बालीमा सुन्तला, उखु, नासपाती, आरुवखडा लगायतको उत्पादन हुने यस क्षेत्रमा प्रशस्त खेतीपाती हुनसक्ने र भैरहेका प्रमुख कृषि क्षेत्रहरूमा जडिबुटिहरूको उत्पादनको सम्भावना अत्याधिक रहेको छ ।

## २.८ आवासीय क्षेत्र तथा मुख्य बजार केन्द्र सम्बन्धी विवरण

मानव जीवनको आधारभूत आवश्यकताहरूमध्ये आवास पनि एक हो । नेपालको संविधानले सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । गाउँपालिकाको मुख्य वस्तीहरू मैदान कोगाउँ, स्याल गाउँ, बिस्टगाउँ, समलचौर, मौलेखाली, साङ्टा, फारुलाचौर झ्यामवारि, भौलाहाले, भलचौर, रातामाटा, सेतादार, बाघखोर, गलात, पुखात, रागेडाडा, लामाडाडा लगायत रहेका छन । हाल गाउँपालिकाको आवासीय क्षेत्रहरूको वडागत विवरण निम्नानुसार छन् ।

तालिका नं. ७: गाउँपालिकाको मुख्य वस्तीहरूको विवरण

| वडा नं. | मुख्य बस्तीहरुको नाम |
|---|---|
| १ | मैदान कोगाउँ, स्याल गाउ, बिस्टगाउँ |
| २ | सिमलचौर, मौलेखाली, साङ्टा |
| ३ | फारुलाचौर झ्यामवारि |
| ४ | चम्पु टाजुरा, भातमारे, बोमखेत |
| ५ | भौलाहाले, भलचौर, रातामाटा, सेतादार, बाघखोर, गलात, पुखात, रागेडाडा, लामाडाडा |
| ६ | किमिटाकुरा गोठीवन पाथीहाल्ना |

*स्रोत: स्थलगत भ्रमण, २०८१*

## २.९ व्यवसायीक क्षेत्र सम्बन्धी विवरण

मुख्यतया कृषि, पशुपालन पेशामा संलग्न घरपरिवारको संख्या बढी भएको ग्रामीण इलाका भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ उचित विकास भएको छैन । तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ । यद्यपि कृषिमा आधारित केही साना उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ संचालनमा भईरहेका छन ।

## २.१० वित्तीय संस्थाहरू सम्बन्धी विवरण

बैङ्किङ सेवा जीवन्त हुन उद्योग तथा स्थानीय बजारको विकास भई पूँजी प्रवाह भई रहने अवस्था सिर्जना हुनुपर्दछ । यो गाउँपालिका ग्रामीण परिवेशमा रहेको, उपभोक्ता बजारहरूको विकास नभएकोले पूँजी बजार विकास तथा प्रवाह तुलनात्मक रुपमा न्युन रहेको छ । गाउँपालिकामा हाल नविल बैंकको शाखा संचालनमा रहेको छ भने डिप्रोक्स लघुवित्त, जाल्पा लघुवित्त, जलेखर्क बित्तिय संस्था, कालिका वित्तिय संस्था र साना किसान सहकारी संस्था, चेतना सहकारी, महिला सहकारी, दार्मा सहकारी, मिर्मिरे सहकारी, दुग्ध सहकारी मार्फत वित्तिय कारोबार संचालन भइरहेको छ ।

ग्रामीण अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससँगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ ।

## २.११ पर्यटकीय, साँस्कृतिक तथा सम्पदा क्षेत्र सम्बन्धी विवरण

मौलिक सँस्कृति, स्वच्छ वातावरण, मनमोहक पर्वतीय श्रृंखलाहरू, साहसिक र चुनौतीपूर्ण भौगोलिक अवस्थितिले गर्दा पर्यटनको लागि नेपाल विश्वमा नै अनुपम गन्तव्य मानिन्छ । दक्षिणमा समतल तराई मध्य भागमा महाभारत पर्वत श्रृंखला र उत्तरमा मनमोहक हिमाली चुचुराहरू सहितको भौगोलिक विविधताले भरिपूर्ण प्राकृतिक वातावरणले गर्दा नेपालको पर्यटन क्षेत्र मौलिक र साहसिक पर्यटनको लागि संसारभर परिचित छ । हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको दिगो विकास हुन नसके तापनि दार्मा गाउँपालिका पर्यटनको प्रचुर सम्भावना रहेको क्षेत्र हो । विशेष गरी गाउँपालिकालाई पर्यापर्यटन, जडिबुटी पर्यटन, पदयात्रा पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन र कृषि पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । गाउँपालिकामा रहेका हिन्दु देवालय तथा मन्दिरहरू साथै केही मार्गीहरूका गुम्बा भएकोले ति क्षेत्रहरूको विकास मार्फत धार्मिक पर्यटन प्रर्वद्धन गर्न सकिन्छ । यहाँ होमस्टे र सांस्कृतिक पर्यटनको उतिकै सम्भावना छ । पर्यटकहरूको लागि सुविधा सम्पन्न तयारी स्थल तथा होटलहरूको सेवा विस्तार गर्न सके पर्यटन व्यवसायबाट आर्थिक फड्को मार्ने सम्भावना रहेको छ । गाउँपालिकामा भएका विभिन्न पर्यटकीय, साँस्कृतिक तथा धार्मिक स्थलहरूको विवरण निम्न बमोजिम रहेको छ ।

तालिका नं. ८: गाउँपालिकामा रहेका पर्यटकीय, साँस्कृतिक तथा धार्मिक स्थलहरू

| क्र.स. | मन्दिर | वडा नं. | स्वामित्व | विशेषता |
|---|---|---|---|---|
| १ | पुरानिकोट पार्क | १ | सामुदायिक | पर्यटकीय |
| २ | भगवती मन्दिर | १ | सामुदायिक | धार्मिक |
| ३ | टिलोहाल्ने | १ | सामुदायिक | पर्यटकीय |
| ४ | झ्यरिवङ च्यान्टाकुरी | २ | सामुदायिक | पर्यटकीय |
| ५ | ब्रम्हथान मन्दिर | २ | सामुदायिक | धार्मिक |
| ६ | पाँजाकोट संरक्षण क्षेत्र | २ | सामुदायिक | पर्यटकीय |
| ७ | हिरा टाकुरी मन्दिर | २ | सामुदायिक | धार्मिक |
| ८ | ढलसींग | २ | सामुदायिक | पर्यटकीय |
| ९ | बझावाङ | २ | सामुदायिक | पर्यटकीय |
| १० | मालिका मन्दिर | ३ | सामुदायिक | धार्मिक |
| ११ | राजाको दरवार | ३ | सामुदायिक | ऐतिहासिक |
| १२ | शिव मन्दिर | ४ | सामुदायिक | धार्मिक |
| १३ | चिप्ले गुफा | ४ | सामुदायिक | पर्यटकीय |
| १४ | तकमारा | ४ | सामुदायिक | पर्यटकीय |
| १५ | बोझु | ४ | सामुदायिक | पर्यटकीय |

| क्र.स. | मन्दिर | वडा नं. | स्वामित्व | विशेषता |
|---|---|---|---|---|
| १६ | मालिका लेक | ४ | सामुदायिक | पर्यटकीय |
| १७ | अधेरी गुफा | ५ | सामुदायिक | पर्यटकीय |
| १८ | गोरखनाथ | ५ | सामुदायिक | धार्मिक |
| १९ | रत्ननाथ | ५ | सामुदायिक | धार्मिक |
| २० | चन्दननाथ | ५ | सामुदायिक | धार्मिक |
| २१ | मलिवांग | ६ | सामुदायिक | पर्यटकीय |
| २२ | शिब गुफा | ६ | सामुदायिक | पर्यटकीय |
| २३ | सिद्ध गुफा | ६ | सामुदायिक | पर्यटकीय |

*स्रोत: स्थलगत भ्रमण, २०८१*

## २.१२ वन क्षेत्र सम्बन्धी विवरण

गाउँपालिकाको कूल ८१.४६ वर्ग कि.मी. क्षेत्रफल मध्ये वन जङ्गलले उल्लेख्य भाग अर्थात् ४३.१६ प्रतिशत जमिन ओगटेको हुँदा वनस्पति र जडिबुटिको पर्याप्तता रहेको छ। गाउँपालिकामा यथेष्ट मात्रामा राष्ट्रिय र सामुदायिक वनहरू तथा सिमित मात्रामा नीजि वन रहेका छन्। यद्यपि गाउँपालिकामा दिगो वन व्यवस्थापन प्रणाली लागू हुन सकेको छैन। यस गाउँपालिकामा वन क्षेत्र बाहेक झाडी बुट्यान, घाँसेभूमी क्षेत्र र बाँझो जमीन पनि केहि मात्रामा रहेकोले उक्त जमिनमा व्यापक जनपरिचालन गरी साामुहिक फलफूल खेती तथा बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिका लाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी वनलाई आयआर्जन सँग जोड्न सकिन्छ। केहि स्थानमा पहिरो जाने, बाढी आउने गरेको छ। अधिकांस भाग वन जङ्गल भएकोले विभिन्न जनावर स्याल, चितुवा, खरायो, बँदेल, बाँदर, मृग, कस्तुरी साथै चराचुरुङ्गी कालिज, तित्रा, डाँफे, मुनाल, सुँगा, चिल आदि पाइन्छ। वनस्पतिमा गुराँस, उत्तिस, सिरिस, चिलाउने, तथा गैरकाष्ठजन्य सुनगाभा, सिरु, कुटमिरो, कास, खर, बाँस र जडिबुटीमा चिरौतो, लोत्ता, अर्गेली, मजेटो, बोझो, पाखनवेद, धुपी आदि पाइन्छ। जलचर प्राणी माछा, आदि रहेका छन्। गाउँपालिकामा भएका वनहरूको विवरण निम्न बमोजिम रहेको छ।

तालिका नं. ९: गाउँपालिकामा भएका बनहरूको विवरण

| क्र.सं. | वन | वडा नं. |
|---|---|---|
| १ | झपुखोला सामुदायिक वन | १ |
| २ | रानीपानी सामुदायिक वन | १ |
| ३ | चौतारी सामुदायिक वन | १ |
| ४ | कोटगाउँ सामुदायिक वन | १ |
| ५ | झारगाउँ सामुदायिक वन | १ |
| ६ | खर्छे पातल सामुदायिक वन | १ |
| ७ | झाफुपातल सामुदायिक वन | १ |

| क्र.सं. | वन | वडा नं. |
|---|---|---|
| ८ | रानीपानी सामुदायिक वन | १ |
| ९ | वाजाकोट सामुदायिक वन | २ |
| १० | दाङगा सामुदायिक वन | २ |
| ११ | वझाबाङ सामुदायिक वन | २ |
| १२ | पाथिखोला सामुदायिक वन | २ |
| १३ | सल्ले पोखरी सामुदायिक वन | २ |
| १४ | ठुलोभिर सामुदायिक वन | २ |
| १५ | देउराली टाकुरा सामुदायिक वन | २ |
| १६ | हरियाली लालिगुराँस सामुदायिक वन | २ |
| १७ | चाखले सामुदायिक वन | २ |
| १८ | कोल डाँडा सामुदायिक वन | २ |
| १९ | ठाडा बाटा वन | २ |
| २० | भौलेखाली सामुदायिक वन | २ |
| २१ | सान्टा सामुदायिक वन | २ |
| २२ | मालिका सामुदायिक वन | ३ |
| २३ | भिर पोखरी सामुदायिक वन | ३ |
| २४ | टोट्के सामुदायिक वन | ३ |
| २५ | गहिरा सामुदायिक वन | ३ |
| २६ | दाङवन सामुदायिक वन | ३ |
| २७ | लालिगुराँस सामुदायिक वन | ४ |
| २८ | कप्सेरी सामुदायिक वन | ४ |
| २९ | हिले खोला सामुदायिक वन | ४ |
| ३० | चिउरे सामुदायिक वन | ४ |
| ३१ | रातामाटा सामुदयिक वन | ४ |
| ३२ | तल्लो कप्सेरी सामुदायिक वन | ४ |
| ३३ | भलचौर सामुदायिक वन | ४ |
| ३४ | टिके पातल सामुदायिक वन | ५ |
| ३५ | घाटया धानी सामुदायिक वन | ५ |
| ३६ | साङताउ सामुदायिक वन | ५ |
| ३७ | बचेला सामुदायिक वन | ५ |
| ३८ | जनबिकास सामुदायिक वन | ५ |
| ३९ | भुतिबाङ सामुदायिक वन | ६ |
| ४० | मिरेनि रानवन सामुदायिक वन | ६ |

| क्र.सं. | वन | वडा नं. |
|---|---|---|
| ४१ | चिसापानी सामुदायिक वन | ६ |
| ४२ | किमुटाकुरा सामुदायिक वन | ६ |
| ४३ | राष्ट्रिय वन वराह चौर | ६ |

*स्रोत: स्थलगत भ्रमण, २०८१*

## २.१३ नदी, खोला, ताल, सीमसार क्षेत्र सम्बन्धी विवरण

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । यसै गरी यो गाउँपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । गाउँपालिकामा रहेका मुख्य खोला पोखरी, कुलो, तालहरू र सिमसारहरूमा सिस्नेरी रति खोला, धुवा खोला, अधरी खोला, कोबङ खोला दालागैरा सिमसार, गैराखेत सिमसार, वालुवाखेत सिमसार क्षेत्र हुन । यहाँका नदी, खोला, ताल, तथा सीमसारहरूको विवरण निम्न बमोजिम रहेको छ ।

तालिका नं. १०: गाउँपालिकामा भएका नदी, खोला, ताल, सीमासारको विवरण

| क्र.सं. | नदी, खोला, ताल, पोखरी, कुलो, सीमसारको नाम | वडा नं. |
|---|---|---|
| १. | धुवा खोला, बादले खोला, मुलपानी खोला | १ |
| २. | चैतेखोला कुलो, दालागैरा सिमसार, गैराखेत सिमसार, वालुवाखेत सिमसार, बोझ खोला | २ |
| ३. | कोबङ खोला, हितानापाखा खोला | ३ |
| ४. | सिस्नेरी रति खोला, तिनगैरे सिचाइ कुलो | ४ |
| ५. | पसेला, ताउलेरा, लामिदेवाली, सेरागार, चिसापानी, राउटेबारा, गैरीखेत, तिम्ला चोर, ढाडा खोला, अधरी खोला, जुकेपानी टाकुरा, स्याला पेली खेत, चिसापानी, सोतेरा खोला, छली खोला, सिम खोला | ५ |
| ६. | सिमसार क्षेत्रहरु सल्लेरी चौर, चिसापानी, ज्यामीरतारा, ठुलास्वारा, सेरागार, घट्टेनी, गैरी, अघेरा खोला दोभान | ६ |

## २.१४ सार्वजनिक उपयोगको क्षेत्र सम्बन्धी विवरण

सार्वजनिक उपयोगको क्षेत्र भन्नाले सार्वजनिक रुपमा उपयोग हुने यातायात पूर्वाधार क्षेत्र (जस्तै बसपार्क, सडक पेटी, सडक, बाटो, पुल, विमानस्थल समेत), खुला हरित क्षेत्र, बगैंचा, पार्क, चिडियाखाना, पिकनिक स्पट खेल पूर्वाधार तथा मैदान, प्राकृतिक वा मानव निर्मित सम्पदा वा पूर्वाधार रहेको स्थल र सोले चर्चेको जग्गा, मनोरञ्जन स्थल, चौर, चौतारा, टुडिखेल, हाटबजार लाग्ने स्थान, अन्त्येष्टि स्थल, फोहर व्यवस्थापन तथा सरकारी, सार्वजनिक र सामुदायिक विद्यालय, विश्व विद्यालय, लगायत शिक्षण संस्थाले चर्चेको जग्गा भन्ने बुझिन्छ ।

गाउँपालिकाले विभिन्न खुला क्षेत्रको रुपमा विभन्न स्थानहरूमा खुल्ला जमिन, चौर, पार्कहरू छोडेको छ जहाँ स्थानीयहरू प्रकृतिमा रमाउने, मनोरञ्जन तथा खेलकुदको क्रियाकलापहरू गर्ने गरेको पाइन्छ । मनोरञ्जनका विभिन्न उपायहरू मध्ये स्वच्छ तथा प्राकृतिक वातावरणमा रमाउने तथा वनभोज गर्ने चलन सर्वव्यापी र प्राचिन चलन हो । यी क्षेत्रहरूलाई हरित क्षेत्रको रुपमा विश्राम स्थल तथा गाउँपालिकाको प्राकृतिक सुन्दरता कायम गर्न सहयोग गर्दछन् । धार्मिक, सांस्कृतिक तथा पर्यटकिय क्षेत्रको रुपमा रहेका विभिन्न पोखरीहरु, सिमसारहरू, मठमन्दिर, गढी र आश्रमहरू तथा तिनले चर्चेको जग्गाको बिकास, दिगो व्यवस्थापन तथा

संरक्षणको कार्यले स्थानिय जनताको आर्थिक तथा सामाजिक बिकासमा मद्दत गर्दछ। साथै गाउँपालिकामा विभिन्न परम्परागत धार्मिक एवं साँस्कृतिक स्थलहरू रहेका छन्। गाउँपालिकाका अधिकाशं धार्मिक स्थलहरुको आसपासको क्षेत्रहरु खुल्ला क्षेत्र रहेका छन्।

सार्वजनिक र सामुदायिक विद्यालय तथा समुदाय अर्न्तगत भवन र तिनले चर्चेको जग्गालाई पनि सार्वजनिक उपयोग क्षेत्रमा वर्गिकरण गरिएको छ। गाउँपालिकामा शिक्षण संस्थाहरूले ओगटेको भवन तथा खुला चौरहरूको प्रयोग शिक्षण कार्य बाहेक अन्य सार्वजनिक हितका कार्यहरूको पनि गर्न सकिन्छ। मानिसहरूको जमघट, थकान मेटाउन र भलाकुसारीका लागि निर्माण गरिएका सामुदायिक भवन तथा पाटीहरूको महत्व परापूर्व कालदेखी नै बढ्दै आएको हो। नेपाली समाजमा पारिवारिक र सामाजिक क्रियाकलापहरू साथसाथै विभिन्न सामाजिक कार्यक्रम हुने गर्दछन्।


# खण्ड - ३: भू-उपयोगको वर्तमान अवस्था

## ३.१ भू-आवरण तथा भू-बनोट (Geomorphology)

भौगोलिक हिसाबले दार्मा गाउँपालिका २८°३०' देखि २८°५०' उत्तरी अक्षांश र ८२°३३' देखि ८२°५५' पूर्वी देशान्तरसम्म फैलिएको छ। समुन्द्री सतहदेखि १०९७ देखि २४८७ मिटरसम्मको उचाईमा अवस्थित यस गाउँपालिकाको भूभाग सबैजसो पहाडी अर्थात् भिरालो रहेको छ।

भौगर्भिक रुपमा गाउँपालिकाको अधिकांश भूभाग (२५९.३३ वर्ग कि.मि.) लामो समयसम्म विभिन्न पदार्थहरू थुप्रिएर बनेको क्षेत्र (Terai depositional zone) मा अवस्थित छ, जुन उत्तर हिमयुग (२५,८०,००० वर्ष देखि ११,७०० वर्षसम्म) देखि हालसम्मै (recent to Post–Pleistocene quaternary) विभिन्न पदार्थहरू थुप्रिँदा बनेको हो। यहाँको भू-स्वरूप र माटोको विश्लेषण गर्दा सम्पूर्ण क्षेत्र बाढीले बगाएर ल्याई (fluvial deposits) जम्मा गरेको पदार्थहरूले बनेको भन्ने देखिन्छ।

त्यस्तै, गाउँपालिकाको माथिल्लो भुभाग चुरे क्षेत्रभित्र पर्छ। गाउँपालिकाको करीब २५.०४ वर्ग कि.मि. क्षेत्रफलमा चुरे क्षेत्र को तल्लो शिवालिक र माथिल्लो शिवालिकमा पाइने बालुवाढुङ्गा, माटोको ढुङ्गा, खैरो बलौटे ढुङ्गा आदी पाइन्छन।




चित्र नं. २: दार्मा गाउँपालिकाको भु-आकृति नक्सा

तालिका नं. ११: गाउँपालिकाको भू-आवरण तथा भू-बनोट

| क्र.स. | भुगोल | बनोट | क्षेत्रफल वर्ग कि.मि. |
|---|---|---|---|
| १ | Recent Deposit | Alluvium, boulder, gravel, sand, silt and clay. | २५९.३३ |
| २ | Lower Siwalik | Fine grained, hard, grey sandstones interbedded with purple and chocolate coloured shales nodular maroon clays pseudo-conglomerates. | २४.३५ |
| ३ | Upper Siwalik | Coarse boulder conglomerates with irregular bands and lenses of sandstone and thin intercalations of yellow, brown grey sandy clays. | ०.६९ |
| जम्मा | | | २८४.३७ |

दार्मा गाउँपालिकाको भौगर्भिक नक्सा भू-उपग्रहबाट लिइएका उच्च गुणस्तरका तस्विरहरू, DEM, द्वितीय साहित्य र स्थलगत भ्रमण तथा अवलोकनबाट सङ्कलित तथ्याङ्कलाई आधार बनाएर तयार पारिएको हो ।

## ३.२ भू-प्रणाली, माटो र भू-सामर्थ्यता (Land system, soil and land capability)

भू-प्रणालीले भू-उपयोग सम्बन्धी मानवीय क्रियाकलापहरूको साथसाथै सबै प्राकृतिक, भौगोलिक र पारिस्थितिक प्रक्रियाहरूलाई समेट्दछ। भू-प्रणालीको नक्साङ्कनको लागि भू-बनोट विज्ञान-भूमीको विकास र उनीहरूको अस्थायी परिवर्तनहरू, जलविज्ञान र नदी बन्ने प्रक्रिया (Fluvial process), पर्यावरण (पर्यावरणीय प्रक्रिया र तिनीहरूका चरणहरू) अवस्था, आर्थिक (विकास सम्भावना) र सामाजिक (यसलाई प्रयोग गर्ने मानवीय आयाम) आदि पक्षका अवस्था र तिनमा आएका परिवर्तनहरू महत्वपूर्ण आयामहरू हुन् । भू-प्रणाली सम्बन्धि विस्तृत र सहि जानकारीहरू भू-उपयोग योजना र वातावरणीय व्यवस्थापनको लागि महत्वपूर्ण हन्छन् । भू-प्रणाली नक्साङ्कनले धेरै पर्यावरणीय अवयवहरूका साथै स्थानीय भू-बनोटका भिन्नताहरूलाई एकीकृतरूपमा विश्लेषण गर्दछ जुन माटोको गहिराइ, भौतिक र रासायनिक गुणहरू, माटोको प्रोफाइल विकास, माटोको ओस र माटोको कटान (Erodability) र माटोको गुणस्तरसँग जोडिएको हुन्छ ( Wright, 1993) । तसर्थ, भू-प्रणालीको नक्साङ्कनको लागि भू-स्वरूप तथा यसका एकाईहरूको पहिचान सहित विस्तृत माटो सर्वेक्षण तथा नक्साङ्कन गर्नु आवश्यक हुन्छ । दार्मा गाउँपालिकाको भूमि व्यवस्था नक्सा तयार गर्नका लागि (Land Resource Managemet Plan –LRMP) द्वारा परिमार्जन सहित तयार गरिएको सामान्य र प्रायोगिक विधिको प्रयोग गरिएको छ । माटोका अवयवहरू र तीसँग सम्बन्धित भूदृश्य बन्ने प्रक्रियाका बीच घनिष्ट सम्बन्ध छ । माटोको विशेषताहरू मुख्यत: विभिन्न कारकहरू जलवायु, माटो बन्ने सामग्री, मौसम र ढुङ्गा खिइने प्रक्रिया, स्थलाकृति र जैविक पदार्थहरूको उपस्थिति र मानवप्रजातिको हस्तक्षेपद्वारा निर्धारित हुन्छ । अहिलेसम्म भएका धेरै अध्ययनहरूले माटोका गुणहरू र भौगोलिक परिदृश्यहरू (Topographic features) का बीचमा घनिष्ट सम्बन्ध रहेको प्रमाणित गर्दछन् (MacMillan et. Al., 2000Ù ; Young & Hammer, 2000Ù ; MacMillan et. Al., 2003; Ù Hengl & Rossiter, 2003)। स्थलाकृतिलाई भूबनोटको आधारमा परिभाषित गर्न सकिन्छ जस अन्तर्गत भू-बनोटका इकाइहरू र विशिष्ट विशेषताहरू सहितका भूभागहरू पर्दछन् । भू-प्रणालीलाई समान भौगोलिक, भौगर्भिक तथा पारिस्थितीकिय विशेषताहरू भएको क्षेत्रको रूपमा परिभाषित गर्न सकिन्छ । प्रत्येक भूमि प्रणालीमा जमिनको प्रकृति (

Terrain features) तथा माटोको गुणहरूको आधारमा एक भन्दा बढी एकाईहरू समावेश गर्दछ। भू-स्वरूपहरूलाई डिजिटल जमिन विश्लेषण (Digital Terrain Analysis –DTA) नमूनाअनुसार चित्रण गरिएको छ। भू-प्रणाली इकाइहरूलाई भू-स्रोत नक्साङ्कन परियोजना (Land Resource Mapping Project-M LRMP) अध्ययनको आधारमा चित्रण तथा व्याख्या गरिएको छ। सूक्ष्म-स्तरमा भू-अवस्थाको राम्रो प्रतिनिधित्व गर्नका लागि माथिको क्षेत्रीय तहमा गरिएको भू-प्रणाली वर्गीकरणलाई थप उप-एकाईहरूमा वर्गीकृत गरिएको छ। यी उप-एकाईहरू माटो, वर्तमान भू-उपयोग र सम्भावित भू-उपयोग उद्देश्यका हिसाबले एक अर्काभन्दा फरक छन्।

दार्मा गाउँपालिकामा जम्मा १५ प्रकारका भु-स्वरूप एकाईहरू रहेको देखिन्छ। ती मध्ये बाढी प्रभावित क्षेत्र १ख ले बाढी प्रभावित क्षेत्र, १ ग ले खोला/नदीको फाँटको तल्लो बगर (कहिलेकाहीँ बाढीको सम्भावना हुने र वर्षाको समयमा पानी जम्ने ठाउँ) तथा १ घ सापेक्षिक रूपमा अग्लो क्षेत्र (पुरानो खोलाले बगाएर ल्याएको पदार्थहरू हजारौं वर्षसम्म थुप्रिदै जानेक्रममा बनेका तल्ला फाँटहरू)लाई जनाँउछ। त्यसैगरी अन्य बाँकी रहेका भु-स्वरूप एकाईहरू २क, २ख, २घ, ३क, ३ख, ३ग, ३घ, ४क, ५क, ५ख, ७ र ८ सम्बन्धी विवरणहरू तल तालिकामा प्रस्तुत गरिएका छन्।

तालिका नं. १२: दार्मा गाउँपालिकको भू-प्रणाली र माटोका प्रकारहरू

| प्रणाली एकाइ | भुमि स्वरुप (Landforms) | क्षेत्रफल | | भुमि स्वरुपका प्रकार | प्रमुख माटोको प्रकार (Dominant soils) | प्रवल भिरालोप, डिग्रीमा | माटोको बनोट (Domient texture) | भुजल स्तर (Water table) | जल निकास (Drainage) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वर्ग कि.मि. | ५ | | | | | | |
| 1a and 1b | Active Alluvial Plain (Depositional) | 4.15 | 1.46 | Present River Channel Sand and gravel bars | Ustorthents Psamments | <1 | Sandy/Cobbly | 0 to 2m | Subject to severe River flooding |
| 1c | | 0.92 | 0.32 | low terrace | Ustorthents Fluvaquents | <1 | sandy/Cobbly | 0 to 2m | |
| 1d | | 2.97 | 1.04 | higher terrace | ustochrepts haplaquepts | <1 | loamy | 0 to 4m | variable: subject to occational river flooding |
| 2a | Recent alluvial plain 'lower piedmont' (depostional and erosional) | 7.54 | 2.65 | intermediate position, level | Haploquepts | <2 | loamy | 0 to 10 m | Ponding |
| 2b | | 46.55 | 16.38 | Intermediate positionlevel | Haploquepts (Aeric) | <0.5 | loamy | 0 to 6m | Imperfect |
| 2d | | 37.93 | 13.35 | High Position | Haplustolls ustochrepts | <1 | Loamy | 1-10m | Moderately well |
| 3a | Alluvial fan(Apron Comples"Upper Piedmont (Erosional) | 20.48 | 7.21 | Very gentle slope | Haplustolls,Dystrochrepts Ustochrepts | <1 | Loamy | 1 to 10m | Moderarately Well |
| 3b | | 9.78 | 3.44 | gentle slopes | Haplustolls | 1-5 | Loamy/ Bouldery | 2-10m | rapid |
| 3c | | 28.83 | 10.14 | Undulating | Haplustolls | 1 to 3 | loamy | 2 to 10m | well |

| प्रणाली एकाइ | भुमि स्वरुप (Landforms) | क्षेत्रफल | | भुमि स्वरुपका प्रकार | प्रमुख माटोको प्रकार (Dominant soils) | प्रवल भिरालोप, डिग्रीमा | माटोको बनोट (Domінent texture) | भुजल स्तर (Water table) | जल निकास (Drainage) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वर्ग कि.मि. | ५ | | | | | | |
| 3d | | 37.20 | 13.09 | Highly dissected | Ustochrepts | 0 to 20 | loamy | >2m | rapid |
| 4a | Active and recent Alluvial Plains | 0.38 | 0.08 | Sand and gravel bars | Ustorthents Psamments | <1 | Sandy/ Cobbly | 0-2m | Subject to severe river flooding |
| 5a | Fans, Aprons and ancient river terraces (Tars) | 0.78 | 0.27 | Very gentle slopes | Haplustolls Dystrochrepts Rhodustaifs | <1 | Loamy | 1-15m | Moderately well |
| 5b | | 0.42 | 0.15 | Gentle slopes | Haplustolls Dystrochrepts Rhodustaifs | 1-5 | Loamy/ Bouldery | 2-15m | Rapid |
| 7 | Moderately to steeply sloping Hilly and Mountainous terrain | 2.32 | 0.81 | Moderately to steeply slopes | Lithic, Typic and anthropic Subgroups of Dystrochrepts Ustochrepts | <20 | Loamy Skeletal | No water table <1m to bedrock | Well |
| 8 | Steeply to very steeply sloping Hilly and Mountainous Terrain | 84.12 | 29.6 | Steeply to very steeply slopes | Lithic Subgroups of 7 and Ustorthents | >20 | Loamy Skeletal | No water table <50cm to bedrock | Rapid |
| | | 284.37 | 100 | | | | | | |

### ३.२.१ माटोको अवस्था

पि एच मान, प्राङ्गारिक पदार्थ तथा नाइट्रोजन, फस्फोरस र पोटासको मात्राको आधारमा माटोको उर्वराशक्तिलाई कम, मध्यम र बढीमा वर्गीकरण गरिन्छ। माटो तथा खाद्यतत्वको दिगो व्यवस्थापनका लागि माटो परिक्षण गरी नतिजाका आधारमा प्राङ्गारीक मल नाइट्रोजन र फस्फोरसको प्रयोग गर्नुपर्ने हुन्छ। यस क्षेत्रको माटोको उर्वराशक्ति धेरै देखि मध्यम खालको रहेको छ। माटोको अवस्थाको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १३: माटोको अवस्थाको विवरण

| माटोको अवस्था | बढी | कम | औषत |
|---|---|---|---|
| पि.एच मान | ८.८ | ५.९ | ७.२ |
| प्राङ्गारिक पदाथ | ४.४१ प्रतिशत | ०.७७ प्रतिशत | २.३२ प्रतिशत |
| नाइट्रोजन तत्व | ०.२१ प्रतिशत | ०.०४ प्रतिशत | ०.११ प्रतिशत |
| फस्फोरस तत्व | १४३.३ के.जी. प्रति हेक्टर | ७.९२ के.जी. प्रति हेक्टर | ५५.०२ के.जी. प्रति हेक्टर |
| पोटास | ४२२.८ के.जी. प्रति हेक्टर | ७९.८९ के.जी. प्रति हेक्टर | १९४.४२ के.जी. प्रति हेक्टर |
| जिन्क | १.५७ पि.पि.एम | ०.११ पि.पि.एम | ०.६० पि.पि.एम |


*https://soil.narc.gov.np/soil/soilmap/*


## ३.३ वर्तमान भू-उपयोग

दार्मा गाउँपालिकाको वर्तमान भू-उपयोगको अवस्था चित्र ३ मा देखाइएको छ। जम्मा ८१.४० वर्ग किलोमिटर भू-भाग मध्ये ५१.६८ प्रतिशत कृषि, ४३.१६ प्रतिशत वन जंगल तथा वनस्पति तथा ०.३६ प्रतिशत नदी/खोलानालाले ओगटेको छ। त्यसैगरी आवास क्षेत्रले करिब ३.१० प्रतिशत र व्यवसायिक क्षेत्रले ०.०५ प्रतिशत क्षेत्रफल ओगटेको छ। वर्तमान भू-उपयोग बारे विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १४: गाउँपालिकाको भू-उपयोग सम्बन्धी विवरण


| जमिनको किसिम | क्षेत्रफल (वर्ग कि.मि.मा) | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र (AGR) | ४२.०६५९ | ५१.६८% |
| व्यवसायिक क्षेत्र (COM) | ०.०४३४६ | ०.०५% |
| सांस्कृतिक तथा पुरातात्विक क्षेत्र (CUL) | ० | ०.०% |
| वन जंगल तथा वनस्पति (FOR) | ३५.१३११ | ४३.१६% |
| खोलानाला तथा सिमसार क्षेत्र (HYD) | ०.२९५७४ | ०.३६% |
| सार्वजनिक क्षेत्र (PUB) | १.३४२०८ | १.६५% |
| आवासीय क्षेत्र (RES) | २.५२५०५ | ३.१०% |
| उद्योग क्षेत्र | ० | ० |
| खानी तथा खनिज क्षेत्र | ० | ० |
| अन्य क्षेत्र | ० | ० |
| **जम्मा** | ८१.४०३३ | १०० |




चित्र नं. ३: दार्मा गाउँपालिकाको वर्तमान भू-उपयोग नक्सा


यस परियोजनाका भू-उपयोग विशेषज्ञले भू-उपयोग अद्यावधी परियोजना सम्बन्धमा प्रस्तुती गर्नु भयो । त्यस पश्चात स्थानीय आवश्यकताको आधार र सुझावका लागि सहभागिहरु लाई आह्वान गरियो र आएका भू-उपयोग अद्यावधी सम्बन्धी सम्पूर्ण सुझावहरुलाई टिपोट गरियो ।




चित्र नं. ४: दार्मा गाउँपालिकाको प्रस्तावित भू-उपयोग नक्सा

## ३.४ भिरालोपन, मोहडा, उचाइ र स्वरूप

### ३.४.१ भिरालोपन




चित्र नं. ५: दार्मा गाउँपालिकाको भिरालोपन नक्शा

जमिनको भिरालोपनले मानव गतिविधिहरू र भू-उपयोगलाई प्रत्यक्षरूपमा प्रभाव पार्दछ। भिरालोपनलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा वर्तमान र सम्भावित विकास कार्यलाई प्रभाव पार्ने प्रमुख प्राकृतिक कारकको रूपमा लिइन्छ। यसले प्रत्यक्ष रूपमा भू-क्षमता/सामर्थ्यतालाई प्रभाव पार्दछ भने अप्रत्यक्ष रूपमा भिरालोपनले भू-सतहमा अस्थिरता निम्त्याउँछ। यसले माटो बन्ने प्रक्रियालाई प्रभाव पर्नुका साथै माटोमा भूक्षय र पानीको बहावलाई नियन्त्रण गर्दछ। यसले माटोको विशेषतालाई प्रभाव पार्ने माटो बन्ने अन्य कारकहरूलाई समेत प्रभाव पार्दछ। यसलाई भु-स्वरूप, भूमिका प्रकारहरू, र भूमि एकाइहरूलाई छुट्टाउने प्रमुख आधारको रूपमा पनि प्रयोग गरिन्छ। समग्र दार्मा गाउँपालिकाको भिरालोपन निकै बढी छ, अर्थात्, ५ डिग्री कम भिरालोपन देखि ५० डिग्री अति भिरालोपन रहेको छ। खेती गरिएको जमिनमध्ये झण्डै ८२ प्रतिशत जमिन ३० डिग्री भन्दा माथि भिरालोपन रहेको छ।

तालिका नं. १५: भिरालोपन (Slope) र क्षेत्रफल

| क्र सं | भिरालोपन (डिग्री) | क्षेत्रफल (वर्ग किमि) | क्षेत्रफल (%) |
|---|---|---|---|
| १ | ० - ५ | १७७.८१ | ६२.५६ |
| २ | ५ - १० | २४.४७ | ८.६१ |
| ३ | १० - २० | ३३.२९ | ११.६९ |
| ४ | २० - ३० | ३५.५० | १२.४९ |
| ५ | ३० - ४० | ११.७५ | ४.१३ |
| ६ | ४० - ६५ | १.४४ | ०.५१ |
| कुल | | २८४.३७ | १०० |

### (क) Slope 0°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने गह्रा बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन क्षेत्र तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको अवस्थामा माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं वसन्ते बाली पनि लगाउन सकिन्छ।

### (ख) Slope 5° - 30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति उपयुक्त हुँदैन। पशु चरन र आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन क्षेत्र विकासलाई यस प्रकारको जमिनमा प्रश्रय

दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउँछ । यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको समिष्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्दा शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**ग) Slope ३०°–४०° माटोको गहिराई २० से.मि. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**

माटोको पत्र २० से.मि. मात्र गहिराइ भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ । यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ. जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ. यस वर्गमा पर्ने जमिनहरूमा गाईवस्तुलाई चराउने चलन कडाइका साथ नियन्त्रण गर्नुपर्छ. यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनु हुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतीको लागि उपयुक्त हुँदैन।


**घ) Slope >४०° माटोको गहिराई २० से.मि. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस गाउँपालिकाको भिरालोपन ७३ डिग्री सम्म रहेको छ । यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पति खेतीका लागि अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैँ एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (reclaim)गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

### ३.४.२ मोहडा

मोहडा (Aspect) ले जमिन कुन दिशातर्फ फर्किएर रहेको छ र जमिनको सूर्यसँगको सम्पर्क कस्तो छ भन्ने जानकारी दिन्छ । सामान्यतया भिरालोपनमा विषमता हुँदा जमिनको मोहडामा समेत विषमता हुन्छ ।





चित्र नं. ६: दार्मा गाउँपालिकाको मोहडा नक्शा

तालिका नं. १६: दार्मा गाउँपालिकाका मोहडाको विवरण

| मोहडा | कुल वर्ग किमी | प्रतिशत |
|---|---|---|
| समथर मैदान | १.१७ | ०.४१ |
| उत्तर | २८.८५ | १०.१५ |
| उत्तर पूर्व | २९.८३ | १०.४९ |
| पूर्व | ३५.८७ | १२.६२ |
| दक्षिण पूर्व | ४०.३८ | १४.२१ |
| दक्षिण | ४५.३८ | १५.९१ |
| दक्षिण पश्चिम | ३९.५० | १३.८९ |
| पश्चिम | ३३.९५ | ११.९५ |
| उत्तर पश्चिम | २९.४४ | १०.३६ |
| कुल | २८४.३७ | १०० |


### ३.४.३ उचाई

उचाइ नक्साले चित्रण गरिएका क्षेत्रको विभिन्न उचाइहरूलाई देखाउँदछ । उचाईहरू प्राय: समुन्द्रको सतह बाट मिटर वा फिटमा नापिन्छ । उचाइले मौसम साथै मानिस कहाँ र कसरी बस्दछन् भन्ने कुरालाई प्रभाव पार्दछ । समुन्द्र सतहबाट ४५७ मिटरभन्दा माथि र २५०० मिटरभन्दा तलको पहाडी भू-भाग भित्र पहाडका कुना- कन्दराहरुमा समथर मैदान, बेसी र टारहरु छरिएर रहेका छन् । यस गाउँपालिका समुन्द्री सतहबाट १०९७ मि. देखि २४८७ मि. सम्ममा अवस्थित छ । उत्पादनको दृष्टिकोणले अत्यन्त उर्वर टार तथा वेसी र फाँटहरुले गाँउपालिकाको खाद्यान्न उत्पादनमा महत्वपुर्ण भुमिका खेलेको छ ।




चित्र नं. ७: दार्मा गाउँपालिकाको उचाइ नक्सा

## ३.५ प्राकृतिक जलनिकास प्रणाली




चित्र नं. ८: दार्मा गाउँपालिकाको नदी सञ्जालको नक्सा

जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न यस गाउँपालिकामा खोला, पोखरी, कुलो, तालहरु र सिमसार क्षेत्रहरु प्रशस्तै देख्न सकिन्छ जसले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। जस्तै : सिस्नेरी रति खोला, धुवा खोला, अधरी खोला, कोबङ खोला दालागैरा सिमसार, गैराखेत, सिमसार, बालुवाखेत सिमसार महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका छन्। गाउँपालिकामा भएका नदी, खोला, ताल तथा सीमसारहरुको विवरण निम्न बमोजिम रहेको छ।

तालिका नं. १७: नदी, खोला, ताल, सीमसारको विवरण

| क्र. सं. | नदी, खोला, ताल, पोखरी, कुलो, सीमसारको नाम | वडा नं. |
|---|---|---|
| १ | धुवा खोला, बादले खोला, मुलपानी खोला | १ |
| २ | चैतेखोला कुलो, दालागैरा सिमसार, गैराखेत सिमसार, बालुवाखेत सिमसार, बोझ खोला | २ |
| ३ | कोबङ खोला, हितानापाखा खोला | ३ |
| ४ | सिस्नेरी रति खोला, तिनगैरे सिचाइ कुलो | ४ |
| ५ | पसेला, ताउलेरा, लामिदेवाली, सेरागार, चिसापानी, राउटेबारा, गैरीखेत, तिम्ला चोर, ढाडा खोला, अधरी खोला, जुकेपानी टाकुरा, स्याला पोली खेत, चिसापानी, सोतेरा खोला, छली खोला, सिम खोला | ५ |
| ६ | सिमसार क्षेत्रहरु सल्लेरी चौर, चिसापानी, ज्यामीरतारा, ठुलास्वारा, सेरागार, घट्टेनी, गैरी, अघेरा खोला दोभान | ६ |

## ३.६ प्राकृतिक प्रकोप

सल्यान जिल्लाको प्रकोप प्रभावित विभिन्न स्थानहरु मध्ये यो गाउँपालिका पनि एक हो। यहाँ हरेक वर्ष विपद्का कारण बिशेष गरि पहिरो र बाढीबाट जनधनको अपूरणीय क्षति भइरहेको छ। बाढीले कृषिजमिन, बालीनाली र अन्य भौतिक सम्पत्तीहरूलाई कटान गरेर, खोतल्ने, डुबान भइ खेतीबारिमा माटो थुपारेर बालीनालीमा क्षति पुऱ्याउने तथा भू-स्खलनका कारण खाद्य असुरक्षा तथा सडक अबरोध तथा दुर्घटनाको हुने गरेको छ। यस बाहेक, भूकम्प, आगलागी, हावाहुरी र चट्याङ्ग र खडेरी अन्य प्रकारका प्राकृतिक जोखिमहरू गाउँपालिकामा विद्यमान छन्। गर्मी समयमा मानव सिर्जित अथवा प्राकृतिक कारणले हुने आगलागीका कारण यहाँको वनजङ्गलमा क्षति पुग्दछ।

प्राकृतिक तथा मानव श्रृजित जोखिमहरुले जुनसुकै अवस्थामा प्रकोप तथा विपद् हुन सक्ने खतरा हुनाले यस्ता जोखिमहरुलाई न्यूनीकरण गर्न समय सापेक्षित विपद् व्यवस्थापनको कार्यक्रम आवश्यक देखिन्छ।

तालिका नं. १८: गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी र डुबान | गाउँपालिकामा विशेषतः साना ठुला नदी/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भूभागहरू बर्षेनी डुवान र कटान गरी क्षति पुऱ्याईरहेको र डोजरबाट खनिएको सडकहरुमा प्राय बाढी तथा पहिरो जाने। पहिरोको कारण भौतिक | जेष्ठ–असोज |

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| | | पूर्वाधार, सडक संजाल तथा सार्बजनिक भवनहरुमा क्षति पुग्ने गरेको । बालीनालीहरु र खाद्य सुरक्षा पहिरो कारण प्रभावित हुने । | |
| ३ | आगलागी | गाउँपालिकामा सुख्खा मौसममा जनचेतनाको कमी, बारी तथा खऱ्यानको भ्यास (घुऱ्यान) डढाउने क्रममा जंगलमा आगो लगाउने र सलाई, चुरोट, विडी जस्ता आगो जन्य वस्तुहरु लापरवाही रुपमा प्रयोग गर्नाले खास गरी चैत्र देखि जेष्ठ सम्म आगलागीका घटनाहरु भई रहने गर्दछ । तर कतिपय स्थानहरुमा राम्रो घाँस र मलको आशमा जानवुझी आगो लगाई दिने प्रचलन रहेको छ । | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्‍चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ६ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ७ | जंगली जनावर आतंक | गाउँको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाई नपुगेका भागहरू | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा चट्याङ्गबाट मानिस लगायत चौपायाहरुको मृत्यु हुने घटनाहरु हुने गरेका छन । | जुनसुकै समयमा |

### ३.६.१ बाढी तथा पहिरो संवेदनशीलता नक्सा

गाउँपालिकामा विशेषत: वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भूभागहरू बर्षेनी डुवान र कटान गरी क्षति पुऱ्याईरहेको हुन्छ। वर्षायाममा नदि तटीय क्षेत्रमा बसोवास गर्ने समुदायहरुले प्रत्येक बर्ष बाढी र पहिरोको सामना गरीरहनुपरेको छ भने पहिरोका कारण सडक भाँसिने तथा पुरिने र सडक अवरोध तथा दुर्घटना, झाडापखाला तथा भौतिक संरचनाको विनासले जनजिवनमा नकरात्मक प्रभाव पारेको देखिन्छ । बाढी पहिरोबाट निम्न अनुसारको जोखिम हुन सक्ने देखिन्छ :


- माथिल्लो तटिय क्षेत्रमा भएका वस्ती पहिरोले वगाउने र समथर भू-भागमा थुप्रिने ।
- खोला किनार वरपरका वस्तीहरु बाढीले वगाउने, डुबाउने ।
- खोलानाला तर्ने क्रममा मानिस वगाउने
- बाढी तथा पहिरो गई सडक अवरुद्ध हुने

आगामी दिनमा हुन सक्ने बाढी, पहिरो, नदीको कटान जस्ता विपदबाट गाउँ, वस्ती, वालीनाली, स्वास्थ्यमा पुऱ्याउन सक्ने जोखिमको विश्लेषण गर्दै त्यस प्रति सजग रहन, राहत तथा उद्धार कार्यका लागि बाढी पहिरो संकटाभिमुखता तथा जोखिम पहिचान गनुपर्ने हुन्छ जुन विपद् व्यवस्थापनको प्रमुख उद्देश्य हो । यसका लागिस्थलगत भ्रमण तथा भू-उपग्रह बाट प्राप्त नक्सामा आधारित रही नदीको स्वरूप तथा त्यसमा आउने परिवर्तन, बाढीको डोब, नदीको पुरानो बाटो, भू-आवरण र नदीले थुपारेका गिट्टी तथा वालुवाका विशेषताहरू (River Morphology And Flood Footprints, Old Channels, Topography, Sediment Characteristics),

भिरालोपन, पहिरोग्रष्त क्षेत्र आदिको गहन अध्ययन गरी बाढी तथा पहिरो संवेदनशीलता नक्सा तयार गरिएको छ । गाउँपालिकाको कुल क्षेत्रफलमध्ये करिब १४.१६% भू-भाग बाढीबाट अति संवेदनशील, १८.६५% भू-भाग मध्यम संवेदनशील रहेको छ ।

तालिका नं. १९: बाढी संवेदनशील क्षेत्र

| क्र.सं | जोखिमका प्रकार | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | उच्च सम्वेदनशिल | ४०.२३ | १४.१६ |
| २ | मध्यम सम्वेदनशिल | ५२.९९ | १८.६५ |
| ३ | न्यून सम्वेदनशिल | १.०५ | ०.३६ |
| ४ | पोन्डिङ्ग | ७.५२ | २.६४ |
| ५ | खोला नाला तथा पोखरी | ६.२५ | २.०२ |
| ६ | जङ्गल | १७६.०३ | ६१.९६ |
| कुल | | २८४.३७ | १०० |




चित्र नं. ९: गाउँपालिकाको बाढी संवेदनशीलता नक्सा


### ३.६.२ भूकम्पीय संवेदनशीलता

नेपाल 'मेन हिमालयन थ्रस्ट' अर्न्तगत पर्छ । यो थ्रस्टकै कारण नेपाल संधै भूकम्पिय जोखिममा परेको हो । यसले हिमालय क्षेत्रमा ठुल्ठुला भूकम्प ल्याउने गर्छ । भौगर्भिक अवस्थाको कुरा गर्दा पूर्वमा अफगानिस्तानदेखि पश्चिममा बर्मासम्म फैलिएको हिन्दकुश हिमालय शृंखलाको अति संवेदनशील मानिने तीन हजार पाँच सय किलोमिटर भूकम्पीय क्षेत्रको आठ सय किलोमिटर क्षेत्र, जुन सो शृंखलाको मध्य भागमा रहेको खण्डचाहिँ

नेपालमै पर्ने भएकाले नेपाललाई उच्च भूकम्पीय जोखिममा रहेको भूकम्पविद्हरूले मान्ने गरेका छन् । अध्ययनहरूका अनुसार भूकम्प निम्त्याउन सक्ने ९२ वटा फल्ट लाइन नेपालकै भूमिमुनि छन् । इन्डियन प्लेट र तिब्बती प्लेट बिचको जब संघात (कोलिजन) हुन्छ, यो संजित इनर्जीमा सिधै असर गर्छ र तलबाट प्लेट माथितिर ठेलिन्छ । यसरी प्लेट माथितिर ठेलिंदा इनर्जी थेग्न नसकेर रिलिज हुन्छ र भूकम्प आउँछ । प्लेट तल नझरी माथि सर्दा हुने भूकम्पलाई थ्रस्ट टाइपको भूकम्प भनिन्छ । नेपालको भूकम्पीय इतिहास हेर्दा प्रत्येक ७५ देखि सय वर्षमा एक महाभूकम्प र प्रत्येक ५० वर्षमा मध्यम खालको भूकम्प गएको देखिन्छ ।

भूकम्पविद्का अनुसार नेपाल भूकम्पीय जोखिममा पर्नुका मुख्य कारणहरूमध्ये नेपालको भौगर्भिक अवस्था र मानव निर्मित भौतिक संरचना मुख्य जिम्मेवार छन् । आचारसंहिता विपरीत बनाइएका भौतिक संरचनाहरू, साँघुरा र अव्यवस्थित सडकहरू, सहरी क्षेत्रमा पर्याप्त खुला ठाउँको अभाव लगायतका कारणले गर्दा पनि नेपालका अधिकांश सहर भूकम्पीय जोखिममा छन् ।

२०१५ अप्रिल २५, को गोरखा भूकम्प मध्य नेपालको काठमाडौं सहर नजिकै आएको भीषण भूकम्प थियो । करिब ९,००० मानिसको ज्यान गएको थियो, हजारौंभन्दा बढी घाइते भएका थिए, र काठमाडौं र आसपासका अन्य ६ लाखभन्दा बढी संरचनाहरू ध्वस्त भएका थिए । भूकम्पको धक्का मध्य र पूर्वी नेपाल, उत्तरी भारतको गंगा नदीको मैदान र उत्तरपश्चिम बंगलादेशका साथै तिब्बतको पठारको दक्षिणी भाग र पश्चिमी भुटानमा पनि महसुस गरिएको थियो ।




भूकम्प एक प्राकृतिक विपद् भएकाले यो कति बेला आएर कति मात्रामा जनधनको क्षति गर्छ भन्ने कुरा अग्रिम रूपमा आँकलन गर्न सकिँदैन । त्यसरी नै भूकम्प गए लगत्तै त्यसले गरेको क्षतिलाई तत्काल कम गर्न पनि सकिँदैन । यद्यपि पूर्वयोजना बनाएर सोहीअनुरूप कार्यान्वयन गर्न सकिएमा भूकम्प लगायतका विपत्तिहरूबाट हुनसक्ने क्षतिलाई अवश्यै कम गर्न सकिन्छ । यसका लागि भौतिक संरचनाहरू बनाउँदाको समयदेखि नै उचित ध्यान दिनुका साथै आमजनमानसमा भूकम्पीय जोखिमसम्बन्धी चेतना फैलाउनु पनि त्यत्तिकै जरुरी छ ।

# खण्ड - ४ : भू-उपयोग ढाँचा र परिवर्तन


## ४.१ वि.सं. २०५९, २०७५ र २०७९ मा भू-उपयोगमा आएको परिवर्तन

दार्मा गाउँपालिकाको बिस्तृत भू-भाग कर्णाली प्रदेशको पहाडी क्षेत्रमा पर्दछ । पहाड, खोलानाला तथा कृषि फाँट तथा टार क्षेत्रमा भइरहेको सामाजिक-आर्थिक संरचनाको बिकासको कारण यहाँको भूमि प्रयोजनमा परिवर्तन आएको देख्न सकिन्छ । भू-उपयोग योजना तर्जुमा गर्दा त्यहाँको आवरणमा भइरहेको यथार्थ अवस्था र वर्तमान समयमा भैराखेको उपयोग प्रणालीको यथार्थ जानकारी आवश्यक हुन्छ ।

विगत २० वर्षको अवधिमा आवासीय, व्यावसायिक, सार्वजनिक तथा उद्योग क्षेत्रहरू उल्लेख्य रूपमा बढेको देखिन्छ तर कृषि क्षेत्रले ओगटेको क्षेत्रफलमा भने कमी आएको छ । यसबाट केही कृषि क्षेत्र क्रमश: निर्माण तथा आवास क्षेत्रहरूमा रूपान्तरण भएको सङ्केत देखिन्छ । त्यसैगरी जल तथा पोखरी क्षेत्रमा पनि सानो परिवर्तन आएको छ । देशका अन्य स्थानीय तहहरूको तुलनामा दार्मा गाउँपालिकामा भू-उपयोगमा आएको परिवर्तन नगन्य मात्रामा देखिन्छ ।

तालिका नं. २०: वि.सं. २०५९, २०७५ र २०७९ बीचको भू-उपयोग क्षेत्रफलको तुलना

| क्रस | भउपयोग क्षेत्र | वर्ष २०५९ | | वर्ष २०७५ | | वर्ष २०७९ | | परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|
| | | वर्ग कि. मि | % | वर्ग कि. मि | % | वर्ग कि. मि | % | २०५९-२०७९ |
| १ | कृषि | ९५.०६ | ३३.४३ | ४२.०६५९ | ५१.६८% | ९०.४३ | ३१.८० | ४.६२ |
| २ | वन | १७५.८४ | ६१.८३ | ३५.१३११ | ४३.१६% | १७६.०३ | ६१.९० | -०.२० |
| ३ | आवासीय | ५.५६ | १.९५ | २.५२५०५ | ३.१०% | ८.५६ | ३.०१ | -३.०० |
| ४ | औद्योगिक | १.१२ | ०.३९ | ० | ० | २.५३ | ०.८९ | -१.४१ |
| ५ | सार्वजनिक प्रयोग | ०.३७ | ०.१३ | १.३४२०८ | १.६५% | ०.५० | ०.१८ | -०.१३ |
| ६ | सांस्कृतिक र पुरातात्विक | ०.०४ | ०.०१५ | ० | ० | ०.०६ | ०.०२ | -०.०२ |
| ७ | खोला र नदी | ६.३९ | २.२५ | ०.२९५७४ | ०.३६% | ६.२५ | २.१९ | ०.१४ |
| कुल | | २८४.३७ | १०० | २८४.३७ | १०० | २८४.३७ | १०० | |




चित्र नं. १०: दार्मा गाउँपालिका भूमि आवरण नक्सा (२०७५)

# खण्ड - ५: भू-उपयोग क्षेत्र निर्धारण

## ५.१ भू-उपयोगको अवधारणा

भू-उपयोग नक्साङ्कन भूमिको एक विशिष्ट उद्देश्यको लागि दिगो प्रयोगको उपयुक्तताको मूल्याङ्कनमा आधारित रहेर गरिएको हुन्छ । जमिनको उच्चतम सदुपयोग गर्दै दिगो विकासका विविध लक्ष्यहरू हासिल गर्नका लागि जमिनको उपयुक्तता वर्गीकरण (Suitability Classification) गर्नु आवश्यक हुन्छ उपयुक्तता वर्गहरू सबैभन्दा उच्च देखि न्यूनसम्म निर्धारण गरिएको हुन्छ । त्यसैले प्रत्येक क्षेत्रहरूको उपयुक्तता स्तर निर्धारण सँगै उपयुक्तता वर्ग निर्दीष्ट गरिएको हुन्छ । विभिन्न भू-उपयोग वर्ग तथा उद्देश्यका लागि उपयुक्तता र कार्यशर्तमा आधारित रही भू-उपयोग क्षेत्रहरूलाई एघारवटा विस्तृत वर्गहरूमा वर्गीकरण गरिएको छ । ती वर्गीकरण गरिएका क्षेत्रहरू यस प्रकार छन्: कृषि, वन, उद्योग, बसोबास, वन्यजन्तु संरक्षण, पर्यटन र मनोरन्जन, सिमसार क्षेत्र, र पार्क तथा प्राकृतिक क्षेत्र ।

समग्र गाउँपालिकाको अधिकांश भू-भाग समुन्द्र सतहदेखि १०९७ देखी २४८७ मीटर सम्मको उचाइमा फैलिएर रहेकोले भू-क्षय, नदी किनारमा कटान र बाढीको खतरा विद्यमान रहेको देखिन्छ । गाउँपालिकाको दिगो विकासका लागि वैज्ञानिक भू-उपयोग वर्गीकरण मार्फत् उपलब्ध सिमित भू-स्रोतहरूको बुद्धिमानीपूर्वक व्यवस्थापन गर्नु आवश्यक छ, जसले गर्दा भू-संसाधन ह्रासमा कमी, भू-संसाधनको अभाव र भू-उपयोगका विवादास्पद सवाल तथा मुद्दाहरू समाधान हुन्छन ।

विशेष गरी हालका दशकहरूमा गाउँपालिकामा जनसंङ्ख्या वृद्धि र आप्रवासीहरूको प्रवाहले गर्दा भू-उपयोगमा आएको परिवर्तन महसुस गरिएको छ जसले गर्दा पर्याप्त भौतिक पूर्वाधारको अभाव र अव्यवस्थित आवासीय क्षेत्रहरूको विस्तार हुँदै गएको छ ।

सुस्त गतिमा भए पनि बढ्दो शहरीकरण र आन्तरिक तथा बाह्य बसाइँसराइले अनियोजित वस्तीहरू विस्तार हुँदै जानुका साथै कृषिका लागि उर्वर भूमि घट्दै जानु र उत्पादकत्वमा ह्रास आउन थालेको देखिन्छ ।

यसका साथै उर्वर कृषि जमिनहरूमा अव्यवस्थित आवासहरू निर्माण भएका छन् । यसका साथै रोजगारको खोजीमा युवा जनशक्तिहरू पलायन हुनाले पर्याप्त श्रमिक अभावका कारण उपलब्ध कृषि भूमि समेत उपयोग गर्न सकिएको छैन । यहाँ भूमिको उपयुक्तता र क्षमता अनुसार बाली उत्पादन हुन सकेको भेटिदैंन । यी कारणहरूले गर्दा दार्मा गाउँपालिकाले भविष्यमा खाद्यान्न असुरक्षा, अव्यवस्थित वस्ती, भू-संसाधनको दुरूपयोग र अस्थिर उपयोग, जैविक विविधतामा ह्रास, वन विनास, प्राकृतिक प्रकोप, वातावरणीय क्षय र अन्य दिगो विकासका चुनौतीहकोरू सामना गर्नु पर्ने देखिन्छ ।

माथि उल्लेखित भू-उपयोग र भू-व्यवस्थापनका मुद्दाहरूलाई मध्यनजर गर्दै नेपाल सरकारले भू-उपयोग नीति सन् २०१५ तर्जुमा गरेको छ र भू-उपयोग ऐन २०७६ (सन् २०१९) पारित गरिसकेको छ । यी नीति तथा ऐनमा बढ्दै गैरहेको अनियोजित, अवैध र अव्यवस्थित वस्ती विकास, खाद्य सुरक्षा, प्रकोप तथा जोखिम व्यवस्थापन र अन्य जमिन सम्बन्धि खराब व्यवस्थापन लगायतका मुद्दाहरूलाई दुरगामी-दृष्टिकोण सहितको वैज्ञानिक भू-उपयोग नक्साङ्कन र योजना मार्फत् सम्बोधन गर्न जोड दिइएको छ । त्यसैगरी स्थानीय निकायहरूलाई पनि भूमि व्यवस्थापन, सहकारी र गरिबी निवारण मन्त्रालयसँगको सहकार्यमा भू-उपयोग नीतिलाई अनुसरण गर्दै भू-उपयोग नीति तयार पार्न प्रोत्साहन गरेको छ ।

## ५.२ भू-उपयोग क्षेत्र वर्गीकरणका सिद्धान्तहरू

भू-उपयोग क्षेत्र सिमाङ्कनको महत्वलाई ध्यानमा राख्दै भूमि सुधार तथा व्यवस्थापन मन्त्रालय, राष्ट्रिय भू-उपयोग परियोजनाले जारी गरेको प्राविधिक निर्देशिकालाई अनुसरण गर्दै भू-उपयोग क्षेत्र सिमाङ्कनका लागि निम्नानुसारका लक्ष्यहरू निर्दिष्ट गरिएको छ ।

- कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक सेवा क्षेत्र लगायत अन्य प्रयोजनका लागि जमिनको वर्गीकरण गर्ने ।
- वातावरणीय सन्तुलन कायम गर्दै सम्भावित आवासीय, व्यवसायिक, औद्योगिक र सार्वजनिक उपयोगिताका क्षेत्रहरू पहिचान गर्ने ।
- कृषि उत्पादकत्वमा वृद्धि गर्दै भूमिको गुणस्तर, भू-सामर्थ्यता, सिँचाइ सुविधाको उपलब्धता आदिका आधारमा कृषि जमिनलाई तुलनात्मक लाभदायक उप-क्षेत्रहरूमा वर्गीकरण गर्दै उत्पादकत्व गर्ने ।
- प्राकृतिक संसाधनहरू जस्तै: वन, झाडी, नदी, खोला र जमिन आदिको समुचित संरक्षण गर्न
- भूमि उपयोग नीति २०७२ द्वारा परिकल्पना गरिएको भू-उपयोग क्षेत्रका अन्तर्निहित सिद्धान्तहरू:
- परस्पर सहयोगी भू-उपयोगलाई बढवा दिने (Promoting complementary land use), जसले सन्तुलित वातावरण कायम गर्न र उर्वर कृषिभूमिको संरक्षण गर्दै खाद्य सुरक्षाको अवस्थामा सुधार ल्याउन मद्दत गर्दछ ।
- प्रतिस्पर्धी भू-उपयोगलाई कायम राख्ने (Maintaining competitive land use) जसले अनुकुलता, सामर्थ्यता र उपयुक्तता अनुसार भूमिको अधिकतम उपयोग गर्न योगदान पुऱ्याउँछ ।
- परस्पर विरोधी भू-उपयोग प्रयोगलाई निरुत्साहित (Avoiding conflicting land use) गर्दै मानव गतिविधिको विशेष क्षेत्रलाई बढावा दिने, जसले भूमिबाट अधिकतम लाभ उठाउनका साथै जोखिम / खतरायुक्त क्षेत्र प्रयोग हुन बाट बचाउँछ ।
- अनाधिकृत भू-उपयोग नियन्त्रण र हतोत्साहित गर्ने,
- अव्यवस्थित सहरीकरणका साथै जमिन खण्डिकरणलाई नियन्त्रण गर्ने,
- भू-उपयोग क्षेत्र नक्साङ्कन अनुसार विशिष्ट भूमि पार्सलहरू प्रयोग गर्न प्रोत्साहित गर्ने,
- आर्थिक, सामाजिक तथा विकासमा आइरहेको देशको वर्तमान तथा भविष्यका आवश्यकतालाई सम्बोधन गर्ने ।


भू-उपयोग क्षेत्र सिमाङ्कन सिद्धान्तले निर्देशित गरे अनुसार "भू-उपयोग नीति २०७२" मा भू-उपयोग क्षेत्र सिमाङ्कनका लागि निम्नलिखित विस्तृत खाकाहरू उल्लेख गरिएको छ ।

- *भू-सामर्थ्यता/उपयुक्तताको आधार:* भू-बनोट (भौगोलिक एवम् भौगर्भिक), सामर्थ्यता र उपयुक्ततालाई भू-उपयोग नक्साङ्कनको प्रमुख आधार मानिन्छ ।

- *मौजुदा भू-उपयोगको आधार:* स्थान विशेषको हाल मौजुदा भू-उपयोग भू-बनौट, सामर्थ्यता र उपयुक्तता अनसुार रहेको र प्रकोप जोखिम मुक्त भएमा उपयुक्त भू-उपयोग क्षेत्र निर्धारण गरिनेछ ।
- आवश्यकताको आधार: राज्यले सार्वजनिक हित तथा भौतिक पूर्वाधार विकास लगायत अन्य प्रयोजनका लागि निर्दिष्ट उपयोगभन्दा फरक उपयोगमा प्रयोग गर्नु पर्ने अवस्था आएमा सो बमोजिम उपयोग गर्न सक्ने गरि भू-उपयोग क्षेत्र निर्धारण गर्न सकिने छ ।

## ५.३ विधि तथा मापदण्डहरू

भू-उपयोग नक्साङ्कनलाई बहु-मापदण्डिय विश्लेषण (Multi Criteria Analysis) दृष्टिकोणबाट केही मुख्य मापकहरू जस्तै: भू-व्यवस्था, माटोका विशेषताहरू, भौगोलिक विशेषताहरू र भू-सामर्थ्यता आदिको आधारमा मूल्याङ्कन गरिएको छ । विश्लेषणको क्रममा अध्ययन क्षेत्रको सामाजिक तथा वातावरणीय पक्षलाई समेत ध्यान दिइएको छ । भू-उपयोग क्षेत्रको निर्क्योल गर्नका लागि अन्तिम बहु-मापदण्डिय विश्लेषणको परिणाम र अध्ययन क्षेत्रको सम्मिश्रित जोखिम नक्सा प्रयोग गरेर निकालिएको हो । चित्र २२ ले भू-उपयोग क्षेत्र निर्धारणका लागि आवश्यक सामान्य दृष्टिकोण र विधिगत ढाँचालाई दर्शाउँछ ।




चित्र नं. ११: भू-उपयोग नक्साङ्कन ढाँचा

नियममा आधारित बहु मापदण्डिय मूल्याङ्कन (Rule based Multi Criteria Evaluation- MEC) विधिको प्रयोग गरेर यस गाउँपालिकाको भू-भागलाई निम्नानुसारका भू-उपयोग क्षेत्रहरूमा वर्गीकरण गरिएको छ : कृषि क्षेत्र, आवासीय क्षेत्र, वाणिज्य क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र, खोलानाला तथा तालतलैया क्षेत्र, खानी तथा खनिजक्षेत्र, सार्वजनिक सेवा क्षेत्र र अन्य क्षेत्रहरू । स्थानिय स्तरको वस्तुगत अवस्था विश्लेषण र गाउँपालिकाका अधिकारीहरू तथा अन्य सरोकारवालाहरू सँगको अन्तरक्रियाबाट प्राप्त सुझावहरूका आधारमा प्रत्येक भू-उपयोग क्षेत्रका प्रकारहरूलाई आवश्यक र सम्भावित उप-वर्गमा विभाजन गरिएको छ ।

बहु-मापदण्डिय विश्लेषणमा प्रयोग भएका निविष्टि (Inputs) भौगर्भिक सूचना प्रणाली नक्साका तहहरू हुन् जसले भू-व्यवस्था/प्रणाली एकाई, माटोका विशेषताहरू, भू-आकृति विशेषताहरू, भू-सामर्थ्यता र

जोखिमहरूलाई भौतिक मापक (Physical parameters) का रूपमा जनाउँछन् । त्यस्तै भू-उपयोग , पूर्वाधार र सामाजिक-आर्थिक तथा जनसाङ्ख्यिक तथ्याङ्कहरूलाई सांस्कृतिक निविष्टिका रूपमा प्रयोग गरिएको छ । यी मापदण्डहरूलाई कारकहरू (Factors) र अवरोधहरू (Constraints) गरि मोटामोटी रूपमा दुई प्रकारमा वर्गीकरण गरिएको छ । कारकहरू अन्तर्गत भू-व्यवस्था, भू-सामर्थ्यता/उपयुक्तता, माटो, सडक र बस्तीबाट हाल भू-उपयोग भएको क्षेत्रको दुरी आदि पर्दछन भने अवरोधहरूमा जोखिम, वर्तमान वनजङ्गल र संरक्षित क्षेत्रहरू, आवासीय, व्यवसायिक क्षेत्र, सांस्कृतिक र पुरातात्विक स्थानहरू आदि समावेश गरिन्छन् ।

भू-उपयोग क्षेत्र वर्गीकरणका लागि, उपयुक्ततामा आधारित भू-उपयोग क्षेत्र प्रकारहरू निर्धारण गर्ने कारकहरू र अवरोधहरूमा सम्बन्धित literatures समीक्षाका आधारमा बुलियन तर्क (Boolean logic) प्रयोग गरेर अवधारणागत मोडेल विकसित गरि GIS मोडेल प्रयोग मार्फत विश्लेषण गरिएको छ (Berube 2014, Eastman and Jiang 1996, & Weber 1929)|

## ५.४ भू-सामर्थ्यता वर्गीकरण तथा पदानुक्रम

भू-सामर्थ्यता वर्गीकरणले प्राकृतिक स्रोत संरक्षण र दिगो भूमि व्यवस्थापन र यसको प्रणाली स्वचालित बनाउन र फसल-विशिष्ट भूमि उपयुक्तता मूल्याङ्कनका लागि आधारको रूपमा काम गर्न मद्दत पुऱ्याउँदछ । सामान्यतया, सुधारिएको भूमि मूल्याङ्कन प्रयासहरूले राम्रो माटो र प्राकृतिक स्रोत संरक्षण, थप दिगो कृषि प्रणाली, र खाद्य सुरक्षा वृद्धि गर्न योगदान गर्न सक्छ । भू-स्रोत नक्साङ्कन परियोजना (Land Resource Mapping Project-M LRMP -1986) योजनाको अनुसरण गर्दै भूमि सामर्थ्यता वर्गलाई निम्नानुसार वर्गीकरण गरि व्यवस्थित गरिएको छ ।

***वर्ग १ (Class I):*** जमिनहरू लगभग सम्म परेको (भिरालोपन १ डिग्री) र गहिरो माटो भएको । कृषि वा वनका लागि केही सीमितताहरू हुने ।

***वर्ग २ (Class II):*** थोरै भिरालोपन भएको (१-५ डिग्री भिरालोपन) र माटो गहिरो र पानीको राम्रो निकास भएको । खेतीयोग्य वा कृषि कार्य गर्दा भू-क्षय रोक्नका लागि गह्रा बनाउन आवश्यक हुन्छ भने वन सम्बन्धी प्रयोगको लागि भू-आवरण सम्भार गर्ने लगायतका मर्मत कार्यहरू गर्नु आवश्यक हुन्छ ।

***वर्ग ३ (Class III):*** हल्का देखि धेरै भिरालोपन भएको (भिरालोपन ५-३० डिग्री), ५०-१०० सेन्टीमिटर तलसम्म माटो भएको र पानीको राम्रो निकास भएको जमिन यो वर्गमा पर्दछ । यस वर्गको जमिनमा परम्परागत वनको रूपमा प्रयोग गर्न केही सीमितताहरू हुने हुँदा पर्याप्त भूमि आवरणको अवस्था कायम राख्नु पर्दछ । कृषि उपयोगका लागि भू-क्षय रोक्न गह्रा बनाउनु अनिवार्य हुन्छ ।

***वर्ग ४ (Class IV):*** अत्यधिक भिरालोपन (>३० डिग्री भिरालोपन) भएको, खेती गर्न धेरै ठाडो भएको वा कृषि कार्यको लागि उपयुक्त हुने सीमाभन्दा माथि उचाई भएको जमिन यो वर्गमा पर्दछ । यस्तो जमिनमा माटो २० सेन्टीमिटर भन्दा तल रहेको र राम्रो देखि मध्यम रूपमा पानीको निकास भएको हुन्छ । यस्तो जमिन इन्धनको लागि प्रयोग गरिने दाउरा, घर पालुवा जनावरको लागि घाँस तथा काठ उत्पादनका लागि उपयुक्त हुन्छ । यस्तो जमिनमा भू-क्षय कम गर्न स्थायीरूपमा वनस्पतिजन्य भू-आवरण कायम गर्नु पर्दछ ।

***वर्ग ५ (Class V):*** जमिनमा माटो २० सेन्टीमिटर भन्दा गहिरो भएको र भिरालोपन ३० डिग्री भन्दा कम रहेको, पर्वतीय (Alpine) रूखहरू हुर्कने वा बारम्बार बाढी आइरहने नदी आसपासका क्षेत्रहरू यस वर्गमा पर्दछन् ।

***वर्ग ६ (Class VI):*** भिरालोपन ४०-५० डिग्री भएको वा हल्का भिरालो जमिन जहाँ माटोको तह २० सेन्टीमिटर भन्दा कम हुन्छ, यो वर्गमा पर्दछ । कमजोर पुनरुत्थान सम्भावनायुक्त र अत्यधिक भू-क्षयको जोखिम हुने यस्तो भूभाग असाध्यै कमजोर मानिन्छ ।

***वर्ग ७ (Class VII):*** चट्टान तथा बरफ रहेको भू-भाग

त्यस्तै सिँचाइ उपयुक्तता वर्गीकरणका लागि (LRMP -1986) प्रयोग गरिएको छ । यो गाउँपालिकाको भू-भागलाई विशेष गरि सामर्थ्यता वर्ग १ र वर्ग २ अन्तर्गतका कृषियोग्य भूभागहरूको सिँचाइ र कृषि सामर्थ्यता पहिचान गर्नका लागि भू-वर्गीकरण विधि प्रयोग गरिएको छ ।

### ५.४.१ सामर्थ्यता वर्ग

सामर्थ्यता वर्गहरू पदानुक्रम संरचनामा उच्च क्रममा हुन्छन् । भू-सामर्थ्यता वर्गहरू भू-प्रणाली एकाइहरूबाट सिधै ल्याइएका हुन् । तिनीहरूले खासगरि माटोको भौतिक अवस्था र व्यवस्थापकीय विकल्पहरूलाई प्रतिबिम्बित गर्दछन् । दार्मा गाउँपालिकामा भू-सामर्थ्यता नक्साङ्कनका लागि निम्नानुसारका भू-सामर्थ्यता वर्गहरू परिभाषित गरिएको छः

***वर्ग १ (Class I):*** जमिनहरू लगभग सम्म परेको (भिरालोपन १ डिग्री) र गहिरो माटो भएको । कृषि वा वनका लागि केही सीमितताहरू हुने ।

***वर्ग २ (Class II):*** थोरै भिरालोपन भएको (१-५ डिग्री भिरालोपन) र माटो गहिरो र पानीको राम्रो निकास भएको । खेतीयोग्य वा कृषि कार्य गर्दा भू-क्षय रोक्नका लागि गह्रा बनाउन आवश्यक हुन्छ भने वन सम्बन्धी प्रयोगको लागि भू-आवरण सम्भार गर्ने लगायतका मर्मत कार्यहरू गर्नु आवश्यक हुन्छ ।

***वर्ग ३ (Class III):*** हल्का देखि धेरै भिरालोपन भएको (भिरालोपन ५-३० डिग्री), ५०-१०० सेन्टीमिटर तलसम्म माटो भएको र पानीको राम्रो निकास भएको जमिन यो वर्गमा पर्दछ । यस वर्गको जमिनमा परम्परागत वनको रूपमा प्रयोग गर्न केही सीमितताहरू हुने हुँदा पर्याप्त भूमि आवरणको अवस्था कायम राख्नु पर्दछ । कृषि उपयोगका लागि भू-क्षय रोक्न गह्रा बनाउनु अनिवार्य हुन्छ ।

***वर्ग ४ (Class IV):*** अत्यधिक भिरालोपन (>३० डिग्री भिरालोपन) भएको, खेती गर्न धेरै ठाडो भएको वा कृषि कार्यको लागि उपयुक्त हुने सीमाभन्दा माथि उचाई भएको जमिन यो वर्गमा पर्दछ । यस्तो जमिनमा माटो २० सेन्टीमिटर भन्दा तल रहेको र राम्रो देखि मध्यमरूपमा पानीको निकास भएको हुन्छ । यस्तो जमिन इन्धनको लागि प्रयोग गरिने दाउरा, घर पालुवा जनावरको लागि घाँस तथा काठ उत्पादनका लागि उपयुक्त हुन्छ । यस्तो जमिनमा भू-क्षय कम गर्न स्थायीरूपमा वनस्पतिजन्य भू-आवरण कायम गर्नु पर्दछ ।

***वर्ग ५ (Class V):*** जमिनमा माटो २० सेन्टीमिटर भन्दा गहिरो भएको र भिरालोपन ३० डिग्री भन्दा कम रहेको, पर्वतीय (Alpine) रूखहरू हुर्कने वा बारम्बार बाढी आइरहने नदी आसपासका क्षेत्रहरू यस वर्गमा पर्दछन् ।

माटोको उर्वरताशक्ति, स्थलाकृति (Topography), भू-संवेदनशीलता र जल निकासी मापदण्डमा आधारित रहेर भू-सामर्थ्यता मूल्याङ्कन गरिएको छ । सामर्थ्यता वर्ग १ (Class I) भू-भाग न्यून भिरालोपन (१ डिग्री) वा लगभग सम्म परेको र माटो गहिरो हुन्छ । कृषि वा वनका लागि भने यस्तो भू-भागमा केही सीमितताहरू छन् । यस्ता जमिनमा सिँचाईका लागि उपयुक्त हुने हुँदा विविध अन्न बाली, नगदे बाली र तरकारी बाली लगाउन सकिन्छ । उचित जमिन तथा माटो व्यवस्थापन मार्फत् यस्तो भू-भागमा देखिने माटोको कम उर्वराशक्ति तथा पानी निकासको कमिलाई सुधार गरि उच्चतम फाइदा लिन सकिन्छ ।

## ५.५ भू-उपयोग क्षेत्र निर्धारण सम्बन्धी ऐन तथा नियमावलीले तोकेको मापदण्ड

भू-उपयोग ऐन २०७६ तथा नियमावली २०७९ अनुसूची-१ बमोजिम निम्नानुसार भूउपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड तथा क्षेत्रफल तय गरिएको छ ।

**(क) कृषि क्षेत्र:** देहाय बमोजिम प्रयोग भएको जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गरिनेछ :

(१) अन्नबाली, दलहन, तेलहन वा अन्य नगदे बाली लगायतको खेतीपातीको लागि उपयोग भइरहेको जग्गा,

(२) फलफूलको बगैंचा वा नर्सरी, तरकारी, सागपात, व्यावसायिक फूलको खेती, सोको नर्सरी लगायतको जग्गा,

(३) पशुपन्छी पालन वा पशुपन्छीको आहाराको लागि प्रयोग हुने दाना, घाँस वा वनस्पति उत्पादन लगायतको लागि उपयोग भएको जग्गा,

(४) सरकारी र सार्वजनिक वनक्षेत्र बाहेकका आवादी क्षेत्रभित्र भएका खरबारी, घाँसे मैदान, चरन क्षेत्र तथा रूख वा झाडी भएको जग्गा,

(५) निजी जग्गामा वन पैदावार वा जडीबुटी उत्पादन गर्ने उद्देश्यले हुर्काइएका वनस्पति वा जडिबुटी भएको जग्गा,

(६) निजी वा सरकारी सार्वजनिक जग्गामा कृत्रिम पोखरी बनाई माछापालन गरिएको जग्गा,

(७) कृषि उत्पादनको रेखदेख गर्न, भण्डार गर्न, सुकाउन तथा प्रशोधन गर्न वा पशुपालनको लागि प्रयोग भएको कुनै पनि भौतिक संरचना वा घर, टहरा आदि भएको जग्गा,

(८) खनजोत गरी खेती लगाउन तयार गरिएको जग्गा वा खेती लगाउन उपयुक्त हुन सक्ने आवाद लायक पर्ती वा बाँझो जग्गा,

(९) बसोबास, व्यावसायिक क्षेत्र वा अन्य उपयोग भएको क्षेत्रसँग जोडिएको भए तापनि कित्ताको क्षेत्रफल पाँच हजार वर्ग मिटरभन्दा बढी भई खेती गरिएको वा खनजोत गरिएको वा पर्ती बाँझो जग्गा,

(१०) एकै स्थानमा विभिन्न कित्ताहरू जोडिएर एक हेक्टर वा सोभन्दा बढी क्षेत्रफलमा खेती गरिएका वा खनजोत गरिएका वा पर्ती बाँझो खेतीयोग्य जग्गा ।

**(ख) आवासीय क्षेत्र:** देहाय बमोजिम प्रयोग भएको जग्गालाई आवासीय क्षेत्रमा वर्गीकरण गरिने छः

(१) कृषि उपजको रेखदेख, भण्डारण तथा प्रशोधन, पशुपालन वा उद्योग कलकारखाना सञ्चालनको प्रयोजन बाहेक नागरिक आवासको रूपमा प्रयोग भएको भवन, घर, टहरा वा सो भएको जग्गा,

(२) व्यक्तिगत घर र सोसँग जोडिएका बगैंचा, ग्यारेज, आँगन र सो प्रयोजनको लागि प्रयोग हुने व्यक्तिगत बाटो आदि रहेको जग्गा,

(३) एकभन्दा धेरै परिवारहरू बस्ने विकसित अपार्टमेन्ट, बहुतले भवन वा आवासीय फ्ल्याट रहेको जग्गा, सो प्रयोजनको लागि छुट्याइएको बाटो, सामूहिक ग्यारेज, पार्किङ्ग स्थल, बगैंचा, चौर, मनोरञ्जनस्थल लगायत रहेको जग्गा,

(४) ग्रामीण क्षेत्रमा बनेको घर, आँगन, चोक, घरसँगै रहेको गोठ, ची, करेसाबारी, बगैंचा लगायतले चर्चेको जग्गा,

(५) बसोबासका लागि आवश्यक आधारभूत भौतिक पूर्वाधार, सडक, विद्युत, खानेपानी वा ढल निकास लगायतको व्यवस्था भएको क्षेत्रमा रहेको एक हजार वर्ग मिटरभन्दा साना कित्ताका जग्गा,

(६) बसोबास क्षेत्रमा उपयोग गर्न आवश्यक न्यूनतम पूर्वाधारको विकास भएको कित्ता जग्गा रहेको ठाउँबाट एक सय मिटरको अर्धव्यासको क्षेत्रमा एक सय पचास एकात्मक परिवार आवास इकाई वा दशभन्दा बढी संयुक्त परिवार आवास इकाई भएको जग्गा ।

**(ग) व्यावसायिक क्षेत्र:** देहाय बमोजिम प्रयोग भएको जग्गालाई व्यावसायिक क्षेत्रमा वर्गीकरण गरिनेछः

(१) सामूहिक रूपमा वस्तु वा सेवाको खरिद बिक्री हुने स्थल रहेको घरजग्गा तथा सो प्रयोजनको लागि छुट्याइएको जग्गा,

(२) विभिन्न किसिमका व्यापारिक, व्यावसायिक र मनोरञ्जनस्थल रहेको क्षेत्र तथा सो प्रयोजनको लागि उपयोग भएको घर रहेको जग्गा वा सो प्रयोजनको लागि छुट्याइएको जग्गा,

(३) निजी क्षेत्रबाट सञ्चालन गरिएको शिक्षा, स्वास्थ्य, सञ्चार लगायत सेवा उपलब्ध गराउने स्थल वा सोको लागि प्रयोग भएको घर र घरले चर्चेको जग्गा,

(४) कुनै वस्तु वा यन्त्र उपकरणको मर्मतसम्भार वा सफा गरिने स्थल वा भण्डारण गरिएको स्थल वा सो प्रयोजनका लागि प्रयोग भएको घर र घरले चर्चेको जग्गा,

(५) कुनै व्यावसायिक क्रियाकलाप सञ्चालन नभए तापनि सोको पूर्वाधार समेत उपलब्ध भएको र सो घर वा जग्गा रहेको स्थानबाट एकसय मिटरको अर्धव्यासमा करिब पचास व्यावसायिक कारोबार रहेको स्थल, सोको लागि प्रयोग भएको घर र तिनले चर्चेको जग्गा,

(६) सरकारी, सार्वजनिक वा निजी क्षेत्र समेतले सेवा प्रदान गर्न स्थापना गरेको कार्यालय तथा तिनले चर्चेका जग्गा वा भविष्यमा निर्माणको लागि छुट्याइएको जग्गा,

(७) पर्यटकीय गतिविधिमा उपयोग भइरहेको क्षेत्रले चर्चेको जग्गा।

**(घ) औद्योगिक क्षेत्र:** देहाय बमोजिम प्रयोग भएको जग्गालाई औद्योगिक क्षेत्रमा वर्गीकरण गरिनेछः

(१) कुनै वस्तु वा कच्चा पदार्थ उत्पादन गर्ने उद्योग वा वर्कशप रहेको स्थल, सो प्रयोजनका लागि निर्माण भएका घर वा टहरा तथा उद्योग सञ्चालनको लागि प्रयोग भएको जग्गा,

(२) खाद्यान्न प्रशोधन, उपभोग्य वस्तु, पेय पदार्थ उत्पादन तथा प्रशोधन स्थल तथा सो प्रयोजनका लागि छुट्याइएको जग्गा,

(३) विभिन्न मेसिनरी औजार, यन्त्र उपकरण, सवारी साधन निर्माणस्थल तथा सोको लागि छुट्याइएको जग्गा,

(४) कपडा तथा पोशाक उत्पादन स्थल तथा सो प्रयोजनको लागि छुट्याइएको जग्गा, ..

(५) सजावट सामग्री, निर्माण सामग्री, काठजन्य उद्योग लगायत सञ्चालनमा रहेको स्थल तथा सो प्रयोजनको लागि छुट्याइएको जग्गा,

(६) कुनै उद्योग सञ्चालन तथा रेखदेख गर्न आवश्यक घर, टहरा तथा वर्कशपले चर्चेको जग्गा तथा कच्चा पदार्थ भण्डारण गर्न उपयोग गरिएको जग्गा,

(७) उद्योगबाट उत्पादित फोहरजन्य पदार्थको विसर्जन गर्ने प्रयोजनका लागि प्रयोग भएको जग्गा,

(८) नेपाल सरकारले घोषणा गरेका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र लगायत सो क्षेत्रले चर्चेको जग्गा ।

**(ङ) खानी तथा खनिज क्षेत्र:** देहाय बमोजिमको क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गरिनेछ:

(१) जमीनको सतहमा (ढुङ्गा, गिट्टी, बालुवा समेत) वा (जमीन मुनि (फलाम, जस्ता, तामा समेत) विभिन्न किसिमका खानी भएको क्षेत्र,

(२) जमीन मुनि विभिन्न किसिमका खनिज पदार्थ (पेट्रोलियम पदार्थ, ग्याँस, सुन, चाँदी वा अन्य बहुमूल्य धातु) फेला परेको क्षेत्र,

(३) खानी वा खनिज पदार्थ उत्खनन भइरहेको वा भइसकेको र हाल खाली रहेको वा फेला परेको क्षेत्र ।

**(च) वन क्षेत्र:** प्रचलित कानून बमोजिम वन क्षेत्र भनी परिभाषा गरिएको र देहाय बमोजिम प्रयोग भएको जग्गालाई वन क्षेत्रमा वर्गीकरण गरिनेछ:

(१) पूर्ण वा आंशिक रूपले रुख तथा वनस्पतिले ढाकिएको जग्गा,

(२) सरकारी, सामुदायिक, कबुलियती, धार्मिक लगायत सबै प्रकारका वन जङ्गल भएको जग्गा,

(३) रुख तथा वनस्पति वृक्षारोपण गरिएका सरकारी वा सार्वजनिक जग्गा,

(४) रुख तथा वनस्पति नभएको भए तापनि अन्य प्रयोजनको रूपमा वर्गीकरण नभएका झाडी, बुट्यान आदि भएको जग्गा,

(५) प्राकृतिक चरन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, मध्यवर्ती क्षेत्र तथा संरक्षित क्षेत्र रहेको जग्गा,

(६) पानीको मुहानलाई संरक्षण गर्न हुर्काइएका वा - जोगाइएका रूख तथा वनस्पतिले ढाकेको सरकारी वा सार्वजनिक जग्गा,

(७) नदी उकासबाट प्राप्त गरी निजी जग्गा बाहेकका वनक्षेत्रका लागि तोकिएको जग्गा,

(८) प्रचलित वन सम्बन्धी कानून बमोजिम वन क्षेत्र जनिएको जग्गा ।

**(छ) नदी, खोला, ताल, सिमसार क्षेत्र:** देहाय बमोजिमको क्षेत्रलाई नदी, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गरिनेछ:

(१) नदी, खोला तथा सोको जलप्रवाहको क्षेत्र, किनारा डील र बगर क्षेत्र समेत,

(२) नहर तथा सोको डिल,

(३) प्राकृतिक ताल, पोखरी तथा सोको डिल,

(४) साबिकको नदी वा खोला बगेको र हाल नदी, खोला उकास भई बगर वा ढुङ्ग्यान कायम भएको क्षेत्र,

(५) बग्ने पानी नभए पनि पानी जमेको वा जम्ने सम्भावना भएको सिमसार वा रामसार क्षेत्र ।

**(ज) सार्वजनिक उपयोगको क्षेत्र:** देहाय बमोजिम प्रयोग भएको जग्गालाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गरिनेछः

(१) विभिन्न किसिमका यातायात पूर्वाधार (जस्तै बन्दरगाह, बसपार्क, कारपार्क, सडक पेटी, सडक, बाटो, रेल्वे, पुल, विमानस्थल समेत) सार्वजनिक रूपमा उपयोग हुने क्षेत्रले ओगटेको जग्गा,

(२) शहरी क्षेत्रको खुला हरित क्षेत्र, बगैंचा, पार्क, चिडियाखाना, पिकनिक स्पट, खेल पूर्वाधार तथा मैदान लगायत रहेको सार्वजनिक स्थल,

(३) सार्वजनिक आवागमन हुने प्राकृतिक वा मानव निर्मित सम्पदा वा पूर्वाधार रहेको स्थल र सोले चर्चेको जग्गा,

(४) सार्वजनिक रूपमा उपयोग हुने मनोरञ्जन स्थल, चौर, फाँट, चौतारा, टुंडिखेल, हाटबजार लाग्ने स्थान, अन्त्येष्टि स्थल, फोहर व्यवस्थापन स्थल लगायत सोले चर्चेको जग्गा,

(५) सरकारी, सार्वजनिक र सामुदायिक विद्यालय, विश्वविद्यालय, लगायत शिक्षण संस्थाले चर्चेको जग्गा ।

**(झ) सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र**: देहाय बमोजिमको क्षेत्रलाई सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्रमा वर्गीकरण गरिनेछः

(१) विभिन्न समुदायले धार्मिक, सांस्कृतिक, वा परम्परागत रूपमा पूजा, अर्चना वा उपासना गर्ने स्थल,

(२) विश्व सम्पदा सूचीमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक क्षेत्र,

(३) विभिन्न ऐतिहासिक दरबार, भवन, किल्ला, गढी, स्तम्भ लगायत ढाँचा, निर्माण वा अन्य स्थल, (४) नेपाल सरकारले पुरातात्त्विक महत्त्वको भनी परिभाषित गरेको वा संरक्षण गर्ने भनी तोकेका क्षेत्र ।

**(ञ) नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र:**

(१) खण्ड (क) देखि (झ) सम्ममा उल्लिखित क्षेत्रभित्र नपर्ने विशिष्ट किसिमको भूउपयोग क्षेत्र, (२) स्थानीय आवश्यकता अनुसार छुट्याउनु पर्ने अन्य कुनै भूउपयोग क्षेत्र ।

आवश्यकताको आधारमा, गाउँपालिकामा अन्य क्षेत्रहरू पनि हुन सक्छन् । तर भू-उपयोग ऐन २०७६, नियमावली २०७९ लाई अनुसरण गरेर तयार गरिएको यस  अध्ययननमा समग्र भू-भागलाइ तालिका १७ मा देखाइए अनुसारका क्षेत्र र उप-क्षेत्रहरूमा वर्गीकरण गरिएको छ ।

तालिका नं. २१: अध्ययन क्षेत्रको भू-उपयोग

| क्षेत्र नं. | क्षेत्रका प्रकार | क्षेत्रका उप-प्रकार | विवरण |
|---|---|---|---|
| क्षेत्र १ | कृषि क्षेत्र | क्षेत्र १ क | अन्नबाली उत्पादन क्षेत्र |
| | | क्षेत्र १ ख | नगदेबाली उत्पादन क्षेत्र |
| | | क्षेत्र १ ग | फूल उत्पादन क्षेत्र |
| | | क्षेत्र १ घ | पशुपालन क्षेत्र |
| | | क्षेत्र १ ङ | माछापालन क्षेत्र |
| | | क्षेत्र १ च | कृषि-वन क्षेत्र |
| | | क्षेत्र १ छ | अन्य कृषि क्षेत्र |

| क्षेत्र नं. | क्षेत्रका प्रकार | क्षेत्रका उप-प्रकार | विवरण |
|---|---|---|---|
| क्षेत्र २ | आवासीय क्षेत्र | क्षेत्र २ क | हालको आवासीय क्षेत्र |
| | | क्षेत्र २ ख | सम्भावित आवासीय क्षेत्र |
| क्षेत्र ३ | व्यापारिक/वाणिज्य क्षेत्र | | व्यापारिक क्षेत्र,बैंक तथा वित्तिय क्षेत्र |
| क्षेत्र ४ | औद्योगिक क्षेत्र | क्षेत्र ४ क | हालका औद्योगिक क्षेत्रहरू |
| | | क्षेत्र ४ ख | औद्योगिक सम्भावित क्षेत्रहरू |
| क्षेत्र ५ | वन क्षेत्र | क्षेत्र ५ क | हालको वन क्षेत्र |
| | | क्षेत्र ५ ख | सम्भावित वन क्षेत्र |
| क्षेत्र ६ | सार्वजनिक प्रयोग क्षेत्र | क्षेत्र ६ क | सडक, रेलवे, बसपार्क, एयरपोर्ट र फोहर व्यवस्थापन आदि क्षेत्रहरू |
| | | क्षेत्र ६ ख | खुला ठाउँहरू, वनभोज क्षेत्रहरू, खेल मैदान र रङ्गशाला आदि |
| | | क्षेत्र ६ग | चरन क्षेत्र |
| | | क्षेत्र ६ घ | खुला क्षेत्र |
| | | क्षेत्र क | सरकारी संस्थागत क्षेत्र, स्वास्थ्य, शिक्षा, पुस्तकालय, प्रहरी चौकी, दमकल स्टेशन, टेलिफोन, बिजुली आदि क्षेत्रहरू |
| क्षेत्र ७ | नदीनाला, खोला, तालतलैया तथा पोखरी क्षेत्र | क्षेत्र ७ क | हाल विद्यमान नदीनाला, खोला तथा पोखरी क्षेत्र |
| | | क्षेत्र ७ ख | सम्भावित नदीनाला, खोला, तालतलैया तथा पोखरी क्षेत्र |
| क्षेत्र ८ | सांस्कृतिक तथा पुरातात्विक | क्षेत्र ९ क | हालको सांस्कृतिक र पुरातात्विक क्षेत्र |
| | | क्षेत्र ९ ख | सम्भावित सांस्कृतिक र पुरातात्विक क्षेत्र |
| क्षेत्र ९ | अन्य | क्षेत्र १० | अन्य क्षेत्र (आवश्यकता अनुसार) |

भू-उपयोग वर्गीकरण कार्यक्रमका लागि निम्न लिखित मुख्य उद्देश्यहरूलाई व्यवहारिक मार्गनिर्देशनहरूको रूपमा अनुसरण गर्नुपर्दछ:

- जनसङ्ख्या, वातावरण र दिगो विकासको दृष्टिकोणबाट सन्तुलित भू-उपयोग कायम गर्नका लागि विभिन्न भू-उपयोग क्षेत्रहरूबिचको अनुपातलाई कायम गर्ने र कृषि, वन, बसोबास, औद्योगिक र व्यवसायिक क्षेत्र, जल क्षेत्र, सार्वजनिक प्रयोग, सांस्कृतिक तथा पुरातात्विक र अन्य आवश्यकीय प्रयोजनहरूको लागि जमिनको वर्गीकरण गर्ने ।
- भौगोलिक विशेषता, भू-सामर्थ्यता र माटोको गुणस्तरको आधारमा क्षेत्रहरू पहिचान र वर्गीकरण गर्ने । कृषि उत्पादन, फलफूल, नगदे बाली र जडिबुटी उत्पादन जस्ता आय आर्जन गर्न सकिने

क्षेत्रहरूबाट तुलनात्मक रूपमा बढी लाभ लिन सकिने क्षेत्रहरूको पहिचान गरि भू-नक्साङ्कन गर्ने ।

- वातावरणीय सन्तुलन कायम राख्दै तथा जलश्रोत, जङ्गल र अन्य जैविक संसाधनहरूको संरक्षण गर्दै विद्यमान आवास क्षेत्र तथा शहर उन्मुख ग्रामीण क्षेत्रहरूमा आवास, शहरीकरण, औद्योगिकीकरण र अन्य गैर कृषि उद्देश्यका लागि उपयुक्त भुमि पहिचान तथा वर्गीकरण गर्ने ।
- परिवर्तन उन्मुख मुख्य क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्रहरूलाई वातावरणमैत्री रूपमा योजनावद्ध ढङ्गले विकास गर्ने ।

## ५.६ मापदण्ड बमोजिम भू-उपयोग वर्गीकरणको लागि अपनाइएका आधारहरू

भू-उपयोग वर्गीकरणमा आउन सक्ने बाधा र अवसरहरूको कारकहरूलाई विचार गर्दै दार्मा गाउँपालिकाको भू-उपयोग नक्साङ्कन गर्दा बहु-मापदण्डिय विश्लेषण गरिएको छ । यस अध्ययनमा भू-उपयोग वर्गीकरण गर्दा दुई-चरणीय दृष्टिकोण (Two step approach) को प्रयोग गरिएको छ ।

पहिलो चरणमा जमिनको स्थलाकृति, माटो, जलवायु, प्राकृतिक जोखिम, र जल निकासको अवस्था जस्ता जैविक भौतिक विशेषताहरूमा आधारित भूमिको अन्तर्निहित क्षमताहरूलाई विचार गरेर भू-उपयोग वर्गीकरण गरिएको थियो । यी जैविक भौतिक विशेषताहरू भू-व्यवस्था एकाई नक्साबाट लिइएका हुन् । कृषि, गाईवस्तु, र वन भू-उपयोगसँग सम्बन्धित आठ भू-क्षमता वर्गहरू प्रस्ताव गरिएको छ ।

दोस्रो चरणमा, प्रकोप जोखिम मूल्याङ्कन, सडक संञ्जाल र पहुँच, हालको अवस्था र भविष्यमा थप विस्तार गर्न सकिने सम्भावना भएका बजार केन्द्र तथा व्यवसायिक क्षेत्रहरूलाई आधार मानेर उपयुक्त आवासीय, वाणिज्य, औद्योगिक, सांस्कृतिक र पुरातात्विक क्षेत्रहरूको पहिचान गरिएको छ । यसरी भू-उपयोग नक्साङ्कन गर्दा स्थानीय सरकारले परिकल्पना गरेका कृषि पकेट क्षेत्रहरूलाई विचार गरिएको छ । तालिकामा देखाइए जस्तै विभिन्न प्रयोजनका लागि भू-नक्साङ्कन गर्दा आइपर्ने चुनौती र अवसरहरूलाई मध्यनजर गर्दै भू-उपयोग नक्साङ्कन मापदण्डको विस्तृत विवरणलाई अपनाइएको छ ।

### ५.६.१ कृषि क्षेत्र

- हाल मौजुदा रहेको कृषियोग्य क्षेत्रहरू जस्तैः तरकारी खेती, धान खेती, गहुँ खेती, र फलफूल खेती क्षेत्रलाई कायम राख्ने ।
- माटोको उर्वराशक्ति उच्च वा मध्यमस्तरको रहेको
- अन्य प्रयोजनबाट बाँकी रहेको जमिन
- राम्रोसँग जल निकास भएको उर्वर जमिन
- गम्भीर बाढी सम्भावित क्षेत्रबाट टाढा रहेको
- सिँचाई सुविधाको सम्भावना भएका क्षेत्रहरू

**क) माछा पालन**

- हालका विद्यमान माछापालन क्षेत्रलाई यथावत राख्ने,

- पर्याप्त पानी उपलब्धता भएका क्षेत्रहरू,
- अन्य स्थानीय स्तरमा गैह्री परेका क्षेत्रहरू जहाँ पोखरीहरू विकास गर्न सकिन्छ,

**ख) कुखुरा पालन (हाल नक्सामा राख्न नमिलेको)**

- हालको उपयुक्त कुखुरा पालन क्षेत्रहरूलाई यथावत् राख्ने,
- आवासीय क्षेत्रबाट टाढा
- सडक सञ्जालको पहुँच भएको
- जोखिम-मुक्त क्षेत्रहरू

**ग) पशुपालन**

- हालका उपयुक्त पशुपालन क्षेत्रहरूलाई यथावत् राख्ने
- जोखिम-मुक्त क्षेत्रहरू
- हालको वा प्रस्तावित आवासीय/व्यवसायिक क्षेत्रको परिधि भित्रको लाई प्राथमिकता दिने

### ५.६.२ आवासीय क्षेत्र

- जोखिममुक्त हाल विद्यमान आवासीय क्षेत्रहरूलाई त्यस्तै राख्ने
- जोखिममुक्त क्षेत्र (सबै प्रकारका जोखिमहरू नभएको)
- भू-व्यवस्था: राम्रोसँग पानी निकास भएको र केही माथि उठेको भूभाग
- विद्यमान बस्तीको नजिक रहेका  ख र ग का सर्तहरू पूरा गरेको
- सम्बन्धित सरकारी निकायले जारी गरेको निर्देशिका बमोजिम प्रस्तावित सडकको आसपास आवासीय र वाणिज्य क्षेत्रहरूको विकास गरिनेछ ।
- माटोको प्रकार: माटो सर्वेक्षणमा आधारित उच्च जैविक पदार्थ र उच्च कृषि महत्व भएको क्षेत्रमा आवासीय क्षेत्र नबनाउने ।

### ५.६.३ व्यवसायिक क्षेत्र

- प्रस्तावित व्यवसायिक क्षेत्रको मापदण्ड पूरा गर्ने र भविष्यमा हुनसक्ने व्यापार वाणिज्यको विकासलाई मध्यनजर राख्दै आवश्यकता अनुसार सडकबाट ५० मिटर भन्दा परसम्म पनि विस्तार गर्न सकिने
- हालको व्यवसायिक क्षेत्रलाई यथावत रूपमा राख्ने ।
- हालको बस्ती नजिक नयाँ व्यवसायिक क्षेत्र बनाउने ।
- सरकारी संस्थाद्वारा प्रस्तावित स्थानीय प्रशासनिक मुख्यालय वा सम्भावित बजार वा बजार केन्द्रहरू ।

- पुरातात्विक र सांस्कृतिक सम्पदा वा पर्यटन स्थलहरू (सिमसार, वन्यजन्तु वासस्थान र अन्य) को नजिक तर त्यस्ता क्षेत्रहरूको वातावरणीय अखण्डता कायम राख्ने गरि ।
- उच्च जैविक विविधतायुक्त वनजङ्गलबाट टाढा ।

### ५.६.४ औद्योगिक क्षेत्र

- हालको औद्योगिक क्षेत्र उपयुक्त छ भने यथावत रूपमा राख्ने ।
- हालको औद्योगिक क्षेत्रको नजिक (उपयुक्त छ भने मात्र) विद्यमान औद्योगिक क्षेत्रको परिधिबाट ५०० मिटर भित्र
- विद्यमान प्रमुख सडकहरूको नजिक (राजमार्ग र जिल्ला सडकको मध्यभागबाट २५० मिटर भित्र) र आवश्यक सर्तहरू पुरा भएको ।
- उच्च जैविक विविधतायुक्त वनजङ्गलबाट टाढा ।
- विद्यमान बस्तीबाट टाढा (ठूलो बसोबासको परिधिबाट ५०० मिटर भन्दा बढी),
- बाढीबाट जोखिममुक्त क्षेत्र
- प्रस्तावित औद्योगिक क्षेत्रहरू उद्योगहरूको प्रकार/ स्तर /उत्पादन /बजारमा निर्भर छन् । यद्यपि, ती औद्योगिक क्षेत्रहरू जोखिममुक्त र कम उत्पादकत्व भएको क्षेत्रमा निर्माण गर्नुपर्दछ ।

### ५.६.५ खानी तथा खनीज क्षेत्र

- वातावरणीय हिसाबले उपयुक्त र भू-उपयोग ऐन २०७६ र अन्य सम्बन्धित नीतिहरूद्वारा परिभाषित भए अनुसारको हाल मौजुदा रहेको उत्खनन् क्षेत्रहरूलाई यथावत् राख्ने ।
- विज्ञहरूको अध्ययनद्वारा उपयुक्त ठहरिएका क्षेत्रहरू,

### ५.६.६ वन क्षेत्र

- विद्यमान वनक्षेत्र जोगाउने ।
- सम्भव भएसम्म हालको मौजुदा वनजङ्गलहरूको विस्तार गर्ने,
- नदी किनार वरिपरीका वनजङ्गलहरूको संरक्षण गर्ने तथा खोला किनारबाट २० देखि ३० दाँया बाँया हरित क्षेत्रको रुपमा बिकास गर्ने
- त्यस्ता भू-प्रणाली जुन आवास र कृषिको लागि उपयुक्त छैन, त्यसमा वनजङ्गल विकास तथा विस्तार गर्ने ।
- प्रमुख सडकहरूको दुबै छेउमा सडक क्षेत्र (right of way) बाट बाहिर
- सार्वजनिक जमिनहरू (दर्ता नगरिएको भूमि /त्यसै छाडिएका बाढी सम्भावित मैदान)
- उच्च बाढी जोखिम क्षेत्र

### ५.६.७ नदी र ताल क्षेत्र

- भू-उपयोग ऐन २०७६ द्वारा परिभाषित हाल मौजुदा रहेको नदीनाला, तालतलैया तथा पोखरी क्षेत्रहरूलाई कायम राख्ने,

### ५.६.८ सार्वजनिक उपयोग क्षेत्र

- हाल मौजुदा सार्वजनिक क्षेत्रहरूलाई यथावत राखी विस्तार गर्ने,
- उपयुक्त भएसम्म हाल मौजुदा र सम्भावित आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र तथा औद्योगिक क्षेत्रहरूको नजिक,
- सडक सञ्जालको पहुँच भएको (सडकहरूसँग जोडिएको),
- माटोको उर्वराशक्ति कम वा धेरै कम भएको,
- जोखिम-मुक्त क्षेत्रहरू (सबै प्रकारका जोखिमहरू नभएको)

### ५.६.९ सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र

- हाल मौजुदा सांस्कृतिक, धार्मिक, र पुरातात्विक क्षेत्रहरूलाई अक्षुण रूपमा राख्ने ।


## ५.५ उपयोग क्षेत्र नक्सा र तथ्याङ्क अध्यावधिक

नापी विभागले उपलब्ध गराएको यस गाउँपालिकाको भू-उपयोग क्षेत्र नक्शामा कायम देखिएको भू-उपयोग को अवस्थामा बस्ती विकास, सडक विस्तार, सहरीकरण, बसाई सराईको प्रभाव, औद्योगिक ग्रामको व्यावस्था लगायतका मानवीय गतिविधि तथा अन्य प्राकृतिक प्रक्रियाहरुको कारणले गर्दा भू(उपयोग क्षेत्रमा फरक देखिएको कारणले स्थलगत अध्ययन तथा स्थानिय भू-उपयोग परिषद, स्थानिय जनप्रतिनिधी तथा स्थानिय बासिन्दाहरुसँगको छलफल तथा सुझावका आधारमा प्राप्त गरिएका तथ्य तथा जानकारी अनुसार भू-उपयोग क्षेत्र नक्शा तथा तथ्याङ्क अध्यावधिक गरिएको थियो ।

## ५.६ हालको भू-उपयोगको आधारमा प्रस्तावित भू-उपयोग क्षेत्रको अवस्था

उप-खण्ड ८.३ मा उल्लेख गरिएको मापदण्ड अनुसरण गर्दै विभिन्न भू-उपयोग क्षेत्र प्रस्ताव गरिएको छ । तलको तालिकामा प्रस्तावित भू-उपयोग क्षेत्रहरूको तथ्याङ्कहरू प्रस्तुत गरिएको छ । कुल क्षेत्रमध्ये प्रस्तावित कृषि क्षेत्रले २९.१४ वर्ग कि.मी. (३५.८%) ओगटेको छ । यस भू-उपयोग योजनामा कृषि जमिनको एक मुख्य हिस्सा आवासीय क्षेत्र, सार्वजनिक क्षेत्र, व्यावसायिक र औद्योगिक क्षेत्रमा रूपान्तरण गर्ने प्रस्ताव गरिएको छ ।


भू-उपयोग ऐन २०७६ बमोजिम मौजुदा वन क्षेत्र अन्तर्गतको कुनै पनि भू-भाग अन्य प्रयोगको लागि प्रस्ताव गरिएको छैन । प्रस्तावित वन क्षेत्रले ३४.३९ वर्ग कि.मि. क्षेत्र ओगटेको छ । यसैगरी, बढ्दो शहरीकरणलाई ध्यानमा राख्दै आवासीय क्षेत्रका लागि पहाडी इलाकामा १५ डिग्री भन्दा कम भिरालो भएको क्षेत्र प्रस्तावित गरिएको छ भने टार तथा ५ डिग्री सम्मको भिरालो भएको र बाढीको प्रभाव न्यून रहेको क्षेत्र प्रस्तावित गरिएको छ जसको क्षेत्रफल कुल १४.३३ वर्ग कि. मि. हुन आउँछ । हालको आवासीय क्षेत्रको तुलनामा प्रस्तावित क्षेत्र ११.८२ वर्ग कि.मि. बढी हो ।




चित्र नं. १२: गाउँपालिकाको प्रस्तावित भू-उपयोग वर्गीकरण

तालिका नं. २२: विद्यमान भू-उपयोग र प्रस्तावित भू-उपयोग क्षेत्र

| क्र.सं. | भू-उपयोग क्षेत्र | प्रस्तावित | |
|---|---|---|---|
| | | वर्ग कि. मि | प्रतिशत % |
| १ | कृषि क्षेत्र | २९.१४५ | ३५.८% |
| २ | ब्यवसायिक क्षेत्र | ०.०४३ | ०.१% |
| ३ | साँस्कृतिक र पुरातात्विक क्षेत्र | ०.००४ | ०.०% |
| ४ | वन क्षेत्र | ३४.३९९ | ४२.२% |
| ५ | नदी, खोला तथा सिमसार क्षेत्र | ०.२९५ | ०.४% |
| ६ | सार्वजनिक प्रयोग | ३.२३६ | ४.०% |
| ७ | आवासीय क्षेत्र | १४.३३५ | १७.६% |
| ८ | औद्योगिक क्षेत्र | ० | ० |
| ९ | खानी तथा खनिज क्षेत्र | ० | ०% |
| १० | अन्य क्षेत्र | ० | ०% |
| | जम्मा | ८१.४५८ | १००% |




माथिका तथ्याङ्कको आधारमा भविष्यमा यस गाउँपालिकाको भू-उपयोगको १५ वर्षिय परिदृश्यको पूर्वानुमान गर्दै वन, आवास, औद्योगिक र सार्वजनिक तथा खुला क्षेत्रहरूको क्षेत्रफललाई तुलनात्मक रुपमा बृद्धि गरिएको छ । प्रस्तावित साँस्कृतिक र पुरातात्विक क्षेत्रलाई यथावत राखिएको छ । कृषि क्षेत्र भने १२.९२ वर्ग कि.मि.ले कम छ ।

यद्यपि भविष्यमा तीव्र शहरीकरण र अन्य अप्रत्याशित रूपमा विकास भएमा वाणिज्य तथा औद्योगिक क्षेत्रको जमिनको माग प्रस्ताव गरिएको भन्दा बढी हुन पनि सक्छ । त्यो अवस्थामा उपखण्ड ८.४ मा उल्लेख गरिएको मापदण्डले निर्देशन गरेअनुसार औद्योगिक र अन्य प्रयोगको लागि थप क्षेत्रहरू निर्धारण गर्न सकिन्छ । कहिलेकाहीँ बाढी जाने क्षेत्रहरूलाई उपयुक्त भू-क्षय नियन्त्रणका उपायहरू अपनाउँदै भू-क्षय नियन्त्रणमा सहयोगी हुन सक्ने वनस्पतिहरू लगाउनु पर्छ ।


## ५.७ वडागत भू-उपयोग वगीकरणको अवस्था


### प्रस्तावित भू-उपयोग क्षेत्रहरू वडा नं. १

तालिका नं. २३: वडा नं. १ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल

| क्रस | भू-उपयोग क्षेत्र | प्रस्तावित | |
|---|---|---|---|
| | | वर्ग कि.मि. | प्रतिशत % |
| १ | कृषि क्षेत्र | २.८८९ | ३९.७४ |
| २ | व्यवसायिक क्षेत्र | ०.००५४ | ०.०७५ |
| ३ | साँस्कृतिक र पुरातात्विक क्षेत्र | ०.०००६ | ०.००८ |
| ४ | वन क्षेत्र | २.७५२ | ३७.८५ |
| ५ | नदी, खोला तथा सिमसार क्षेत्र | ०.००१ | ०.०२१ |
| ६ | सार्वजनिक प्रयोग | ०.२७३ | ३.७६ |
| ७ | आवासीय क्षेत्र | १.३४७ | १८.५३ |
| ८ | औद्योगिक क्षेत्र | ० | ० |

| क्रस | भू-उपयोग क्षेत्र | प्रस्तावित | |
|---|---|---|---|
| | | वर्ग कि.मि. | प्रतिशत % |
| ९ | खानी तथा खनिज क्षेत्र | ० | ० |
| १० | अन्य क्षेत्र | ० | ० |
| | **जम्मा** | ७.२७० | १०० |




चित्र नं. १३: वडा नं १ को भू(उपयोग वर्गीकरण नक्सा

दार्मा गाउपलिका वडा नं १ को प्रस्तावित भू-उपयोग क्षेत्रहरूलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २४: प्रस्तावित भू-उपयोग क्षेत्रहरू वडा नं. १ का लागि तोकिएका स्थानहरू


| क्र.स. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| **कृषि क्षेत्र** | | | |
| १. | राष्ट्रिय, कबुलियती, धार्मिक तथा वन ऐन तथा नियमावली अनुसार दर्ता गरिएका व्यक्तिगत/निजी वन, सञ्चालन भइरहेका तथा प्रस्ताव गरिएका औद्योगिक क्षेत्र, धार्मिक संस्था तथा सांस्कृतिक क्षेत्रले ओगटेका क्षेत्रहरु, सेवा प्रवाहका सामुदायिक तथा निजी कार्यालयहरुले ओगटेको जग्गा, नदी/खोला, खानी तथा खनिज क्षेत्रले ओगटेका क्षेत्रहरु बाहेकका सबै भू-भागहरु कृषि क्षेत्र । | | २.८८९ |
| **आवासीय क्षेत्र** | | | |
| १. | स्वास्थ कार्यलय जाने बाटो | | १.३४७२ |
| २. | तिलहाल्ने जाने सडक | | |
| ३. | कोट गाउँ जाने बाटो | | |
| ४. | काफल गैरा जाने बाटो | | |
| ५. | वडा कार्यालय जाने बाटो | | |
| ६. | लगायत यस वडा भित्रका सबै बाटोको दुवै तर्फ दायाबाया ५० मि. सम्म आवासीय प्रयोजनको लागि बर्गिकरण गरिएको छ | | |
| **व्यवसायिक क्षेत्र** | | | |
| १. | यस वडा भित्र रहेका बजारिया क्षेत्रहरु जस्तै मैदान कोगाउ, स्याल्गाउ, बिस्टगाउ आदि | | ०.००५४६ |
| **वन तथा चरण क्षेत्र** | | | |
| १. | झपुखोला सामुदायिक वन<br>रानीपानी सामुदायिक वन<br>चौतारी सामुदायिक वन<br>कोटगाउँ सामुदायिक वन<br>झारगाउँ सामुदायिक वन<br>खर्छे पातल सामुदायिक वन<br>झाफुपातल सामुदायिक वन<br>रानीपानी सामुदायिक वनले चर्चेको क्षेत्र | | २.७५२ |
| **नदी, खोला, ताल, सिमसार क्षेत्र** | | | |
| १. | धुवा खोला, बादले खोला, मुलपानी खोला तथा यसले चर्चेको क्षेत्र | | ०.००१५१ |
| **सार्वजनिक उपयोगको क्षेत्र** | | | |
| १. | वडा कार्यालय तथा यसले चर्चेको क्षेत्र | | ०.२७३ |
| २. | प्रहरी चौकी तथा यसले चर्चेको क्षेत्र | | |
| ३. | बालकल्यान मा वि<br>जनकल्यान मा वि<br>दलित जागरण मा वि<br>जनज्योती आ वि तथा यसले चर्चेको क्षेत्र | | |
| ४. | सरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा यसले चर्चेको क्षेत्र | | |
| **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | | | |
| १. | यस वडाभित्र साँस्कृतिक तथा पुरातात्विक तथा यसले चर्चेको क्षेत्र | | ०.०००६ |


## प्रस्तावित भू-उपयोग क्षेत्र वडा नं. २

तालिका नं. २५: वडा नं. २ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल

| क्रस | भू-उपयोग क्षेत्र | प्रस्तावित | |
|---|---|---|---|
| | | वर्ग कि. मि | प्रतिशत % |
| १ | कृषि क्षेत्र | ४.०५० | ३६.४८ |
| २ | व्यवसायिक क्षेत्र | ०.००२ | ०.०१८ |
| ३ | साँस्कृतिक र पुरातात्विक क्षेत्र | ०.००१ | ०.००९ |
| ४ | वन क्षेत्र | ४.१६८ | ३७.५५ |
| ५ | नदी, खोला तथा सिमसार क्षेत्र | ०.०८६ | ०.७८२ |
| ६ | सार्वजनिक प्रयोग | ०.५०५ | ४.५६ |
| ७ | आवासीय क्षेत्र | २.२८७ | २०.६० |
| ८ | औद्योगिक क्षेत्र | ० | ० |
| ९ | खानी तथा खनिज क्षेत्र | ० | ० |
| १० | अन्य क्षेत्र | ० | ० |
| | **जम्मा** | ११.१०२ | १०० |

**वडा नं. २ : प्रस्तावित भू-उपयोग सम्बन्धी विवरण**






चित्र नं. १४: वडा नं २ को भू-उपयोग वर्गीकरण नक्सा

तालिका नं. २६: भू-उपयोग क्षेत्र वडा नं. २ का लागि तोकिएका प्रस्तावित स्थानहरू


| क्र.स. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| **कृषि क्षेत्र** | | | |
| १. | राष्ट्रिय, कबुलियती, धार्मिक तथा वन ऐन तथा नियमावली अनुसार दर्ता गरिएका व्यक्तिगत/निजी वन, सञ्चालन भइरहेका तथा प्रस्ताव गरिएका औद्योगिक क्षेत्र, धार्मिक संस्था तथा सांस्कृतिक क्षेत्रले ओगटेका क्षेत्रहरु, सेवा प्रवाहका सामुदायिक तथा निजी कार्यालयहरुले ओगटेको जग्गा, नदी/खोला, खानी तथा खनिज क्षेत्रले ओगटेका क्षेत्रहरु बाहेकका सबै भू-भागहरु कृषि क्षेत्र । | | ४.०५० |
| **आवास क्षेत्र** | | | |
| १. | सिमल्चौर-मौलेखाली- सिलिङि सडक | | २.२८७ |
| २. | चैते खोला - सिलिङी सडक | | |
| ३. | साङ्टा - पालाखोला - बिस्ट गाउँ सडक | | |
| ४. | भकुन टाकुरी - बजाबाङ - सडक | | |


| क.स. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| ५. | दार्मा - सिलिङी सडक | | |
| ६. | खलटाकुरी - लिगाचौर सडक | | |
| ७. | वखरखोला - चैतेखोला सडक<br>लगायत यस वडा भित्रका सबै बाटोको दुवै तर्फ दायाबाया ५० मि. सम्म आवासीय प्रयोजनको लागि बर्गिकरण गरिएको छ | | |
| **व्यवसायिक क्षेत्र** | | | |
| १. | यस वडा भित्र रहेका बजारिया क्षेत्रहरु | | ०.००२ |
| **वन क्षेत्र** | | | |
| १. | वाजाकोट सामुदायिक वन<br>दाङगा सामुदायिक वन<br>वझाबाङ सामुदायिक वन<br>पाथिखोला सामुदायिक वन<br>सल्ले पोखरी सामुदायिक वन<br>ठुलोभिर सामुदायिक वन<br>देउराली टाकुरा सामुदायिक वन<br>हरियाली लालिगुराँस सामुदायिक वन<br>चाखले सामुदायिक वन<br>कोल डाँडा सामुदायिक वन<br>ठाडा बाटा वन<br>भौलेखाली सामुदायिक वन<br>सान्टा सामुदायिक वन तथा यसले चर्चेको क्षेत्र | | ४.१६८ |
| **नदी, खोला, ताल, सिमसार क्षेत्र** | | | |
| २. | चैतेखोला कुलो, दालागैरा सिमसार, गैराखेत सिमसार, वालुवाखेत सिमसार, बोझ खोला तथा यसले चर्चेको क्षेत्र | | ०.०८६ |
| **सार्वजनिक उपयोगको क्षेत्र** | | | |
| १. | वडा कार्यालय तथा यसले चर्चेको क्षेत्र | | ०.५०५ |
| २. | सरकारी तथा सामुदायिक विद्यालय तथा यसले चर्चेको क्षेत्र | | |
| ३. | सरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा यसले चर्चेको क्षेत्र | | |
| **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | | | |
| १. | झ्यरिवङ च्यान्टाकुरी बझावाङ बराहथान पाजाकोट संरक्षण क्षेत्र र यसले चर्चेको क्षेत्र | | ०.००१ |

## प्रस्तावित भू-उपयोग क्षेत्र वडा नं. ३

तालिका नं. २७: वडा नं. ३ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल

| क्रस | भू-उपयोग क्षेत्र | प्रस्तावित | |
|---|---|---|---|
| | | वर्ग कि. मि | प्रतिशत % |
| १ | कृषि क्षेत्र | ४.१६८ | ३९.०१ |
| २ | व्यवसायिक क्षेत्र | ०.०१६ | ०.१५ |
| ३ | साँस्कृतिक र पुरातात्विक क्षेत्र | ०.०००८ | ०.००७ |
| ४ | वन क्षेत्र | ४.०७८ | ३८.१७ |
| ५ | नदी, खोला तथा सिमसार क्षेत्र | ०.०६७ | ०.६३ |
| ६ | सार्वजनिक क्षेत्र | ०.४१६ | ३.९० |
| ७ | आवासीय क्षेत्र | १.९३७ | १८.१३ |
| ८ | औद्योगिक क्षेत्र | ० | ० |
| ९ | खानी तथा खनिज क्षेत्र | ० | ० |
| १० | अन्य क्षेत्र | ० | ० |
| | **जम्मा** | १०.६८६ | १०० |






चित्र नं. १५: वडा नं ३ को भू-उपयोग वर्गीकरण नक्सा

तालिका नं. २८: भू-उपयोग क्षेत्र वडा नं. ३ का लागि तोकिएका प्रस्तावित स्थानहरू


| क्र.सं. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|
| **कृषि क्षेत्र** | | | |
| १. | राष्ट्रिय, कबुलियती, धार्मिक तथा वन ऐन तथा नियमावली अनुसार दर्ता गरिएका व्यक्तिगत/निजी वन, सञ्चालन भइरहेका तथा प्रस्ताव गरिएका औद्योगिक क्षेत्र, धार्मिक संस्था तथा सांस्कृतिक क्षेत्रले ओगटेका क्षेत्रहरु, सेवा प्रवाहका सामुदायिक तथा निजी कार्यालयहरुले ओगटेको जग्गा, नदी/खोला, खानी तथा खनिज क्षेत्रले ओगटेका क्षेत्रहरु बाहेकका सबै भू-भागहरु कृषि क्षेत्र । | | ४.१६९ |
| **आवास क्षेत्र** | | | |
| १. | फारुला चौर, चम्पु टाजुरा सडक | | १.९३७ |
| २. | फारुलाचौर झ्यामवारि सडक | | |
| ३. | फारुलाचौर - चैतेखोला सडक | | |
| ४. | भातमारे - फारुला चौर सडक | | |
| ५. | बोमखेत - फारुलाचौर सडक | | |


| क्र.सं. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|
| ६. | लगायत यस वडा भित्रका सबै बाटो को दुवै तर्फा दायाबाया ५० मि. सम्म आवासीय प्रयोजनको लागि बर्गिकरण गरिएको छ | | |
| **व्यवसायिक क्षेत्र** | | | |
| १. | यस वडा भित्र रहेका बजारिया क्षेत्रहरु | | ०.०१६३ |
| **वन तथा चरण क्षेत्र** | | | |
| १. | मालिका सामुदायिक वन<br>भिर पोखरी सामुदायिक वन<br>टोट्के सामुदायिक वन<br>गहिरा सामुदायिक वन<br>दाङवन सामुदायिक वन तथा यसले चर्चेको क्षेत्र | | ४.०७८ |
| **नदी, खोला, ताल, सिमसार क्षेत्र** | | | |
| १. | कोबङ खोला | | ०.०६७४ |
| २. | हितानापाखा खोला तथा यसले चर्चेको क्षेत्र | | |
| **सार्वजनिक उपयोगको क्षेत्र** | | | |
| १. | वडा कार्यालय तथा यसले चर्चेको क्षेत्र | | ०.४१६८ |
| २. | दोभान मसान घाट<br>सिलिङी मसान घाट<br>जनज्योति मा वि<br>जन जागरण आ वि<br>लोकतान्त्रिक आवि<br>कालिका आ वि<br>वडा कार्यालय<br>स्वास्थ चौकि<br>बसपार्क फारुला<br>रेडक्रस<br>फारुला क्याम्पस<br>डाँडागाउ चौतारा<br>दुईपिपल चन्पु टाकुरा<br>घारा पिपल चौतारा तथा यसले चर्चेको क्षेत्र | | |
| ३. | सरकारी तथा सामुदायिक विद्यालय तथा यसले चर्चेको क्षेत्र | | |
| ४. | सरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा यसले चर्चेको क्षेत्र | | |
| **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | | | |
| १. | मालिका मन्दिर<br>राजाको दरवार तथा साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र तथा यसले चर्चेको क्षेत्र | | ०.०००८ |

## प्रस्तावित भू-उपयोग क्षेत्र वडा नं. ४

तालिका नं. २९: वडा नं. ४ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल

| क्रस | भू-उपयोग क्षेत्र | प्रस्तावित | |
|---|---|---|---|
| | | वर्ग कि. मि | प्रतिशत % |
| १ | कृषि क्षेत्र | ७.३२२ | ३६.०१ |
| २ | व्यवसायिक क्षेत्र | ०.००९ | ०.०४६ |
| ३ | साँस्कृतिक र पुरातात्विक क्षेत्र | ०.०००२ | ०.०००९ |
| ४ | वन क्षेत्र | ८.३३१ | ४०.९८ |
| ५ | नदी, खोला तथा सिमसार क्षेत्र | ०.०५४ | ०.२७ |
| ६ | सार्वजनिक क्षेत्र | ०.८१२ | ३.९९ |
| ७ | आवासीय क्षेत्र | ३.८०० | १८.६९ |
| ८ | औद्योगिक क्षेत्र | ० | ० |
| ९ | खानी तथा खनिज क्षेत्र | ० | ० |
| १० | अन्य क्षेत्र | ० | ० |
| | **जम्मा** | २०.३३१ | १०० |






चित्र नं. १६: वडा नं ४ को भू-उपयोग वर्गीकरण नक्सा

तालिका नं. ३०: भू-उपयोग क्षेत्र वडा नं. ४ का लागि तोकिएका प्रस्तावित स्थानहरू


| क्र.सं. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| **कृषि क्षेत्र** | | | |
| १. | राष्ट्रिय, कबुलियती, धार्मिक तथा वन ऐन तथा नियमावली अनुसार दर्ता गरिएका व्यक्तिगत/निजी वन, सञ्चालन भइरहेका तथा प्रस्ताव गरिएका औद्योगिक क्षेत्र, धार्मिक संस्था तथा सांस्कृतिक क्षेत्रले ओगटेका क्षेत्रहरु, सेवा प्रवाहका सामुदायिक तथा निजी कार्यालयहरुले ओगटेको जग्गा, नदी/खोला, खानी तथा खनिज क्षेत्रले ओगटेका क्षेत्रहरु बाहेकका सबै भू-भागहरु कृषि क्षेत्र । | | ७.३२२ |
| **आवासीय क्षेत्र** | | | |
| १. | भौलाहाले - भलचौर - रातामाटा सडक | | ३.८०० |
| २. | फारुला - सेतादार - बाघखोर सडक | | |
| ३. | फारुला - तक्मारा - मालिका सडक | | |
| ४. | लाकुरी डाडा - नाउला - रातामाटा सडक | | |
| ५. | रातामाटा - गलात सडक | | |
| ६. | पुखात - रागेडाडा सडक | | |


| क्र.सं. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| ७. | लामाडाडा - पेदिखोला सडक | | |
| ८. | बाघखोर - रागेडाडा सडक | | |
| ९. | कमलपोखरी - सहुरखाली सडक | | |
| १०. | मौलाहाले - रतिखोला पेदि खोला सडक<br>लगायत यस वडा भित्रका सबै बाटो को दुवै तर्फा दायाबाया ५० मि. सम्म आवासीय प्रयोजनको लागि बर्गिकरण गरिएको छ । | | |
| **व्यवसायिक क्षेत्र** | | | |
| १. | यस वडा भित्र रहेका बजारिया क्षेत्रहरु | | ०.००९ |
| **वन क्षेत्र** | | | |
| १. | लालिगुराँस सामुदायिक वन<br>कप्सेरी सामुदायिक वन<br>हिले खोला सामुदायिक वन<br>चिउरे सामुदायिक वन<br>रातामाटा सामुदयिक वन<br>तल्लो कप्सेरी सामुदायिक वन<br>भलचौर सामुदायिक वन तथा यसले चर्चेको क्षेत्र | | ८.३३१ |
| **नदी, खोला, ताल, सिमसार क्षेत्र** | | | |
| १. | सिस्नेरी रति खोला | | ०.०५४७ |
| २. | तिनगैरे सिचाइ कुलो तथा यसले चर्चेको क्षेत्र | | |
| **सार्वजनिक उपयोगको क्षेत्र** | | | |
| १. | वडा कार्यालय तथा यसले चर्चेको क्षेत्र | | ०.८१२१ |
| २. | सरकारी तथा सामुदायिक विद्यालय रातामाटा चौतारी<br>कैनपानी चौतारी<br>रातामाटा चिहान, खालिखोला चिहान<br>कमल आ.वि.<br>जनता आ.वि.<br>कालिका आ.वि.<br>जनशिसु आ.वि.<br>नव सर्वसाधारण मा.वि.<br>ग्यान्कुन्ज प्रा.वि.<br>जनजागरीत आ.वि. तथा चर्चेको क्षेत्र | | |
| ३. | सरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा चर्चेको क्षेत्र | | |
| **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | | | |
| १. | मालिका मन्दिर | | ०.०००२ |
| २. | शिव मन्दिर लगायत यस वडा भित्रका सम्पूर्ण साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र तथा यसले चर्चेको क्षेत्र | | |

## प्रस्तावित भू-उपयोग क्षेत्र वडा नं. ५

तालिका नं. ३१: वडा नं. ५ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल

| क्रस | भू-उपयोग क्षेत्र | प्रस्तावित | |
|---|---|---|---|
| | | वर्ग कि. मि | प्रतिशत % |
| १ | कृषि क्षेत्र | ५.३८९ | २९.३८ |
| २ | व्यवसायिक क्षेत्र | ०.००५ | ०.०२५ |
| ३ | साँस्कृतिक र पुरातात्विक क्षेत्र | ०.०००८ | ०.००४ |
| ४ | वन क्षेत्र | ९.३३३ | ५०.८८ |
| ५ | नदी, खोला तथा सिमसार क्षेत्र | ०.०६३ | ०.३४४ |
| ६ | सार्वजनिक क्षेत्र | ०.७६१ | ४.१४ |
| ७ | आवासीय क्षेत्र | २.७९ | १५.२२ |
| ८ | औद्योगिक क्षेत्र | ० | ० |
| ९ | खानी तथा खनिज क्षेत्र | ० | ० |
| १० | अन्य क्षेत्र | ० | ० |
| | **जम्मा** | १८.३४३ | १०० |






चित्र नं. १७: वडा नं ५ को भू-उपयोग वर्गीकरण नक्सा

तालिका नं. ३२: भू-उपयोग क्षेत्र वडा नं. ५ का लागि तोकिएका प्रस्तावित स्थानहरू


| क्र.सं. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| **कृषि क्षेत्र** | | | |
| १. | राष्ट्रिय, कबुलियती, धार्मिक तथा वन ऐन तथा नियमावली अनुसार दर्ता गरिएका व्यक्तिगत/निजी वन, सञ्चालन भइरहेका तथा प्रस्ताव गरिएका औद्योगिक क्षेत्र, धार्मिक संस्था तथा सास्कृतिक क्षेत्रले ओगटेका क्षेत्रहरु, सेवा प्रवाहका सामुदायिक तथा निजी कार्यालयहरुले ओगटेको जग्गा, नदी/खोला, खानी तथा खनिज क्षेत्रले ओगटेका क्षेत्रहरु बाहेकका सबै भू-भागहरु कृषि क्षेत्र । | | ५.३८९ |
| **आवास क्षेत्र** | | | |
| १. | यस वडा भित्रका सबै बाटो को दुवै तर्फा दायाबाया ५)मि। सम्म आवासीय प्रयोजनको लागि बर्गिकरण गरियको छ | | २.७९ |
| **व्यवसायिक क्षेत्र** | | | |
| १. | यस वडा भित्र रहेका बजारिया क्षेत्रहरु | | ०.००५ |
| **वन क्षेत्र** | | | |
| १. | टिके पातल सामुदायीक वन<br>घाटया धानी सामुदायीक वन | | ९.३३३ |


| क्र.सं. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| | साङताउ सामुदायीक वन<br>बचेला सामुदायीक वन<br>जनबिकास सामुदायीक वन तथा यसले चर्चेको क्षेत्र | | |
| **नदी, खोला, ताल, सिमसार क्षेत्र** | | | |
| १. | पसेला, ताउलेरा, लामिदेवाली, सेरागार, चिसापानी, राउटेबारा, गैरीखेत, तिम्ला चोर,ढाडा खोला, अधरी खोला, जुकेपानी टाकुरा, स्याला पेली खेत, चिसापानी , सोतेरा खोला, छली खोला, सिम खोला<br>सिमसार क्षेत्रहरु सल्लेरी चौर, चिसापानी, ज्यामीरतारा, ठुलास्वारा, सेरागार, घट्टेनी, गैरी, अघेरा खोला दोभान लगायत सम्पूर्ण नदिनाला तथा सिमसार क्षेत्र र तिनले चर्चेको क्षेत्र | | ०.०६३ |
| **सार्वजनिक उपयोगको क्षेत्र** | | | |
| १. | वडा कार्यालय तथा यसले चर्चेको क्षेत्र | | ०.७६१ |
| २. | सरकारी तथा सामुदायिक विद्यालय<br>विश्वेश्वर आधारभुत स्कुल<br>नेपाल राष्टिय मा.वि.<br>अन्धनासक आधारभुत नवचेतना स्कुल सरस्वती प्रा.वि. तथा चर्चेको क्षेत्र | | |
| ३. | सरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा यस्ले चर्चेको क्षेत्र | | |
| **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | | | |
| १. | यस वडा भित्रका सम्पूर्ण साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र तथा यसले चर्चेको क्षेत्र | | ०.०००८ |

## प्रस्तावित भू-उपयोग क्षेत्र वडा नं. ६

तालिका नं. ३३: वडा नं. ६ को भू-उपयोग क्षेत्रले ओगटेको क्षेत्रफल

| क्रस | भू-उपयोग क्षेत्र | प्रस्तावित | |
|---|---|---|---|
| | | वर्ग कि. मि | प्रतिशत % |
| १ | कृषि क्षेत्र | ५.३२४ | ३८.७९ |
| २ | ब्यवसायिक क्षेत्र | ०.००५ | ०.०४० |
| ३ | साँस्कृतिक र पुरातात्विक क्षेत्र | ०.०००६ | ०.००४३ |
| ४ | वन क्षेत्र | ५.७३४ | ४१.७८ |
| ५ | नदी, खोला तथा सिमसार क्षेत्र | ०.०२१ | ०.१५७ |
| ६ | सार्वजनिक क्षेत्र | ०.४६६ | ३.३९ |
| ७ | आवासीय क्षेत्र | २.१७१ | १५.८२ |
| ८ | औद्योगिक क्षेत्र | ० | ० |
| ९ | खानी तथा खनिज क्षेत्र | ० | ० |
| १० | अन्य क्षेत्र | ० | ० |
| | **जम्मा** | १३.७२३ | १०० |




चित्र नं. १८: वडा नं ६ को भू-उपयोग वर्गीकरण नक्सा

तालिका नं. ३४: भू-उपयोग क्षेत्र वडा नं. ६ का लागि तोकिएका प्रस्तावित स्थानहरू

| क्र.सं. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| **कृषि क्षेत्र** | | | |
| १. | राष्ट्रिय, कबुलियती, धार्मिक तथा वन ऐन तथा नियमावली अनुसार दर्ता गरिएका व्यक्तिगत/निजी वन, संचालन भइरहेका तथा प्रस्ताव गरिएका औद्योगिक क्षेत्र, धार्मिक संस्था तथा सांस्कृतिक क्षेत्रले ओगटेका क्षेत्रहरु, सेवा प्रवाहका सामुदायिक तथा निजी कार्यालयहरुले ओगटेको जग्गा, नदी/खोला, खानी तथा खनिज क्षेत्रले ओगटेका क्षेत्रहरु बाहेकका सबै भू-भागहरु कृषि क्षेत्र । | | ५.३२४ |
| **आवासीय क्षेत्र** | | | |
| १. | सीमाखोलि-गोठीवन-भुतिबाङ-पातीहालना - थुम्केसल्ली<br>यस वडा भित्रका सबै बाटोको दुवै तर्फ दायाबाया ५० मि.सम्म आवासीय प्रयोजनको लागि बर्गिकरण गरिएको छ | | २.१७१ |
| २. | सेताढार - वाघखोर - मलिवाङ - फारुला | | |
| ३. | वाघखोर - किमटाकुरा - चिरले | | |
| ४. | पाथिहालना - ज्यमिरेचौर - बाघखोर | | |
| ५. | किमिटाकुरा - वडाचौर | | |
| ६. | गोठीवन - चोरपानि | | |
| ७. | अंगेरेनेटा - ऊमबरे ढुंगा - रंज्यालगाउ | | |
| ८. | भुर्तिबांग - साङ्टा लगायत<br>यस वडा भित्रका सबै बाटोको दुवै तर्फ दाँयाबाँया ५० मि.सम्म आवासीय प्रयोजनको लागि बर्गिकरण गरिएको छ । | | |
| **व्यवसायिक क्षेत्र** | | | |
| १. | यस वडा भित्र रहेका बजारिया क्षेत्रहरु | | ०.००५ |
| **वन तथा चरण क्षेत्र** | | | |
| १. | भुतिबाङ सामुदायिक वन<br>मिरेनि रानवन सामुदायिक वन<br>चिसापानी सामुदायिक वन<br>किमुटाकुरा सामुदायिक वन<br>राष्ट्रियवन वराह चौर<br>तथा यसले चर्चेको क्षेत्र | | ५.७३४ |

| क्र.सं. | विवरण | कैफियत | कुल क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|
| **नदी, खोला, ताल, सिमसार क्षेत्र** | | | |
| १. | रोक्स्याथाना सिचाइ कुलो<br>लामि दवालि खरिकापाखा<br>साङटा स्याला खेत<br>मलीवाङ खोला सिचाइ कुलो तथा यसले चर्चेको जग्गा | | ०.०२१ |
| **सार्वजनिक उपयोगको क्षेत्र** | | | |
| १. | वडा कार्यालय तथा यस्ले चर्चेको क्षेत्र | | ०.४६६ |
| २. | सरकारी तथा सामुदायिक विद्यालय<br>सुर्यदय मा वि<br>सिधार्थ आ वि<br>दिन दिप आ वि<br>लक्ष्मी आ वि तथा यसले चर्चेको क्षेत्र | | |
| ३. | सरकारी तथा सामुदायिक स्वास्थ्य संस्था तथा चर्चेको क्षेत्र | | |
| **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | | | |
| १. | यस वडा भित्र रहेका साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र तथा यसले चर्चेको क्षेत्र | | ०.०००६ |

### ५.७.१ भू-उपयोग क्षेत्रका मुद्दाहरू

भू-उपयोग क्षेत्र वर्गीकरण कार्यान्वयनमा केही महत्वपूर्ण अंतर्निहित मुद्दाहरू छन्। वैज्ञानिक भू-उपयोग वर्गीकरण र कार्यान्वयन भू-उपयोग योजनाको प्रमुख मुद्दा हो। विस्तृत भू-उपयोग ऐन हुँदाहुँदै पनि ऐनको इमान्दार कार्यान्वयन भएको कमै मात्र भेटिन्छ। भू-उपयोग क्षेत्र नक्साङ्कन र वर्गीकरणको कडा कार्यान्वयन र अनुगमनको अभावका कारण उर्वर कृषि भूमिहरू अव्यवस्थित रूपमा गैर कृषि प्रयोगको लागि प्रयोग हुनबाट जोगाउन सकिएको छैन जुन एउटा चुनौतीपूर्ण मुद्दा हो। भू-उपयोग योजना कार्यान्वयनमा व्यक्तिगत जग्गा प्राप्ति अर्को मुख्य अवरोध हो। राजनीतिक नेतृत्व र जग्गा दलालहरू बिचको मिलेमतोले जग्गा प्राप्तिलाई थप चुनौतीपूर्ण बनाएको छ। उच्च तहको सरकारसँगको समन्वयमा स्थानीय सरकारद्वारा प्रभावकारी सुशासन, जनताको सहभागिता र उचित रणनीति तथा नीतिगत उपायहरूको माध्यमबाट यस्ता अवरोधहरू हटाउन आवश्यक छ। यस कार्यको लागि स्थानीय सामाजिक तथा राजनीतिक निकायहरूको सक्रिय सहभागिता पनि उत्तिकै महत्वपूर्ण हुन आउँछ।

भू-उपयोग र कार्यान्वयनका लागि अनाधिकृत जग्गाको प्रयोगलाई नियन्त्रण र निरुत्साहित गर्नु, विकास र वातावरण बिचको सन्तुलन कायम राख्नु, भू-खण्डिकरण नियन्त्रण गर्नु र अव्यवस्थित आवासीय तथा शहरीकरणको विकासलाई नियन्त्रण गर्नु, निर्दिष्ट उदेश्यका लागि गरिएको भू-नक्साङ्कन तथा वर्गीकरण सहीरूपमा कार्यान्वयन गर्नु र सोही अनुरूप प्रयोग भए नभएको अनुगमन गर्दै सुनिश्चित गर्ने जस्ता काम अन्य प्रमुख मुद्दाहरू हुन्। यसैगरी गाउँपालिकामा भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक विज्ञ तथा दक्ष जनशक्ति, पूँजी तथा मानव स्रोतको अभावका कारण भू-उपयोग योजना कार्यान्वयन चुनौतीपूर्ण हुन्छ। यसका लागि प्रादेशिक र सङ्घीय सरकारको सहयोग आवश्यक रहन्छ।

# खण्ड - ६: सबल, कमजोरी, अवसर र चुनौती (SWOT) पक्षको विश्लेषण

SWOT ले सबल पक्ष (Strength), कमजोरी (Weakness), अवसर (Oppurtunities), र चुनौती (Threat) लाई जनाउँछ, जसको प्रयोग वैज्ञानिक र बस्तुपरक योजना निर्माणको लागि योजना लागु हुने क्षेत्रको वस्तुगत अवस्थाको प्राविधिक विश्लेषणका लागि गरिन्छ । यस भू-उपयोग योजनामा दार्मा गाउँपालिकाका आन्तरिक र बाह्य कारकहरूको विश्लेषण निम्न चरणहरूमा गरिएको छ। पहिलो चरणमा स्थानीय व्यक्तिहरूको अनुभव तथा परामर्शको आधारमा यस गाउँपालिकाका सामर्थ्य/सबल पक्षहरू र कमजोर पक्षहरू सूचीबद्ध गरिएको छ भने दोस्रोमा भू-उपयोग योजना निर्माण र कार्यान्वयन गर्दा देखा पर्ने अवसर र चुनौतीहरूको विश्लेषण गरिएको छ। दार्मा गाउँपालिकाको भू-उपयोग योजनाको प्रत्येक विषयगत पक्षको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरूको विश्लेषण गाउँपालिकाका पदाधिकारीहरू, सरोकारवाला स्थानीय बासिन्दा र विज्ञहरूसँगको परामर्श कार्यशाला मार्फत् गरिएको थियो। SWOT विश्लेषणको उद्देश्य भनेको सबल पक्ष र अवसरहरूको फाइदा उठाउदै क्षमता वृद्धि गर्नु तथा कमजोरीहरूलाई कम गरि योजना कार्यान्वयनमा आउन सक्ने चुनौतीहरूको सही समाधान गर्नु हो ।

दार्मा गाउँपालिकाको भू-उपयोग योजना निर्माणका सवल पक्षहरु, कमजोर पक्षहरु, अवसर र चुनौतीहरूलाइ निम्न तालीकामा उल्लेख गरिएको छ

सबल पक्ष (Strength), कमजोरी (Weakness), अवसर (Oppurtunities), र चुनौती (Threat)

| सवल पक्षहरू (Strengths) | कमजोर पक्षहरू (Weakness) | अवसरहरू (Opportunities) | चुनौतीहरू (Threats) |
|---|---|---|---|
| • उर्वर कृषि योग्य जमिन रहेको र खाद्यान्न र तरकारी बाली खेती गर्न उपयुक्त हावापानी तथा बजार भएको<br>• गाँउपालिकाको मध्य भाग हुँदै मध्यपहाडी लोकमार्ग गएको र सहायक राजमार्ग तथा अन्य सडक संजालले गाँउपालिका पुग्न सहज भएको तथा ब्यापार व्यवसाय र विकासको काममा सहज भएको<br>• सामुदायिक वनहरुबाट बन तथा भूसंरक्षण भईरहेको | • कृषिमा आधुनिकरण तालिम तथा तथा उन्नत प्रविधीको अभाव तथा निर्वाहमूखी परम्परागत खेति प्रणालीमा सिमित रहिरहनु<br>• माटोमा सबै पोषक तत्वहरू कमी रहेको<br>• कृषिजमिनको द्रुतुतर रुपमा खण्डीकरण भइरहको<br>• वन फडानी तथा आगलागीको समस्या<br>• अधिकांश सडक कच्ची र मौसमी रहनु तथा पर्यटकीय, धार्मिक, सांस्कृतिक स्थलहरूसम्म | • कृषि बाहेकका अन्य विकल्पहरू न्यून रहेको र कृषिमा पर्याप्त संभावना रहेको<br>• कृषि व्यवसायलाई प्रोत्साहन गर्न विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गर्ने<br>• कृषि व्यवसायलाई सम्मानित, प्रतिफलमुखी र वैज्ञानिक बनाउन संगठित र संस्थागत ढङ्गले विकास गर्ने<br>• सामुदायिक वनसंगको सहकार्यले वन कार्यालयले वन नर्सरी | • जलवायु परिवर्तन ( बाढी पहिरो तथा खडेरी)<br>• कृषि पेशा प्रति युवाहरुको कम चासो<br>• जनसङख्या बृद्धि संगै वन क्षेत्रको अतिक्रमण<br>• जलवायु परिवर्तनका कारण जमिनमुनीको पानीको सतह गहिरिदै गएको<br>• आर्थिक श्रोतको अपर्याप्तता<br>• व्यवस्थित वस्ती विकासका क्षेत्रहरू तोक्नु, भवन संहिताको कार्यान्वयन गरी नक्सा पास अनिवार्य गर्नु, |

| सवल पक्षहरू (Strengths) | कमजोर पक्षहरू (Weakness) | अवसरहरू (Opportunities) | चुनौतीहरू (Threats) |
|---|---|---|---|
| • पर्याप्त जल स्रोतहरू भएको (पोखरी, खोलानाला, खोल्सी , खहरे)<br>• गाउँपीलका भएर जाने मध्य पहाडी राजमार्गले पालिकालाई रणनीतिक महत्वको स्थानहरुसँग जोड्ने ।<br>• देशको राजधानी काठमाण्डौ उपत्यकाको लागि ढुंगा, गिट्टी, बालुवा जस्ता खानीजन्य निर्माण सामाग्री आपूर्ति ।<br>• पालिकाको अधिकांस उद्योग लघु तथा घरेलु स्तरका ।<br>• साँस्कृतिक र धार्मिक, गन्तव्यहरू रहनु र छिमेकी मुलुक भारतबाट नजिक हुनु<br>• भौगोलिक सुन्दरता र मौसमी अनुकूलता विविध जातीय समिश्रण र मौलिक पहिचान तथा धार्मिक महत्व बोकेका धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलको रुपमा लक्ष्मीनारायाण मन्दिर, सन्तोक बौद्ध गुम्बा, गोरखनाथ मन्दिर, शिवालय मन्दिर, कालिका मन्दिर, रन्जिका देवी मन्दिर, हरीकला देवी मन्दिर, सिद्ध गुफा मन्दिर आदि पर्यटक | सडकको पहुँच नहुनु, व्यवस्थित बसपार्कको अभाव हुनु,<br>• औद्योगिक ग्रामको नभएको, जडिवुटी जन्य वस्तु प्रशोधन गर्ने उद्योगको अभाव हुनु,<br>• पर्यटकीय उद्यान तथा स्तरीय पदमार्गको विकास हुन नसक्नु, पर्यटकीय पूर्वाधारको अभाव, पर्यटकीय होटल, होमस्टे आदिको अवस्था कमजोर हुनु, मौलिक संस्कृतिकोक्षय हुँदै जानु, स्थानीय खानपिन भेषभूषा लोप हुँदै जानु, भूकम्पबाट सम्पदाहरूमा क्षति पुग्नु ।<br>• अव्यवस्थ्ति बस्ती विकास तथा सुरक्षित बस्ती तथा आवासको जनचेतनाको कमी भएको<br>• शहरी योजना तर्जुमा र कार्यान्वयन नहुनु, योजना तथा भवन निमार्ण मापदण्ड र संहिताको प्रभावकारी कार्यान्वयन नहुनु,<br>• अपर्याप्त र नाजुक पूर्वाधार<br>• बाढी जोखिम स्थान नजिक वस्तीहरू रहेको | स्थापना तथा वृक्षारोपण कार्य गरी रहेको ।<br>• वन संरक्षण ऐन नीति नियम लागु गर्ने सम्भावना रहेको।<br>• सडक गुरु योजना प्रतिवेदन पारित भएको<br>• मध्यपहाडी राजमार्ग यस पालिका भएर जानु, यातायात पूर्वाधारबाट गाउँपालिकाका सबै वडाकेन्द्र जोडिनु, गाउँपालिका औद्योगिक लगानीमैत्री हुनु, एक गाउँपालिका एक औद्योगिक ग्राम स्थापना गर्ने केन्द्रीय नीति रहनु, विभिन्न जडिवुटी प्रशोधन उद्योगको सम्भावना रहनु, लघु तथा घरेलु उद्योगका लागी आवश्यक कच्चा पदार्थहरू स्थानीय रूपमा उपलब्ध हुनु,<br>• पर्यटकीय स्थलमा सडक सञ्जाल को पहुँच, पर्यटन गुरुयोजना निर्माण गर्ने, विभिन्न स्थानमा होमस्टेको सञ्चालन गर्ने,<br>• शहरी विकासका योजना प्रक्रियामा सम्बद्ध निकाय बिच कार्यगत समन्वय स्थीपित गर्नु | • साविक वस्तीहरूमा आधारभूत पूर्वाधार र सेवा सुविधा पुर्‍याउनु, परम्परागत शैलीका घर तथा वस्तीहरूको मौलिकता संरक्षण गर्नु, परम्परागत घरहरू मर्मत सम्भार गरी प्रवलीकरण गर्ने संस्कारको विकास हुनु<br>• जग्गाको अत्यधिक बिखण्डन तथा बढ्दो मूल्यले उधोग कलकारखाना तथा शहरी पूर्वाधार संरचना बिकासका लागि आवश्यक जग्गा प्राप्त गर्नु<br>• भूमी खण्डीकरण रोक्नु,<br>• अनियन्त्रित सडक निर्माणले भू-क्षय, वन एवं वातावरण विनाश भई बस्तीहरू जोखिममा पर्नु<br>• स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्नु, औद्योगिक उत्पादनको बजार सम्म पहुँच हुनु, युवा पलायन रोक्नु, औद्योगिक ग्राम र औद्योगिक पूर्वाधारको विकास गर्नु, उद्यमशीलताको विकास गर्नु<br>• पर्यटकीय पूर्वाधारको विकास गर्नु, |

| सवल पक्षहरू (Strengths) | कमजोर पक्षहरू (Weakness) | अवसरहरू (Opportunities) | चुनौतीहरू (Threats) |
|---|---|---|---|
| आकषर्णको रुपमा रहेको | • नदी किनार कटान, नदी बग्ने बाटो परिवर्तन, बाढी र डुबान समस्या,<br>• स्थानीय भू-उपयोग योजना र वर्गीकरणको अभाव,<br>• छरिएर रहेका वस्ती<br>• सार्वजनिक तथा खुलाको अभाव क्षेत्र<br>• औद्योगिक क्षेत्र र पुर्वाधारको विकासको कमी | • भवन तथा वस्ती विकास र भवन संहिता निर्माण र कार्यान्वयन गर्ने अधिकार स्थानीय तहमा हुनु, सुरक्षित भवन निर्माण प्रति आम नागरिक र जनप्रतिनिधिहरूको जागरुकता बढ्नु, भवन निर्माण सम्बन्धी प्राविधिक ज्ञान सीप र प्रविधि हस्तान्तरण हुनु<br>• स्थिर राजनीतिक अवस्था,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ र राष्ट्रिय भू-उपयोग ऐन २०७५ लागु भएको<br>• स्थानीय सरकारलाई आवश्यकता अनुसारका विकास योजना र नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने अधिकार भएको<br>• विकासमा भू-उपयोग योजनाको कार्यान्वयन गर्न सकिने अवस्था<br>• प्रशस्तमात्रामा वृक्षरोपण गरी बनको क्षेत्र बढाउने,<br>• खेर गएका खाली जमिनमा सार्वजनिक पार्कहरूको विकास गर्न सकिने | गुणस्तरीय होटल तथा होमस्टे तथा पदमार्गहरूको विकास गर्नु, राजधानीको नजिकमा रहेको क्षेत्रको पर्यटकीय अवसरलाई बाह्य बजारसमक्ष उजागर गर्नु,<br>• कमजोर राजनीतिक प्रतिबद्धता र समुदायको स्वीकृतिको अभाव,<br>• युवा पलायन,<br>• प्रकोप जोखिममा वृद्धि,<br>• अनिश्चित मौसम परिवर्तनको परिदृश्य,<br>• मानव स्वास्थ्यमा प्रभाव,<br>• रासायनिक मलको अत्यधिक प्रयोगका कारण माटोको उर्वर शक्तिमा ह्रास,<br>• स्थानीय बाली प्रजातिहरूको कमी,<br>• भूमि परित्याग,<br>• कृषि विकासमा बाधा,<br>• पर्याप्त लगानीको अभाव । |

# खण्ड - ७: भू-उपयोग योजना

## ७.१ अवधारणा तथा दृष्टिकोण

भू-उपयोग योजना भनेको मूलतः भू-नक्साङ्कन योजना हो जसमा उपलब्ध भू-क्षेत्रहरूलाई वातावरणीय सन्तुलन कायम गर्दै भविष्यमा हुन सक्ने सम्भावित विविध विकासका गतिविधिहरू (आवासीय, कार्यालय, उद्योग, व्यापार व्यवसाय, पूर्वाधार) सञ्चालनका लागि आवश्यक पर्ने क्षेत्रहरूको रूपरेखा कोरिएको हुन्छ। विशेषतः यस्तो योजनामा आगामी निश्चित अवधि (सामान्यतया ५, १५ र ३० वर्ष) का लागि शहरी तथा ग्रामीण क्षेत्रहरूमा आवश्यक पर्न सक्ने भू-उपयोग प्रकारका क्षेत्रहरू अनुमान गरि वर्गीकरण गरिएको हुन्छ र त्यस्ता जमिनहरू अन्य प्रयोजनका लागि अनुमति दिन मिल्ने वा नमिल्ने (जस्तैः हरित उद्यान, पार्क आदि) स्पष्ट उल्लेख गरिएको हुन्छ। यो योजना सामान्यतया भू-उपयोगको नमूनामा आधारित छ जसले योजनाकारहरूलाई विद्यमान नीतिहरूको परिधिमा रही शहरी प्रणालीको भविष्यका अवस्थाहरूमा विचार गर्न मार्गदर्शन गर्छ। यो विशेष गरी ठूला पूर्वाधार निर्माणका क्रममा हुन जाने भू-उपयोगका कारण पर्यावरणीय प्रणालीमा आउन सक्ने प्रभावहरूको पूर्वानुमान गर्नका लागि विशेष उपयोगी हुन्छ।

भू-उपयोग योजनाको आधारमा सम्बन्धित निकायहरूले उपलब्ध भू-भागहरूलाई जग्गाको विशेषताका आधारमा विभिन्न वर्गमा वर्गीकरण गर्न सक्दछ। बस्ती तथा संवेदनशील पूर्वाधारहरू जोखिम क्षेत्रहरू (जस्तै : भू-क्षय, बाढी, र भूकम्प) बाट टाढा राख्नु पर्दछ भने उर्वर कृषि भूमि, सार्वजनिक खुला ठाउँ वा मनोरञ्जनका क्षेत्रहरू अतिक्रमण हुनबाट जोगाउनु पर्छ। जोखिम स्तरको आधारमा विकास निर्माणमा प्रतिवन्ध लगाउन सकिने गरि नीति निर्माण गर्नु पर्दछ (Copons et al., 2004)। केही खास अवस्थाहरूमा, बस्ती तथा पूर्वाधारहरू स्थानान्तरण समेत गर्न सकिन्छ। विशेष गरि विगतमा प्रकोपका कारण धेरै क्षति पुगेको वा उच्च जोखिम क्षेत्रमा अवस्थित विद्यमान बस्तीहरूलाई स्थानान्तरण गर्न सकिन्छ (Corominas, 2007)। त्यस्तै, सांस्कृतिक सम्पदा, पर्यावरणीय र वातावरणीय हिसाबले महत्वपूर्ण क्षेत्रहरूको संरक्षण र विकास गर्नु पर्दछ। यस्ता योजनाहरूले योजनाकारहरूलाई वातावरणीय दिगोपनाको सुनिश्चितता गर्दै सुव्यवस्थित, योजनाबद्ध र जोखिम रहित शहरी क्षेत्र विकास गर्न, आवासीय, बाणिज्य तथा औद्योगिक र सार्वजनिक सुविधाहरूको लागि जग्गा पहिचान गर्न मद्दत गर्दछ।

## ७.२ दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यहरू

### सोचः

कुनै पनि गाउँपालिकाको भू-उपयोग योजना उक्त स्थानको वर्तमान अवस्थाहरू, विगतका ऐतिहासिक घटनाहरूको प्रवृत्ति र भावी लक्ष्यहरूको विश्लेषणमा आधारित हुन्छ। दार्मा गाउँपालिका जस्ता नवगठित पालिकाहरूका लागि आफ्नो दीर्घकालिन सोच निर्धारण गर्नु समग्र पालिकाको लक्ष्य, योजना र कार्यक्रमहरूलाई निर्देशित गर्ने महत्वपूर्ण अवसर हो जसले गाउँपालिकाभित्रका सम्पूर्ण गतिविधिहरूलाई निर्धारित दीर्घकालीन विकासको सोच तर्फ अग्रसर गराउँदछ। यसले विकासको लागि संरचनात्मक मार्गनिर्देशन तयार गर्दै स्थनीय निकायहरूको समग्र विकासको लागि दिशा निर्देश गर्दछ।

योजना निर्माण टोलीले सम्बन्धित व्यक्तिहरूसँगको गहन छलफल र उत्साहपूर्ण सहभागितामूलक प्रक्रियामार्फत स्पष्ट उद्देश्यहरू सहित तल उल्लेख गरे अनुसारको दीर्घकालिन सोच तय गरेको छ।

## सोच (Vision)

**“भूमिको वैज्ञानिक व्यवस्थापन”**

## लक्ष्य (Mission)

**“भूमि र भू-उपयोग प्रणालीलाई दीर्घकालिनहित अनुरुप समृद्धिको संवाहकको रुपमा विकास गर्ने”**

## उद्देश्य (Goal)

दार्मा गाउँपालिकाको दीर्घकालीन लक्ष्य भनेको वैज्ञानिक भू-उपयोग योजनाको माध्यमबाट आगामी १५ वर्षभित्र भू-उपयोग योजनामा वैज्ञानिक र पारम्परिक ज्ञान दुवै लागु गरी वातावरणलाई कुनै बाधा नपुऱ्याई गाउँपालिकाको विकासको प्राकृतिक स्रोतहरुको उपयोग गर्ने । गाउँपालिकाले लिएको भू-उपयोग सम्बन्धि लक्ष्यहरू यसप्रकार छन्:

- व्यवस्थित भू-उपयोग योजनाको कार्यान्वयन मार्फत् उपलब्ध स्रोतहरूको सन्तुलित प्रयोग गरि दिगो विकास हासिल गर्ने ।
- सामाजिक-आर्थिक समृद्धि हासिल गर्ने ।

## उद्देश्यहरू (Objectives)

भू-उपयोग योजनाको समुचित कार्यान्वयन बिना कुनै पनि गाउँपालिकाले कहिल्यै दिगो समृद्धि हासिल गर्न सक्दैन । यसका साथै उपलब्ध प्राकृतिक स्रोतहरूको संरक्षणको साथसाथै तिनीहरूको अधिकतम उपयोग गर्नु अझ महत्वपूर्ण हुन्छ । दार्मा गाउँपालिकाको भू-उपयोग योजनाका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन्:

- वैज्ञानिक भू-उपयोग प्रणाली लागू गरि भूमि स्रोतको विवेकशील प्रयोगको वातावरण सृजना गर्ने,
- विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउने ।
- भूमि व्यवस्थापन सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउने ।
- वातावरणलाई कुनै बाधा नपुऱ्याई गाउँपालिका को विकासको लागि प्राकृतिक स्रोतहरूको उपयोग गर्ने ।
- आर्थिक वृद्धि दरलाई तीव्र बनाउनका लागि कृषिको व्यवसायीकरण गर्ने र युवा पिँढीलाई कृषि क्षेत्रमा आकर्षित गर्ने ।
- जमिन खण्डिकरण तथा बाँझो राख्ने र खाली जमिनको अनुचित प्रयोगलाई नियन्त्रण गर्ने ।
- प्रकोप-सम्भावित र अन्य संवेदनशील क्षेत्रहरूमा मानव गतिविधिहरूमा नियन्त्रण गर्ने ।
- आवश्यकताका आधारमा गाउँपालिका को भू-उपयोग योजनाको नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।
- फसल-केन्द्रित कृषि क्षेत्र वर्गीकरणको लागि माटो परीक्षण तथा भू-उपयोग नक्साङ्कन गर्ने ।

- सार्वजनिक र निजी क्षेत्रहरूलाई समेत समेट्न उनीहरूको भूमिका र जिम्मेवारी सहितको शहरी विकास संयन्त्र स्थापना गर्ने । सार्वजनिक र निजी क्षेत्रहरूको भूमिका बढाउने ।
- प्रमुख पूर्वाधार विकासका लागि सम्बन्धित निकायहरूबीच समन्वय स्थापित गर्नु आवश्यक देखिन्छ । यसको कार्यान्वयनको लागि सर्वेक्षण तथा अध्ययन (सम्भाव्यता अध्ययन, विस्तृत रेखाङ्कन) आदि गर्ने ।
- जनसङ्ख्या, वातावरण र दिगो विकासका लागि सन्तुलित भू-उपयोग कायम राख्ने र कृषि, वन, आवास, औद्योगिक र व्यवसायिक क्षेत्र, जलाधार क्षेत्र, सार्वजनिक प्रयोग तथा खुल्ला क्षेत्र, सांस्कृतिक र पुरातात्विक र अन्य प्रयोजनको लागि जमिनको वर्गीकरण गर्ने ।
- भौगोलिक विशेषता, भू-सामर्थ्यता र माटोको गुणस्तरको आधारमा त्यस्ता क्षेत्रहरू जुन कृषि उत्पादनका साथै आय आर्जनका लागि समेत तुलनात्मक हिसाबले बढी लाभदायी छन् त्यस्ता क्षेत्रहरू जस्तैः फलफूल, उत्पादन, नगदे बाली, जडिबुटी उत्पादन आदिको पहिचान र वर्गीकरण गर्ने ।
- वातावरणीय सन्तुलनलाई मध्यनजर राख्दै व्यवस्थित आवास, सहरीकरण, औद्योगिकीकरण, र अन्य गैर-कृषि उद्देश्यका लागि जग्गा पहिचान र नक्साङ्कन तथा वर्गीकरण गर्ने ।

## ७.३ रणनीतिहरू

सामान्यतया समय-सीमामा बाँधिने भएता पनि कुनै पनि स्थानको दीर्घकालीन सोच आदर्शवादी प्रकृतिको हुनुपर्दछ र यसले रणनीति, योजना, तथा कार्यक्रमहरूलाई विकासको लक्ष्य हासिल गर्ने दिशामा दिशानिर्देश गर्नुपर्दछ । रणनीति भनेको गाउँपालिकाले राखेका विकास लक्ष्यहरू हासिल गर्नका लागि उत्तम मार्ग पहिचान गर्ने काम हो । दार्मा गाउँपालिकाले तोकेका उद्देश्यहरू हासिल गर्नका लागि निम्न रणनीतिहरू अवलम्बन गरिनेछ ।

- भूमिको उत्पादकत्व वृद्धि तथा वातावरणीय संरक्षणका लागि भू-उपयोगसम्बन्धी नीति, एवं मापदण्डको निर्माण गरिनेछ ।
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच सम्बनधी नीति र मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।
- सरकारी जग्गा प्रयोगसम्बन्धी नीतिगत व्यवस्था गरिनेछ ।
- गुठी जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन गर्न नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- छरिएको बस्ती, जोखिमयुक्त बस्ती र अव्यवस्थित बस्तीलाई व्यवस्थित गरिनेछ ।
- जग्गाको खण्डीकरण बाँझो राख्ने प्रवृत्तिलाई नियन्त्रण गर्न भूमि बैंक स्थापना तथा जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ ।

## ७.४ कार्यक्रम - तार्किक ढाँचा विधी (Logical Framework Approach- LFA)

तार्किक ढाँचा विधी (Logical Framework Approach –LFA) मा लक्ष्य, प्रमाणित सूचकहरू, स्रोतहरू र प्रमाणिकरणका साधनहरू समावेश गरिएको हुन्छ । दार्मा गाउँपालिकाको LFA को सूचकहरू तालिका मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३५: तार्किक ढाँचा विधी (Logical Framework Approach- LFA)

| लक्ष्य | वस्तुनिष्ठ रूपमा प्रमाणित सूचकहरू (objectively verifiable indicators) | प्रमाणिकरणका स्रोत तथा माध्यमहरू (Sources and means of verification) | महत्वपूर्ण मान्यता तथा जोखिमहरू |
|---|---|---|---|
| • भू-उपयोग योजना तयार गरी लागु गर्ने,<br>• जोखिम संवेदनशील भू-उपयोग योजना (Risk Sensitive Landuse Plan-RSLP) तयार गर्ने,<br>• भू-नक्साङ्कन तथा वर्गीकरण स्वीकृत गर्ने,<br>• वैज्ञानिक भू-उपयोग योजना तयार गर्ने,<br>• सबै भू-उपयोग क्षेत्रहरूको वैज्ञानिक भू-वर्गीकरण गर्ने,<br>• सबै वडामा भू-उपयोग नक्साङ्कनको जानकारीको प्रचारप्रसार गर्ने,<br>• भू-उपयोग नक्साङ्कन तथा वर्गीकरण अनुमोदन र कार्यान्वयन गर्ने,<br>• नदी कटान हुने क्षेत्रमा हरित मार्ग विकास गर्ने,<br>• भूमिगत पानी संरक्षण गर्ने,<br>• राष्ट्रिय मापदण्ड अनुसारका सडकहरूको निर्माण गर्ने, | • भू-उपयोग योजना (Risk Sensitive Landuse Plan-RSLP) को तयारी तथा कार्यान्वयन<br>• भू-उपयोग नीति उपलब्धता,<br>• भू-उपयोग (कृषि, निर्मित क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, वन, सार्वजनिक जमिन, र अन्य सरकारद्वारा निर्दिष्ट अनुसार) नक्सा,<br>• गाउँपालिका भू-उपयोग परिषद्द्वारा भू-उपयोग योजना स्वीकृत<br>• गाउँपालिकामा भू-उपयोग योजनाको सहज पहुँच<br>• भू-उपयोग नक्साङ्कन तथा वर्गीकरण<br>• गाउँपालिकाका सबै वडाको भू-उपयोग योजनामा सहज पहुँच,<br>• भू-उपयोग नक्साङ्कन तथा वर्गीकरण अनुसार भू-उपयोग<br>• नदी मार्गमा हरियाली,<br>• भूमिगत पानीको बढ्दो उपलब्धता,<br>• नदी किनारा कटान घटेको | • भू-उपयोग नक्सा र नीति,<br>• गाउँपालिका कार्यालयमा कागजातहरूको उपलब्धता,<br>• क्षेत्र अवलोकन,<br>• स्थानीयको जीवनस्तरमा आएको परिवर्तन,<br>• जिल्ला सडक गुरुयोजना (District Road Masterplan-DRM) योजना रिपोर्ट, प्रकोप रिपोर्ट, वातावरण एकाई<br>• आधारभूत र आवधिक सर्वेक्षण,<br>• रोजगारीका अवसरहरू, व्यवसाय, बढेको पर्यटन, मानव गतिशीलता आदिमा आएका सकारात्मक परिवर्तनहरू<br>• आधारभूत सर्वेक्षण,<br>• गाउँपालिकाको आवधिक प्रतिवेदन | • गाउँपालिका सरकारले भू-उपयोग नीति तर्जुमा गर्न र कार्यान्वयन गर्न सक्ने<br>• समुदायको सहभागिता र स्वीकृति,<br>• प्रमुख सरोकारवालाहरू, निजी क्षेत्र लगायत लाइन एजेन्सीहरू भू-उपयोग योजनामा सहभागी हुन इच्छुक,<br>• राजनीतिक स्थिरता,<br>• बजेटको उचित प्रयोग,<br>• आवश्यक मानवीय संसाधन र अन्य पूर्वाधार संसाधनहरूको उपलब्धता<br>• प्रविधिको उपलब्धता,<br>• गम्भीर प्राकृतिक प्रकोप नहुनु,<br>• सरोकारवालाको सक्रिय सहभागिता,<br>• गाउँपालिकाले निरन्तर दीर्घकालीन योजनाको साथ काम गर्ने<br>• योजना र स्रोतहरूको परिचालन विस्तृत योजनाको साथ गरिने<br>• भू-उपयोग रूपान्तरणमा नियन्त्रण<br>• कृषि व्यवसाय सञ्चालन गर्न वा स्थापना गर्नका लागि |

| लक्ष्य | वस्तुनिष्ठ रूपमा प्रमाणित सूचकहरू (objectively verifiable indicators) | प्रमाणिकरणका स्रोत तथा माध्यमहरू (Sources and means of verification) | महत्वपूर्ण मान्यता तथा जोखिमहरू |
|---|---|---|---|
| • पर्यटन गतिविधि बढाउने,<br>• गाउँपालिकामा रोजगारी र प्रतिव्यक्ति आय बढाउने,<br>• प्रभावकारी वन व्यवस्थापन, कृषि वन तथा र वृक्षारोपण गर्ने,<br>• जैविक विविधता संरक्षण र व्यवस्थापन गर्ने । | • वर्षैभरि चालु हुने सडकको विकास,<br>• पर्यटन पूर्वाधार विकास,<br>• पर्यटक र पर्यटन व्यवसायको सङ्ख्या बढेको<br>• गाउँपालिकाको प्रति व्यक्ति आय राष्ट्रिय औसत आयभन्दा दोब्बर,<br>• गाउँपालिकामा बेरोजगारी दरमा उल्लेखनीय कमी आएको,<br>• वन क्षेत्रको विस्तार<br>• वन र जैविक-विविधताको गुणस्तरमा वृद्धि,<br>• बढेको सडक हरियाली, | • गाउँपालिकाको वार्षिक प्रगति विवरण<br>• गाउँपालिकाको जनसाङ्ख्यिकीय सर्वेक्षण | कृषक तथा उद्यमीहरूलाई सहयोग गर्ने सार्वजनिक क्षेत्रको संयन्त्र<br>• आवश्यक पूर्वाधारको उपलब्धता,<br>• उत्पादनहरूको लागि पर्याप्त बजार व्यवस्था<br>• CFUG ढाँचा अन्तर्गत वनक्षेत्रको उपयोग गरिने<br>• वन विभागसँग राम्रो समन्वय<br>• गतिविधिहरूलाई सहयोग पुऱ्याउनका लागि स्रोतहरूको उचित व्यवस्थापन |

तालिका नं. ३६: गतिविधिहरू र अनुमानित लागत

| गतिविधिहरू | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | बजेट स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अल्पकालिन (५-वर्ष) | मध्य-कालिन (१०-वर्ष) | दिर्घ-कालिन (१५ वर्ष) | | स्थानिय सरकार | प्रादेशिक सरकार | संघीय सरकार | निजी र गैरसरकारी संस्था |
| गाउँपालिकाको भू-उपयोग नक्साङ्कनलाई आवधिक रूपमा अद्यावधिक गर्ने | √ | | | १५ | गा.पा. | | | |
| माटो सर्वेक्षण र भू-सामर्थ्यता / उपयुक्तता नक्साङ्कन | √ | | | ५ | गा.पा. | | DoS | |
| विस्तृत बाढी जोखिम सर्वेक्षण र जोखिममा समाधानको उपाय पहिचान | √ | | | १५ | गा.पा. | | PCTMCDDWIDP | |
| एकीकृत बस्ती र पूर्वाधार विकास | √ | √ | √ | ०० | गा.पा. | MoLMAC/DUDBC | MoUD/DUDBC | |
| भू-उपयोग योजनाको पूर्व कार्यान्वयन, | √ | √ | √ | १० | गा.पा. | | | |
| भवन निर्माण मापदण्डको तयारी, | √ | | | ५ | गा.पा. | | | |
| कृषि-वन तथा फलफूल खेतीमा प्रोत्साहन तथा उत्पादन वृद्धि, | √ | √ | √ | ५ | गा.पा. | MoLMAC | MoALD | CGGs/ public-private |
| उत्पादकतामा आधारित एक वडा एक उत्पादन कार्यक्रम प्रवर्द्धन | | | | | | | | साझेदारी |
| उत्पादकत्वमा सुधार तथा कृषिको व्यवसायिकिकरणको प्रवर्द्धन | √ | √ | √ | १०० | | MoLMAC | | निजी क्षेत्र |
| कृषक समूह गठन तथा उनीहरूको क्षमता अभिवृद्धि | √ | √ | √ | ४५ | गा. पा. | | | समुदाय |
| भू-उपयोग नीतिको माध्यमद्यारा खण्डित जमिनको एकीकरण र त्यसको उपयुक्त उपयोग | √ | √ | √ | ५० | गा. पा. | MoLMAC | MoALD | स्थानीय समुदायहरू |

| गतिविधिहरू | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | बजेट स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अल्पकालिन (५-वर्ष) | मध्य-कालिन (१०-वर्ष) | दिर्घ-कालिन (१५ वर्ष) | | स्थानिय सरकार | प्रादेशिक सरकार | संघीय सरकार | निजी र गैरसरकारी संस्था |
| सार्वजनिक जमिनको विकास गरी उचित उपयोग<br>✓ हरियाली र पिकनिक क्षेत्र प्रशोच<br>✓ बजार ठाउँ<br>✓ साप्ताहिक बजारहरू (हाट बजारहरू)<br>✓ औद्योगिक क्षेत्र<br>✓ सार्वजनिक खुला स्थान<br>✓ प्रकोप उद्दार क्षेत्र (Disaster evacuacuation area)<br>✓ पर्यटक गन्तव्य क्षेत्र<br>✓ नर्सरी क्षेत्र<br>✓ मन्दिरहरू तथा मस्जित<br>✓ चिहान व्यबस्थापन<br>✓ पार्किंग<br>✓ खेल मैदान | √ | √ | √ | २५०० | गा. पा. | MoLMAC | MoALD | स्थानीय समुदायहरू |
| बाढी न्युनिकरण | √ | √ | √ | ४०० | गा.पा. | | PCT MCD/DWI DP | NGOs/INGOs |
| माटो संरक्षण योजना | √ | | | ५ | गा.पा. | | DoSC WM | |
| वैज्ञानिक वन व्यवस्थापन | √ | √ | √ | ५ | गा.पा. | | DoF | |
| सार्वजनिक उपयोगिता विकास | √ | √ | √ | १०० | गा.पा. | | | |

# खण्ड - ८: निष्कर्ष र सिफारिसहरू

## ८.१ निष्कर्ष

दार्मा गाउँपालिकाको भू-उपयोग नक्साङ्कन तथा वर्गीकरण योजना भू-उपयोग ऐन २०७६ को आधारमा गरिएको छ र यसले गाउँपालिकाको दीर्घकालिन सोच हासिल गर्ने उद्देश्यका साथ यहाँको जमिनलाई विभिन्न क्षेत्र र उप-क्षेत्रहरूमा वर्गीकरण गरेको छ। यस अध्ययनमा स्थानिक तथ्याङ्कहरू सङ्कलन तथा विश्लेषण गरि आवश्यक भू-उपयोग क्षेत्र वर्गीकरण सहितको योजना तर्जुमा गर्नको लागि Remote sensing and GIS प्रविधिको प्रयोग गरिएको छ। Remote sensing बाट प्राप्त तस्विरहरू (Images) लाइ विस्तृत स्थलगत भ्रमणमार्फत् प्रमाणीकरण गरि भू-उपयोगका लागि आवश्यक अन्तिम तथ्याङ्कहरू तयार गरिएको हो। त्यसैले भू-उपयोग वर्गमा शुद्धता छ। यस अध्ययन अनुसार विगत २० वर्षमा दार्मा गाउँपालिका भर भू-उपयोगका प्रकारहरूमा खासै उल्लेखनीय परिवर्तन भएको देखिदैन। फलस्वरुप वन क्षेत्रले गाउँपालिकाको जमिनको सर्वाधिक प्रतिशत भाग ओगटेको छ। माटोको उर्वरता, स्थलाकृति, भु-क्षय संवेदनशीलता, र जल निकासी मापदण्डमा आधारित रही भू-सामर्थ्यता मूल्याङ्कन गरिएको छ। उच्चक्रम वर्गीकरण (Highest order classification) अनुसार दार्मा गाउँपालिकामा मुख्यतया ७ भू-क्षमता प्रकारहरू: क्षमता वर्ग १ देखि ४ (Class I , II, III,IV,V) विद्यमान देखिन्छन्। क्षमता वर्ग १ मा (भू-स्वरूप एकाई १क र १घ) भिरालो रहित (भिरालोपन १ डिग्री) र माटोको गहिराई धेरै भएको जमिन पर्दछ। यस वर्गमा पर्ने जमिनमा सिँचाइको सुविधा हुनुका साथै यस्तो जमिन विभिन्न बालीनाली, जस्तैः अन्न बाली, नगदे बाली र तरकारी बाली उत्पादनका लागि उपयुक्त मानिन्छ। माटोको अभाव र जल निकासको समस्या देखिएको यस वर्गमा पर्ने क्षेत्रहरूमा सहि भूमि तथा माटो व्यवस्थापन अभ्यास मार्फत् माटोको अभाव र जल निकासको सही सम्बोधन गर्नु आवश्यक छ। भू-क्षमता वर्ग ५ अन्तर्गत पर्ने क्षेत्रहरूमा गम्भीर बाढीको सम्भावना रहन्छ। तसर्थ, त्यस्ता क्षेत्रहरूमा बाढी न्यूनीकरणका विविध उपायहरू अवलम्बन गरि नदीजन्य वनस्पतिहरू लगाई भू-उपयोग गर्न सिफारिस गरिएको छ।

मौजुदा भू-उपयोग तथ्याङ्क भूमि व्यवस्था, भू-सामर्थ्यता, बाढी जोखिम नक्सा, सडक तथा पूर्वाधारका साथै गाउँपालिकाका जनप्रतिनिधिहरू, विज्ञ सल्लाहकार, सरोकारवाला स्थानीयवासीहरूबाट प्राप्त सल्लाह, सुझावहरूलाई एकिकृत गरी त्यसैका आधारमा भू-उपयोग नक्साङ्कन तथा वर्गीकरण प्रणाली विकास गरिएको छ। यसको मुख्य उद्देश्य भनेको जमिन खण्डिकरण, अव्यवस्थित शहरीकरण र सार्वजनिक वा सरकारी जग्गा माथीको अतिक्रमण नियन्त्रण गर्नु हो। योजनाकार, सरोकारवाला तथा नीति निर्माताहरूको आपसी छलफल र सहमतीमा योजना निर्माण गरी यी उद्देश्यहरू हासिल गर्न सकिन्छ। तसर्थ, यी तथ्याङ्कलाई वैज्ञानिक भू-उपयोग नक्साङ्कन तथा वर्गीकरण मार्फत् गाउँपालिकाको दिगो, न्यायसङ्गत तथा आर्थिक विकासमा उपयोग गर्नुका साथै साथै दिगो भूमि विकासको योजना बनाउन, विश्लेषण गर्न र आवश्यक निर्णय लिन प्रयोग गर्न सकिन्छ।

यस अध्ययनले योजना अनुसार संरचना निर्माण तथा विकासका लागि थप लगानी गर्न आवश्यक रहेको तर्फ सङ्केत गर्दछ। गाउँपालिकामा सहरी पूर्वाधार विकासमा पर्याप्त लगानीको आवश्यकता रहेको कुरा SWOT विश्लेषणले समेत स्पष्ट पार्दछ। यस योजनाले ग्रामीण सञ्जाल (Rural Road Networks), यातायात, सामाजिक पूर्वाधार, र आर्थिक वृद्धिका लागि भौतिक पूर्वाधार र विपद् व्यवस्थापनमा तत्काल लगानीको

आवश्यकतालाई दर्शाउँछ। यस अध्ययनमा नयाँ संस्थागत संरचना अन्तर्गत स्थापना भएको शक्तिशाली स्थानीय सरकारले गाउँपालिकाको विभिन्न भू-उपयोगसँग सम्बन्धित योजनाहरूमा लगानी गर्न सक्नेछ भन्ने आशा गरिएको छ। यद्यपि गाउँपालिकाको सिमित आर्थिक क्षमताका कारण प्रस्तावित सबै योजना कार्यान्वयन गर्न चुनौती सामना गर्नुपर्ने देखिन्छ। तसर्थ, गाउँपालिकाले आफ्नो आन्तरिक आम्दानीका अलावा बैकल्पिक वित्तीय श्रोतहरू जस्तैः सङ्घीय र प्रादेशिक सरकार, सम्बन्धित मन्त्रालय तथा विभागहरू, दातृ निकायहरू, अन्तर्राष्ट्रिय विकास साझेदार तथा अन्य सम्भावित श्रोतहरू मार्फत् आवश्यक बजेट व्यवस्था गर्न पहल गर्नु पर्ने देखिन्छ।

## ८.२ सुझाव

स्थानीय तह मार्फत नापी विभागले उपलब्ध गराएको कित्ता नापी नक्शामा कायम रहेका कित्ता जग्गाहरुमध्ये भू-उपयोग नियमावली, २०७० को व्यवस्था अनुसार कित्ताकाटका लागि आवश्यक न्युनतम क्षेत्रफल भन्दा बढि क्षेत्रफल भएका कित्ता जग्गाहरु भू-उपयोग क्षेत्र वर्गीकरणको कार्य प्रारम्भ भएपछि पनि किनबेच भएका छन् भने त्यस्ता कित्ताहरुमा जग्गा धनीको नाम फरक पर्न सक्ने भएको हुनाले त्यस्ता जग्गाहरुको लागि सिफारिश माग भएमा गाउँपालिकाले पुनः अद्यावधिक गरेर मात्र सिफरिश गर्नुपर्ने छ। यस गाउँपालिकाको भू-उपयोग क्षेत्र नक्शामा गाउँपालिका तथा केही वडाहरुको सिमाना नमिलेको हुनाले पालिका तथा वडाहरुको सिमाना प्रक्रियागत हिसाबले अद्यावधिक गर्नुपर्ने देखिन्छ। भू-उपयोग नियमावलीको व्यवस्था र स्थानीय आवश्यकताको आधारमा निर्धारण गरिएको मापदण्ड अनुसार सडकको दाँया बाँया सडक सँग जोडिएका कित्ताहरुको हकमा ५०% भन्दा बढि क्षेत्रफल कृषि क्षेत्रमा पर्ने भएतापनि हाल आवासीय क्षेत्रमा राखिएकोले भविष्यमा स्थानीय तहले कित्ताकाटका लागि सिफारिश गर्दा सडकसँग जोडिएको क्षेत्रलाई आवासीय क्षेत्रमा र आवासीय क्षेत्रको मापदण्ड भन्दा बाहिरको क्षेत्रलाई कृषि क्षेत्रको मापदण्ड अनुसार सिफारिश गर्नु वाञ्छनीय देखिन्छ। नापी विभागबाट उपलब्ध यस गाउँपालिकाको कित्ता नापी नक्शामा केही कित्ता जग्गाहरुको कित्ता नम्बर अस्पष्ट तथा मिल्दो क्रममा नदेखिएका कित्ता जग्गाहरुलाई अद्यावधिक गरेर मात्रै सिफारिश गर्न उपयुक्त हुन्छ। भूमिको उचित व्यवस्थापनका लागि भू-उपयोग क्षेत्र वर्गीकरणको अध्ययन पश्चात प्राप्त यस प्रतिवेदन तथा वास्तविक तथ्यहरको आधारमा भू-उपयोग ऐन तथा नियमावलीको उद्धेश्य अनुरुप गाउँपालिकाले भू-उपयोग योजना तर्जुमा गरि कार्यान्वयन गर्नु आवश्यक देखिन्छ। अव्यवस्थित बसाई सराई, बढदो शहरीकरण, व्यावसायिकरण र सडकहरुको विस्तार जस्ता कारणहरुले कृषि भूमि घट्दै गइरहेको यर्थाथलाई मध्यनजर गरि जनसङख्या नियन्त्रण, व्यवस्थित बसाई सराई र शहरीकरणलाई उचित व्यवस्थापन गर्नु अपरिहार्य देखिन्छ।

## ८.३ सिफारिसहरू

गाउँपालिकाद्वारा भविष्यको भू-उपयोग योजनाको लागि निम्न सिफारिसहरू गरिएको छ।

- भू-उपयोग योजनामा वैज्ञानिक र पारम्परिक ज्ञान दुवै लागु गर्ने।
- वातावरणलाई कुनै बाधा नपुर्‍याई गाउँपालिकाको विकासको लागि प्राकृतिक स्रोतहरूको उपयोग गर्ने।
- आर्थिक वृद्धि दरलाई तीव्र बनाउनका लागि कृषिको व्यवसायीकरण गर्ने र युवा पिँढीलाई कृषि क्षेत्रमा आकर्षित गर्ने।
- जमिन खण्डिकरण तथा बाँझो राख्ने र खाली जमिनको अनुचित प्रयोगलाई नियन्त्रण गर्ने।

- प्रकोप-सम्भावित र अन्य संवेदनशील क्षेत्रहरूमा मानव गतिविधिहरूमा नियन्त्रण गर्ने ।
- आवश्यकताका आधारमा गाउँपालिकाको भू-उपयोग योजनाको नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।
- फसल-केन्द्रित कृषि क्षेत्र वर्गीकरणको लागि माटो परीक्षण तथा भू-उपयोग नक्साङ्कन गर्ने ।
- सार्वजनिक र निजी क्षेत्रहरूलाई समेत समेट्न उनीहरूको भूमिका र जिम्मेवारी सहितको शहरी विकास संयन्त्र स्थापना गर्ने । सार्वजनिक र निजी क्षेत्रहरूको भूमिका बढाउने ।
- प्रमुख पूर्वाधार विकासका लागि सम्बन्धित निकायहरूबीच समन्वय स्थापित गर्नु आवश्यक देखिन्छ । यसको कार्यान्वयनको लागि सर्वेक्षण तथा अध्ययन (सम्भाव्यता अध्ययन, विस्तृत रेखाङ्कन) आदि गर्ने ।
- जनसङ्ख्या, वातावरण र दिगो विकासका लागि सन्तुलित भू-उपयोग कायम राख्ने र कृषि, वन, आवास, औद्योगिक र व्यवसायिक क्षेत्र, जलाधार क्षेत्र, सार्वजनिक प्रयोग तथा खुल्ला क्षेत्र, सांस्कृतिक र पुरातात्विक र अन्य प्रयोजनको लागि जमिनको वर्गीकरण गर्ने ।
- भौगोलिक विशेषता, भू-सामर्थ्यता र माटोको गुणस्तरको आधारमा त्यस्ता क्षेत्रहरू जुन कृषि उत्पादनका साथै आय आर्जनका लागि समेत तुलनात्मक हिसाबले बढी लाभदायी छन् त्यस्ता क्षेत्रहरू जस्तैः फलफूल, उत्पादन, नगदे बाली, जडिबुटी उत्पादन आदिको पहिचान र वर्गीकरण गर्ने ।
- वातावरणीय सन्तुलनलाई मध्यनजर राख्दै व्यवस्थित आवास, सहरीकरण, औद्योगिकीकरण, र अन्य गैर-कृषि उद्देश्यका लागि जग्गा पहिचान र नक्साङ्कन तथा वर्गीकरण गर्ने ।
- सङ्क्रमण क्षेत्रमा रहेका मुख्य वस्तीहरू पहिचान त्यस्ता क्षेत्रहरूलाई योजनाबद्ध र वातावरणीय हिसाबले न्यायपुर्ण तरिकामा विकास गर्ने ।

# सन्दर्भ सामग्रीहरू


- सहभागितामूलक भू-उपयोग योजना तर्जुमासम्बन्धी स्रोत सामग्री, नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरवार, काठमाण्डौं ।
- भू-उपयोग नीति, २०७२ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
- राष्ट्रिय भूमि नीति, २०७५ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
- भू-उपयोग ऐन, २०७६ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
- नेपालको पन्ध्रौ योजना (२०७६/०७७-२०८०/०८१) राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौं
- भू-उपयोग योजना, २०७० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।

# अनुसूचीहरू

## अनुसूची १: वडास्तरीय बैठकको बैठक पुस्तिका

आज मिति २०८१-२-८ गते दार्मा गाउँपालिका ~~वडा नं.~~ ............... का ~~वडाध्यक्ष~~ पालिका अध्यक्ष श्री निम बहादुर के.सी. को अध्यक्षतामा वडा कार्यालयमा वडाका जनप्रतिनिधिहरू लगायत अन्य सरोकारवालाको उपस्थितिमा गाउँपालिकाको भू-उपयोग योजना (Land Use Plan) निर्माणका लागि छलफल गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | निम बहादुर के.सी | पालिका अध्यक्ष | ९८४८८२२८३८ | [illegible] |
| २ | गुना मल्ल थापा | पालिका उपाध्यक्ष | ९८४६९८४९०९ | [illegible] |
| ३ | टंक बहादुर बुढी | दार्मा वडा नं १ | | |
| ४ | साके खत्री | दार्मा २ अध्यक्ष | 9868285370 | [illegible] |
| ५ | पोरवर बहादुर खत्री | दार्मा ३ अध्यक्ष | 9741266954 | [illegible] |
| ६ | चन्द्र बहादुर रावत | दार्मा ४ | 9749281295 | [illegible] |
| ७ | सुशिल केसी | दार्मा ५ | 9822837169 | [illegible] |
| ८ | पुष्पा बली मगर | दार्मा-२ कार्यपालिका सदस्य | 98631180 77 | [illegible] |
| ९ | रेवति कुमारी खत्री | दार्मा-४ " | 9809767577 | रेवति |
| १० | लाल बहादुर सुनार | दार्मा २ कार्यपालिका | ९८२३५८६७९८६ | [illegible] |
| ११ | हिरा खड्का | दार्मा २ का.प्र. | ९८०९८२३५४० | [illegible] |
| १२ | रूपा चन्द मल्ल | दार्मा ६ कार्यपालिका | ९८६४३६३७९८ | [illegible] |
| १३ | धनिराम नेपाली | दार्मा ६ कार्यपालिका सदस्य | ९८२३५०१५२३ | [illegible] |
| १४ | देवि खत्री | दार्मा ६ वडा अध्यक्ष | ९८०९८३३१२१ | [illegible] |
| १५ | माधव के.सी. | ~~दार्मा ३~~ कार्यपालिका | ९८४६८५६६५६ | [illegible] |
| १६ | रेशम ओली | प्रे.प्र.मु. | ९८५८८४४५४ | [illegible] |
| १७ | राज पोख्रेल | फिल्ड संयोजक | ९८६६१८०७१८ | [illegible] |
| १८ | गोकर्ण रिजाल | परामर्शदाता | 9851181164 | [illegible] |
| १९ | प्रकाश पाण्डेय | इन्जिनीयर | 9847664734 | [illegible] |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |

आज मिति २०८१-२-११ गते दार्मा गाउँपालिका वडा नं. १ का वडाध्यक्ष श्री टंक बहादुर वली को अध्यक्षतामा वडा कार्यालयमा वडाका जनप्रतिनिधिहरू लगायत अन्य सरोकारवालाको उपस्थितिमा गाउँपालिकाको भू-उपयोग योजना (Land Use Plan) निर्माणका लागि छलफल गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

उपस्थिति

| क.सं. | नाम | पद | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | टंक बहादुर वली | वडाअध्यक्ष | 9809820889 | [signature] |
| २ | शंकर बुढा | वडा सदस्य | 9803034435 | [signature] |
| ३ | रामचन्द्र शर्मा | समाजसेवी | ९८६३२९६०९९ | [signature] |
| ४ | सेतीराम वली | " | ९८२६२८६२६९ | सेतीराम |
| ५ | मान बहादुर वली | " | ९८०२८००७९४ | मान |
| ६ | गणेश डंगी | " | ९८०९६००८३९ | [signature] |
| ७ | अर्जुन वि.क. | शिक्षक | ९८२२८२९६२२ | [signature] |
| ८ | कर्ण के. धमाल | समाजसेवी | ९८२२८९६६४६ | [signature] |
| ९ | नबिन वलि | वास्त L.R.P. | ९८९२८३९६४८ | [signature] |
| १० | खिम राज सुनार | Doctor | ९८९०७८१५२६ | Khimraj |
| ११ | प्रकाश पाण्डेय | इन्जिनियर | 9847664734 | Prakash Pandey |
| १२ | Raj Pokhrel | Field coordinator | 9866180718 | [signature] |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |

आज मिति २०७९-२-१९......... गते दार्मा गाउँपालिका वडा नं. २............ का वडाध्यक्ष श्री ....सार्कु खत्री........................................ को अध्यक्षतामा वडा कार्यालयमा वडाका जनप्रतिनिधिहरू लगायत अन्य सरोकारवालाको उपस्थितिमा गाउँपालिकाको भू-उपयोग योजना (Land Use Plan) निर्माणका लागि छलफल गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | सार्कु खत्री | वडाअध्यक्ष | | [illegible] |
| २ | तेजी कामी | वडा सदस्य | | तेजी |
| ३ | कलिवान कामी | '' | | कामी |
| ४ | भद्र कामी | '' | | भद्र कामी |
| ५ | पुष्पाञ्जली मगर | '' | | [illegible] |
| ६ | टेक बहादुर वि.क. | | | [illegible] |
| ७ | लोक बहादुर के.सी. | अ.स.ई. | ९७४८५६६६७० | [illegible] |
| ८ | पदम बहादुर नेपाली | का.स. | ९८२२८६३८३० | [illegible] |
| ९ | प्रकाश पाण्डेय | Engineer | 9847664734 | Prakash Pandey |
| १० | राज परियार | कार्यालय सहयोगी | 9866180718 | [illegible] |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |

आज मिति २०७५-२-१० गते दार्मा गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष श्री पोरवा बहादुर खत्री को अध्यक्षतामा वडा कार्यालयमा वडाका जनप्रतिनिधिहरू लगायत अन्य सरोकारवालाको उपस्थितिमा गाउँपालिकाको भू-उपयोग योजना (Land Use Plan) निर्माणका लागि छलफल गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

उपस्थिति

| क.सं. | नाम | पद | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | पोरवा ब. खत्री | वडा अध्यक्ष | ९८४८८२६६[illegible] | [signature] |
| २ | राम पोखरेल | कार्यक्रम संयोजक | ९८६६९८०७९८ | [signature] |
| ३ | प्रकाश पाण्डे | Engineer | | [signature] |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |

आज मिति २०८१-१-१० गते दार्मा गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष श्री चन्द्र ब. रावत को अध्यक्षतामा वडा कार्यालयमा वडाका जनप्रतिनिधिहरू लगायत अन्य सरोकारवालाको उपस्थितिमा गाउँपालिकाको भू-उपयोग योजना (Land Use Plan) निर्माणका लागि छलफल गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | चन्द्र ब. रावत | वडा अध्यक्ष | [illegible] | [signature] |
| २ | राम पोखरेल | | [illegible] | [signature] |
| ३ | प्रकाश पाण्डे | | | [signature] |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |

आज मिति २०७९-२-१४ गते दार्मा गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष श्री सुदिप के.सी को अध्यक्षतामा वडा कार्यालयमा वडाका जनप्रतिनिधिहरू लगायत अन्य सरोकारवालाको उपस्थितिमा गाउँपालिकाको भू-उपयोग योजना (Land Use Plan) निर्माणका लागि छलफल गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | सुदिप के.सी | वडा अध्यक्ष | 9822837169 | [signature] |
| २ | मौसी का खड्का | | 9749279444 | [signature] |
| ३ | राम पोखरेल | Field coordinator | 9866180718 | [signature] |
| ४ | प्रकाश पाण्डेय | इन्जिनीयर | 9847664734 | [signature] |
| ५ | निर्मला श्री खड्का | | 9822895634 | निर्मला |
| ६ | निर्मला महर | | 9826590471 | [signature] |
| ७ | गिता महर | | 9806231247 | गिता |
| ८ | गोपाल वि.क. | | 9809558081 | [signature] |
| ९ | हिरा थापा | | 9822856323 | [signature] |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |

आज मिति २०७९-२-१२ गते दार्मा गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष श्री देवि खत्री को अध्यक्षतामा वडा कार्यालयमा वडाका जनप्रतिनिधिहरू लगायत अन्य सरोकारवालाको उपस्थितिमा गाउँपालिकाको भू-उपयोग योजना (Land Use Plan) निर्माणका लागि छलफल गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | मोबाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | देवी खत्री | वडाअध्यक्ष | 9805853925 | [signature] |
| २ | तुल बहादुर बलोन | वडा सदस्य | 9829875524 | [signature] |
| ३ | प्रकाश पाण्डेय | इन्जिनियर | 9847614734 | Prakash Pandeya |
| ४ | राज पोखरेल | Field coordinator | 9866180718 | [signature] |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |

## अनुसुची २: वडा स्तर बैठकको केही झलक (तस्विरहरू)






ERKE



## अनुसुची ३: मस्यौदा प्रतिवेदन माथि छलफलका तस्बीरहरू








दार्मा गाउँपालिकाको भूमी वर्गिकरण
सम्बन्धि कार्यक्रम